# परिच्छेद एक

# शोधपरिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **क्षेत्रप्रताप अधिकारीको गीतिकारिता** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनार्थ गरिएको छ ।

## १.३ विषय परिचय

वि. सं. १९९९ चैत्र महिनामा तनहुँको ज्यामरुक बयापानीमा निम्नमध्यमवर्गीय कृषक परिवारमा जन्मिएका क्षेत्रप्रताप अधिकारीले आफ्नो प्राथमिक शिक्षाको समाप्ति लगत्तै २०१५ सालमा काठमाण्डौं प्रवेश गरी जागिरे जीवन र विद्यार्थी जीवन सँग-सँगै अघि बढाई सुरुका दिनमा अत्यन्त कष्टपूर्ण जीवनयापन गर्नुपरेको थियो । उनले आफ्नो मेहनत र परिश्रमले पारिवारको आर्थिक अवस्थामा निकै सुधार ल्याउन सफल भए । उनले वि. सं. २०१६ मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको निधन भएको सन्दर्भमा *जानुभयो देवकोटा कवि नेपालीलाई टुहुरो पारेर* शीर्षकको पर्चागीत छापेर आफ्नो गीतियात्रा प्रारम्भ गरेका हुन् । अधिकारीको २०२४ सालमा प्रकाशित **रहर लागेर** नामक सङ्ग्रहमा प्रकाशित देश-भक्तिका पाँचवटा गीतहरू उनको गीतियात्राको प्रारम्भिक चरणको प्रतिनिधित्त्व गर्ने खालका छन् । आफ्नो गीतियात्रालाई निरन्तरता दिने क्रममा उनको हालसम्म **रहर लागेर** (२०२४)**,** **गामबेसीका गीत** (२०३४), **पहाडदेखी पहाडसम्म** (२०४१), **म त लालीगुराँस भएछु** (२०४२), **नफुलेका फूलहरू** (२०५३), **फेरि एउटा परिवर्तन** (२०५५), **तर देश हारिरहेछ** (२०५७), **अकविता** (२०५८) र **युद्धका छायाँ** (२०६४) जस्ता गीति-कविता सङग्रहहरू प्राकाशित भइसकेका छन् । उनका गीतहरू नेपालका ख्यातीप्राप्त गायक गायिकाहरूद्वारा लयवद्ध पनि गरिएका छन् । कयौं चर्चित गायक गायिकाका गीति क्यासेटहरूको शोभा बन्न पुगेका उनका गीतहरू मध्यम, उच्च मध्यम हुँदै उच्च स्तरसमेतका रहेका छन् । सयौं गीत

रचना गरिसकेर अझै पनि रचनायात्रामा निरन्तर लागिपरेका अधिकारीले २०२४ सालमा आयोजित राष्ट्रव्यापी कविता प्रतियोगितामा तृतीय स्थानका साथै श्री ५ महेन्द्रबाट नगद रु ५००।– तथा प्रमाणपत्र, २०५३ सालमा *साझा पुरस्कार* र २०५३ सालमै *छिन्नलता गीति पुरस्कार* र २०६५ सालमा **हिट्स एफ्. एम्. म्युजिक अवार्ड** मा *सर्वश्रेष्ठ गीतकार*को पुरस्कार प्राप्त गरेका थिए भने सबैभन्दा ठूलो सम्मानका रूपमा उनी आज हर नेपालीको गलागलामा बसेका छन् , दैलो दैलोमा बजेका छन् , गुञ्जिएका छन् ।

नेपाली गीतिक्षेत्रका एक प्रसिद्ध गीतकार अधिकारी वि. सं. २०१६ देखि हालसम्म अनवरत रूपमा साहित्यिक क्षेत्रमा लागिपरेका छन् । यस क्रममा आफ्नो गीतियात्रालाई क्रमशः परिमार्जित र सशक्त बनाउँदै अघि बढिरहेका अधिकारीका रचनाका मूख्यभाव वा विचार उनकै अनुभूतिको मूलमर्मलाई बोकी व्यक्त भएका छन् । सरल, सहज, प्रसादमय र स्वाभाविक कथ्यस्तरको भाषा प्रयोग गरी गीत रचना गर्ने अधिकारीका प्रायः गीत चौध तथा सोह्र अक्षरको लयविधान अङ्गालेर आठ हरफदेखि पैंतीस हरफसम्मका रहेका छन् । मिश्रित तथा अन्य प्रकारका लोकलयका विशेषताको झल्को दिने उनका रचनामा मूलतः पहाडी भू–भाग, पहाडी संस्कृति, पहाडी बनस्पतिबाट टिपिएका अनुप्रास युक्त भाषाको प्रयोगले उच्च सङगीतात्मकताको शृङ्गाार भएको पाइन्छ ।  बिम्ब प्रतीकहरू पनि सरल स्वाभाविक र सुबोध्य रहेका छन् । प्रेम, विरह र राष्ट्रियताका अनुभूतिलाई उपयुक्त शिल्पविधानद्वारा सुसज्जित तुल्याई हृदयगम्य रूपमा अभिव्यञ्जना गर्ने सामर्थ्ययुक्त उनका गीतमा कवितात्मक अनुभूति र कवितामा गीतिमयता पाइने हुँदा गीतकार तथा कवि व्यक्तित्त्व एक अर्काका पूरक देखिन्छन् । विविध विषयको चयन गरी आफ्नो रचनामा प्रकृति चित्रण, राष्ट्रियता, देशप्रेम आदि विषयवस्तुलाई मूल साध्य बनाएर बिम्ब प्रतीकका रूपमा प्रकृतिलाई परम्परीत तथा नवीन ढङ्गले प्रस्तुत गर्नमा निपूण देखिन्छन् ।  हिमाल, पहाड, कुना–कन्दरा, पाखा–पखेरा, खोला–नाला, प्रभात-सन्ध्या, दिन–रात आदिको आत्मपरक चित्रण आफ्ना रचनामा गर्ने अधिकारी मूलतः राष्ट्रिय, आञ्चलिक, ग्रामीण प्रकृतिको चित्रणमा समसामयिक घटना र परिस्थितिप्रति आक्रोस र व्यङ्ग्य  प्रस्तुत गर्न पछि पर्दैनन् । यसरी विविध विषय र रसरागका गीत रचना गरेर नेपाली गीतिसाहित्यमा महत्त्वपूर्ण योगदान दिने अधिकारीको साहित्यिक व्यक्तित्त्व र उनका गीतको अध्ययन एवं विश्लेषण गर्नुपर्ने देखिन्छ ।

## १.४ समस्याकथन

विविध विषयवस्तु/भाव भएका गीत रचना गरी नेपाली गीतिसाहित्यलाई योगदान दिने अधिकारीले हालसम्म सयौं गीत सिर्जेका छन् र तिनै गीतका आधारमा उनको गीतकारिताको अध्ययनसँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :–

(१) क्षेत्रप्रताप अधिकारीको जीवनी र व्यक्तित्त्व के कस्तो रहेको छ ?

(२) क्षेत्रप्रताप अधिकारीको गीति यात्रा के कस्तो छ ?

(३) क्षेत्रप्रताप अधिकारीका गीत विश्लेषणका संरचनात्मक आधार के कस्ता रहेका छन् ?

(४) क्षेत्रप्रताप अधिकारीको नेपाली गीतिक्षेत्रमा के कस्तो योगदान रहेको छ ?

## १.५ शोधकार्यका उद्देस्य

नेपाली गीतिसाहित्यलाई समुन्नत, समृद्ध र गतिशील पार्ने स्रष्टामध्येका एक गीतकार अधिकारीले रचना गरेका गीतहरूका आधारमा उनको गीतको विश्लेषण गर्नु यस शोधपत्रको मूल उद्देश्य रहेको छ । प्रस्तुत उद्देश्यहरू बुँदागत रूपमा निम्नानुसार छन् :–

(१) क्षेत्रप्रताप अधिकारीको जीवनी व्यक्तित्त्व संक्षिप्त रूपमा प्रस्तुत गर्नु ।

(२) क्षेत्रप्रताप अधिकारीको गीति यात्राको अध्ययन गर्नु ।

(३) क्षेत्रप्रताप अधिकारीका गीत विश्लेषणका आधार निर्धारण गर्नु ।

(४) अधिकारीको गीतकारिताको अध्ययन गर्दै उनको योगदानको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली गीतिसाहित्यमा देखापरेका समसामयिक पुस्ताका प्रतिभाहरूको बारेमा अध्ययन गर्ने परम्परा ज्यादै सूक्ष्म रहेको परिप्रेक्षमा युवापुस्ताका नवीन गीतकार क्षेत्रप्रताप अधिकारीका काव्यकृतिका बारेमा एउटा शोधपत्र तयार भई सोही शोधपत्रमा उनका केही गीति रचनाहरूको अनुच्छेद, भाव, शीर्षक, विषयवस्तु, ढाँचा, प्रस्तुति तथा शैलीको बुँदागतरूपमा उल्लेख गरिए बाहेक उनका गीति रचनाका बारेमा आजसम्म अर्को कुनै ठोस, केन्द्रित, सघन, व्यवस्थित र विस्तृत समालोचना वा अध्ययन-अनुसन्धान र विश्लेषण

भएको पाईंदैन । उनका बारेमा आजसम्म भए गरेका चर्चा-परिचर्चाहरूको विवरणात्मक समीक्षा कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

गीतकार अधिकारीको पहिलो कविता–गीत सङग्रह **रहर लागेर** (२०२४) को भूमिकाको रूपमा रहेको *रहर लागेर हेर्दा* भन्ने शीर्षकमा कृष्णचन्द्रसिंह प्रधानले प्रेम, भक्ति, विराग अर्थात् रोमान्टिक देशप्रेम, कर्तव्यबोध, आशावादिता, कर्मठता र विवशताको मोह तथा अनुभूतिको साझा स्वरूप नै अधिकारीको रहर हो; सरल, सरस, कोमल, मार्मिक–कथन, केही उपमा-उपमेयहरूको प्रयोग र भनाईको विशिष्टताले गर्दा यसमा सङ्गृहीत कवितालाई चहकिलो र घतलाग्दो तुल्याइरहेको छ भन्ने कुराको चर्चा गरेका छन् ।

कवि अधिकारीको दोस्रो कविता सङ्ग्रह **गामबेसीका गीत** (२०३४) को प्रकाशकीयमा साझा प्रकाशनले श्री क्षेत्रप्रताप अधिकारीको यो सङ्ग्रह गीतमात्र नभएर कविता भइदिएको र कविता मात्र नभएर गीत भइदिएकाले प्रस्तुत रचना गीत र कविताको मितेरी साँघुजस्तो सरस, कोमल, छोइने भएकाले यहाँका गीतले गामबेसीलाई भाखा र कविताले त्यहाँको जनजीवनलाई स्वर दिएको छ भन्दै भाका, लय, संबेदना र प्रकृतिमा रमाएका यसका गीत र कविताका भाव परिवेशभित्र एक नौलो भविष्य भेट्ने व्यग्रता, एक निश्वासिलो बिहानी हेर्ने आतुरता, एक रचनात्मक सीप जोड्ने कौतूहल र राष्ट्रियताको प्रतीकप्रति निष्ठा भएको कुराको चर्चा गरेको छ ।

गोविन्दप्रसाद अधिकारीको **नेपाली साहित्यमा तनहुँ जिल्लाको योगदान** ( अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली स्नातकोत्तर, २०३५-२०३८) शीर्षकमा कवि अधिकारी मनमा बेस लागेका बेलामा र मुटुमा ठेस लागेका बेलामा लेख्ने हुनाले उनका कविता वा गीतमा व्यक्त अभिव्यक्तिहरूमा कृत्रिमता देखिंदैन तर ती गीतहरूमा बढी भावुकता पाइन्छ भनी उल्लेख गरेका छन् ।

शिव रेग्मीले **गामबेसीका गीतकार क्षेत्रप्रताप अधिकारी** (**रूपरेखा,** २४/११/२०४०) शीर्षकमा अधिकारी आफ्नैपनको सीप र जाँगर समेटेर आफ्नै देश र माटोको महिमा र गरिमा गाउन लालायित, राष्ट्र र राष्ट्रियताको पृष्ठपोषक, विकासप्रेमी शिक्षाप्रेमी, कवि र गीतकार हुन् र उनको भाषाशैली सरल, सरस, सहज र जीवन्त छ भन्ने कुराको उल्लेख गरेका छन् ।

कवि अधिकारीको तेस्रो कविता सङग्रह **पहाडदेखि पहाडसम्म** (२०४१) को प्रकाशकीयमा माधवप्रसाद घिमिरेद्वारा शान्त, सरल र स्पष्ट सभ्यताको थलो गाउँ र बेसी,

पहाड र पर्वतको महिमा गाउने अधिकारीका कविता पनि शान्त, सरल र स्पष्ट छन्; यस सङ्कलनका कयौं कविता एक गीतकार गद्य-कवितालाई पनि कसरी गेय बनाउन सक्छ भन्ने कुराको उत्तम नमूना हुन् र यसबाट आफ्ना देशका गाउँ, बेसी, पाखा, पर्वतका सुसेली, सुस्केरामा पनि आधुनिकताको बोध गर्न सकिन्छ भन्ने कुराको प्रेरणाप्राप्त हुनेछ भनिएको छ ।

अभि सुवेदीद्वारा लिखित *पहाडदेखि पहाडसम्म पार्श्वचित्र कि वृत्तचित्र* शीर्षकको लेखमा (**पहाडदेखि पहाडसम्म**, २०४१, परिशिष्ट) अधिकारीको प्रस्तुत कविता सङ्ग्रहमा सङ्गृहीत कवितामा भाषिक स्वभाविकतासँग विषयको सान्निध्यले सङ्गीत र तालको सिर्जना गरी नेपाली भूमि र जनजीवनको चित्रण गर्ने कोमल र गीतिभावनाले खचाखच भरिएका सुन्दर कविताको प्रस्तुति भएको चर्चा गरिएको छ ।

नरेन्द्र चापागाईले *गामबेसीका गीत एक दृष्टि* (**मधुपर्क,** १६,१२,२०४१) शीर्षकमा अधिकारीका **गामबेसीका गीत** कविता सङ्ग्रहमा सङ्गृहीत कविता गीतहरूको अति संक्षिप्त परिचय दिदै सरल भाषा, सहज लौकिक बिम्ब, प्रतीक प्रयोगद्वारा सामाजिक विवशता र समस्याको सामान्य अभिव्यक्ति तथा प्रकृति र राष्ट्रियताको विशिष्ट अभिव्यक्ति भएको उल्लेख गरेका छन् ।

यस्तै गरी चापागाईंद्वारा नै *पहाडदेखि पहाडसम्मका कविताहरूको प्रतीकृति* (**गरिमा**, ३/४,२०४१) शीर्षकमा अधिकारीका **पहाडदेखि पहाडसम्म** कविता सङ्ग्रहमा सङ्ग्रहीत कविता र गीतको अतिसंक्षिप्त रूपमा चर्चा गर्दै कविले शब्दचयन, अनुप्रास योजना, लयविधान, बिम्बविधानको सन्तुलन कायम गरी आस्वाध्य रूपमा राष्ट्रिय मानवतावादी भावचेतनाको परिपाक गरेर निजी अस्तित्त्वको प्रतिष्थापन सवलरूपमा गरेका छन् भन्ने कुराको उल्लेख गरिएको छ ।

खगेन्द्रप्रसाद लुइटेलले **क्षेत्रप्रताप अधिकारीका काव्य–प्रवृत्ति** (अप्रकाशित **शोधपत्र**, २०४६) मा अधिकारीको कवि व्यक्तित्त्वको साङ्गोपाङ्गो अध्ययनका साथै गीतकार व्यक्तित्त्वको समेत चर्चा परिचर्चा गरी गीतहरूको अनुच्छेद, भाव, शीर्षक, विषयवस्तु, ढाँचा प्रस्तुति तथा शैलीको बुँदागत रूपमा संक्षिप्त चर्चा गर्दै मूलतः लघु आयामका कविता–गीतको रचना गर्ने अधिकारीका कविता–गीतको शीर्षक र मूलभावका बीच प्रायः अन्तःसङ्गति पाइन्छ भनेका छन् ।

गीतकार अधिकारीको पाँचौं कविता-गीत सङ्ग्रह **नफुलेका फूलहरू** (२०५३) को प्रकाशकीयमा सामाजिक मनोविज्ञान, प्रेमजन्य भावानुभूति, राष्ट्रिय आत्मसम्मान र भाषिक सुललितताले सिँगारिएको यस सङ्ग्रह स्रष्टाको सहज प्रतिभा, निरन्तर प्रयास तथा प्रशंसनीय सत्यनिष्ठाको त्रिवेणी सङ्गम हो भनिएको छ ।

कृष्णचन्द्रसिंह प्रधानले क्षेत्रप्रताप अधिकारीको कविता-गीत सङ्ग्रह **नफुलेका फूलहरू** (२०५३) मा कवितामा गाउँ फर्केर ग्रामीण दुःखसुखमा मितेरी लगाउने अधिकारीज्यूको वृत्ति आफ्नै किसिमको छ; त्यस्तै भाषा, त्यस्तै ध्वनि, त्यस्तै जीवन, अनि त्यस्तै दृश्य सङ्गालिएर साँच्चि एउटा गाउँ बाचिरहेका हुन्छौं, गाउँ देखिरहेका हुन्छौं, गाउँ बोलिरहेका हुन्छौं, भनेका छन् ।

त्यसैगरी डा. अभि सुवेदीले अधिकारीको उक्त कृतिमै प्रस्तुत सङ्कलनमा नेपाली भूमि र जनजीवनको चित्रण गर्ने कोमल र गीतिभावनाले खचाखच भरिएका सुन्दर कविताहरूको प्रस्तुति भएको छ भनेका छन् ।

गीतकार अधिकारीको छैटौं कविता-गीत सङ्ग्रह **फेरि एउटा परिर्वतन** (२०५५) को प्रकाशकीयमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले कवि तथा गीतकार क्षेत्रप्रताप अधिकारी नेपाली साहित्यका पाठक र श्रोताहरूका लागि कुनै नौलो नाउँ होइन भनेको छ ।

तारानाथ शर्माले क्षेत्रप्रतााप अधिकारीको कविता-गीत सङ्ग्रहहरू **नफुलेका फूलहरू** (२०५३) को *सुवासले ढकमक्क ढाकेका फूलहरू* शीर्षकको लेखमा र **तर देश हारिरहेछ** ( २०५७) को मन्तब्यमा अधिकारीको गुणगान गर्ने क्रममा राष्ट्रप्रेम कविवर अधिकारीको श्रेष्ठतम् अभिव्यक्तिको विशिष्ट विषय हुँदै हो तापनि गामबेसीका जनतामा मुटु थुपुक्क टिपेर गामबेसीकै परिवेशमा आधुनिक जीवनवोधको काव्यात्मक प्रस्तुति गर्नु उनको विशेषता भएको उल्लेख गरेका छन् ।

डा. डी.पी. भण्डारीले क्षेत्रप्रतााप अधिकारीको कविता-गीत सङ्ग्रह **अकविता** (२०५८) को मन्तव्यमा क्षेत्रप्रताप अधिकारी एक राम्रा, लोकप्रिय गीत निर्माता र कवि मात्र होइनन्, उनी एक इमान्दार व्यक्ति पनि हुन् । समयको धारसित बदलिंदै जाने स्वार्थोन्मुख अवसरवादितासित क्षेत्रप्रतापले गरिमाहीन भएर सम्झौता गर्न खोजेको घटना न मैले सुनेको छु, न देखेको छु भनेका छन् ।

हरिहर तिमिल्सिनाको **केही छाल केही तरङ्गहरू गीत सङ्ग्रह** (अप्रकाशित सिर्जनात्मक लेखन, त्रि. वि., २०५८) मा क्षेत्रप्रताप अधिकारीले बनपाखा र गाउँले भाका

अनि गोठालो-खेतालो र डोको-डालोलाई नजिकबाट चिनेका छन् । दाउराको खलियो र घाँसको भारीलाई राम्ररी जानेका छन् । दुःख र सुखसित कयौंपल्ट मितेरी लगाएका छन् । त्यसैले उनका गीतहरू पनि उनी जस्तै तरल र सरल छन् । उनी आफू पनि गीत जस्तै मीठा र रसिला छन् भनी उल्लेख गरिएको छ ।

सुधा धितालको **गोपाल योञ्जनको जीवनी, व्यक्तित्त्व र कृतित्त्व** (अप्रकाशित **शोधपत्र**, त्रि. वि. नेपाली स्नातकोत्तर, २०५९) मा २०१० को दशकमा झुल्किएर २०२० को दशकदेखि बढी परिष्कृत, संयमित र लोकप्रियसमेत बन्न पुगेका गीतकारहरू भूपि शेरचन, इश्वर वल्लभ, यादव खरेल, कालीप्रसाद रिजाल, बच्चुकैलाश आदिको नाम उल्लेख गर्ने क्रममा गीतकार क्षेत्रप्रताप अधिकारीको नाम उल्लेख गर्दै यिनीहरूले देशप्रेम, प्रकृतिप्रेमजस्ता प्रवृत्ति अङ्गीकार गरेर गीत लेखे तापनि यिनीहरूको मूल विषय भने प्रेम नै रह्यो भनिएको छ ।

कृष्णहरि बरालले गीतकार तथा नेपाली गीतहरूको इतिहास खोतल्ने क्रममा **गीतः सिद्धान्त र इतिहास** (२०६०) मा क्षेत्रप्रताप अधिकारीको गीतिप्रवृत्तिको संक्षिप्त चर्चा गर्दै मूलतः पहाडी भू–भाग, पहाडी संस्कृति, पहाडी वनस्पतिबाट बिम्बहरू टिपेर उनले आफ्ना गीतहरूलाई सजाएका छन् भने सरल तर अनुप्रासयुक्त भाषाको प्रयोगले उनका गीतहरू सङ्गीतात्मक बन्न पुगेका छन् भनेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) मा क्षेत्रप्रताप अधिकारीको काव्य यात्रा र प्रवृत्तिका बारेमा चर्चा गर्ने क्रममा अधिकारी स्वच्छदतावादी, मानवतावादी र राष्ट्रवादी कवि तथा गीतकार हुन् भनेका छन् ।

बासु रिमाल 'यात्री' ले **छिन्नलता स्मृति ग्रन्थ** (२०६१) को *छिन्नलता गीत पुरस्कार २०५३ बाट सम्मानित प्रतिभाहरूको सामान्य परिचय* शीर्षकको लेखमा क्षेत्रप्रताप अधिकारी गीतकारमा माधव घिमिरे, कालीप्रसाद रिजाल र दिनेश अधिकारी मन पराउनुहुन्छ भनेका छन् ।

यसरी गीतकार अधिकारीका बारेमा भएका पूर्वाध्ययनलाई हेर्दा उनको काव्यप्रवृत्तिका सम्बन्धमा एउटा शोधपत्र तयार हुनुको साथै उनका प्रकाशित गीति सङ्ग्रहका बारेमा प्रकाशक एवं केही समीक्षक साहित्यकारहरूले छिटपुट रूपमा गरेका चर्चा परिचर्चा बाहेक उनको गीतिकारीताको बारेमा आजसम्म भए गरेका सम्पूर्ण अध्ययन अपुरो नै देखिन्छ । तसर्थ गीतकार अधिकारीका बारेमा पूर्ण अनुसन्धानात्मक कार्य हुनु जरुरी

देखिन्छ । यहि परिप्रेक्षमा उनका रचना प्रवृत्तिका आधारमा उनको गीतको विश्लेषण गरी प्रस्तुत शोधपत्र तयार पारिएको हो ।

## १.७ शोधकार्यको औचित्त्य, महत्त्व र उपयोगिता

गीतकार क्षेत्रप्रताप अधिकारीको बारेमा जानकारी लिन चाहने जिज्ञासु पाठकलाई सामग्री हुनाका साथै सन्दर्भ सामग्रीस्रोतसमेत हुने भएकाले यस शोधपत्रको औचित्त्य छ । उनका प्रवृत्तिका आधारमा उनको गीतको समग्र विश्लेषण अध्ययन नभएको अवस्थामा उनको लेखन प्रवृत्ति केलाउँदै उनको गीतको समग्र विश्लेषण गर्नाले यस शोधकार्यको औचित्त्य, महत्त्व र उपयोगितालाई स्पष्ट पारेको छ ।

मूलतः कविता र गीत विधामा केन्द्रित अधिकारी थुप्रै कविता एवं गीतको रचना गरी नेपाली कविताको समसामयिक धारामा राष्ट्रवादी गद्यकवि तथा गीतकारका रूपमा आफ्नो छुट्टै स्थान स्थापना गरी आफ्नै मौलिकता र मान्यताका दृष्टिले पनि परिचित भइसकेका छन् । नव आगन्तुक सिर्जनशील प्रतिभाहरूलाई हौसला प्रदान गर्नका लागि पनि उनको गीतको अध्ययन विश्लेषण गरिनु औचित्त्यपूर्ण छ । यसका अतिरिक्त कुनै पनि गीतकार तथा उनका गीतका बारेमा गरिने अध्ययन, अन्वेषण तथा सङ्कलन कार्यले शैशवकालमै रहेको नेपाली गीति अध्ययन–अन्वेषण र विश्लेषण परम्परामा थौरै मात्र भए पनि योगदान पुग्न सक्ने हुँदा प्रस्तुत शोधकार्यको आफ्नै महत्त्व रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

गीतकार क्षेत्रप्रताप अधिकारीको जीवनी व्यक्तित्त्वको सामान्य परिचय दिई उनका हालसम्म प्रकाशित, प्रसारित एवं अप्रकाशित सम्पूर्ण गीतहरूको यथासम्भव जानकारी दिनुका साथै उनको लेखन प्रवृत्तिको आधारमा उनका प्रकाशित गीतहरूको अध्ययन विश्लेषणमा केन्द्रित रहनु यस शोध–पत्रको सीमा हो ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा शोधनायक अधिकारीसँग प्रत्यक्ष भेटघाट गरी लिखित तथा मौखिकरूपमा आवश्यक जानकारी लिई यो शोधपत्र तयार पारिएको छ ।

यसका अतिरिक्त गीत विश्लेषण क्रममा पुस्तकालयीय अध्ययन विधिका साथसाथै सम्बन्धित विषयका पुस्तक, पत्रपत्रिकाहरूको अध्ययन गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ ।

(१) परिच्छेद एक : शोध परिचय

(२) परिच्छेद दुई : क्षेत्रप्रताप अधिकारीको जीवनी र व्यक्तित्त्व

(३) परिच्छेद तीन : क्षेत्रप्रताप अधिकारीको गीतियात्रा

(४) परिच्छेद चार : क्षेत्रप्रताप अधिकारीको गीतको विश्लेषण

(५) परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष,

सन्दर्भग्रन्थ सूची, परिशिष्ट

# परिच्छेद दुई

# गीतकार क्षेत्रप्रताप अधिकारीको जीवनी र व्यक्तित्त्व

## २.१ जीवनी

### २.१.१ जन्म र जन्मस्थान

क्षेत्रप्रताप अधिकारीको जन्म वि. सं. १९९९ चैत्र तदनुसार ई.सं. १९४३ अप्रिलमा तनहुँ मिर्लुङ गा.वि.स., वडा नं. ४ ज्यामरुक बयापानीमा भएको हो ।[१] उनी बाबु गजकेशर अधिकारी तथा आमा जानकीदेवी अधिकारीका कान्छो छोराका रूपमा जन्मिएका हुन् ।[२] निम्न-मध्यमबर्गीय कृषक परिवारमा एक दाजु जीतबहादुर र एक दिदी हरिमाया पछि जन्मिएका क्षेत्रप्रतापको न्वारनको नाम छत्रबहादुर थियो तर विद्यालय प्रवेश गर्दा शिक्षकले उनको नाम क्षेत्रप्रताप बनाइदिए र पछि यही नाम प्रचलित भयो ।[३]

### २.१.२ बाल्यकाल र स्वभाव

आकर्षक, पोटिलो शारीरिक बनावट भएका क्षेत्रप्रताप अधिकारी बालककालदेखि नै जिज्ञासु, लगनशील, उत्सुक, चञ्चल, मेहनति, मिलनसार र मृदुभाषी स्वभाबका थिए ।[४] अरुले केही नौलो गरेको देख्ने बित्तिकै आफूले गरिहाल्नु पर्ने स्वभाब भएका अधिकारी सानैदेखि डोको, नाम्लो, डोरी, बाँसको काँइयो बुन्ने, पर्खाल लगाउने, ढिकी, हलो, जुवा, जाँतो र उखु एवं तोरी पेल्ने कोल बनाउने काममा परिवारलाई सहयोग गर्दथे ।[५] उनी सानैदेखि लोकगीत गाउने, रोदीमा नाच्ने, विवाह उत्सवमा रामायणका श्लोक भन्ने र पाठशालाले प्रदर्शन गर्ने नाटकहरूमा बिभिन्न पात्रको रूपमा प्रस्तुत हुने गर्दथे ।[६] उनी

---

[१] क्षेत्रप्रताप अधिकारीवाट प्राप्त लिखित जानकारी ।

[२] ऐजन

[३] खगेन्द्रप्रसाद लुइटेल, **क्षेत्रप्रताप अधिकारीका काव्य-प्रवृत्ति** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, (२०४६), पृ.२ ।

[४] ऐजन पृ.२ ।

[५] क्षेत्रप्रताप अधिकारी, पूर्ववत् ।

[६] ऐजन ।

गाउँदेखि निकै टाढा-टाढासम्म पनि खाँडो जगाउने कार्यमा विशेष प्रसिद्ध थिए ।[७] पन्ध्र वर्षको उमेरसम्म आफ्नै जन्मभूमिको सेरोफेरोमा गोठालो, खेतालो भएर बाबुआमाको रेखदेख, पालन-पोषण र माया-ममतामा बिताएका थिए ।[८] हरेक काम लगनशीलतापूर्वक गर्ने बानी तथा रसिक सहासी र जस्तोसुकै कठोर काम गर्न पनि पछि नहट्ने क्षेत्रप्रतापलाई उनका बाबुआमा, छरछिमेक, इष्टमित्र सबैले माया गर्थे ।[९] समग्रमा भन्नुपर्दा क्षेत्रप्रताप अधिकारी रचनात्मक स्वभावका व्यक्ति थिए ।

### २.१.३ शिक्षादिक्षा

क्षेत्रप्रताप अधिकारीले वि.सं. २००९ मा, १० वर्षको उमेरमा, ज्यामरुककै भाषा पाठशालाबाट अक्षारारम्भ गरी संस्कृतको (दुर्गाकवच, रुद्री, चण्डी) सामान्य अध्ययन गरे ।[१०] २०१२ सालतिर गाउँमा प्राथमिक विद्यालय खुलेपछि श्री शान्ति प्रा.वि. कावाजीत, बयापानी (हालको श्री राष्ट्रिय प्रा.वि., विद्या कुन्ज) मा उनले अङ्ग्रेजी वर्णमाला पढ्न लेख्न थाली आधुनिक शिक्षारम्भ गरे ।[११] उनी प्राथमिक शिक्षाको समाप्ति पश्चात् लाहुरे बन्ने सोचमा थिए र घरको आर्थिक अवस्थाले पनि त्यस्तै अपेक्षा गरेको थियो तर सोही विद्यालयका प्रधानाद्यापक नूरचन्द्र अधिकारीले उनलाई लाहुर जानबाट रोके ।[१२] गाउँमा विद्यालयको अभावले गर्दा पठनपाठनको राम्रो व्यवस्था हुन नसकेपछि उनी २०१४ सालमा शिक्षार्जन गर्न काठमाण्डौं आए ।[१३] घरको आर्थिक अवस्था नाजुक रहेको कारण पढ्नको लागि घरबाट पैसा पठाउन नसक्ने हुँदा प्रधानाद्यापक नूरचन्द्र अधिकारीको दिनमा कुनै सानोतिनो काम गरेर रात्री पाठशालामा पढ्नु भन्ने सल्लाह बमोजिम पढ्ने खर्च जुटाई राती पढ्न विकास भवन रात्री विद्यालय (जे.पी. हाईस्कुल) मा कक्षा ६ मा भर्ना भएर आफ्नो अध्ययनलाई

[७] खगेन्द्रप्रसाद लुइटेल, **क्षेत्रप्रताप अधिकारीका काव्य-प्रवृत्ति,** पूर्ववत्, पृ.२ ।

[८] ऐजन ।

[९] ऐजन ।

[१०] ऐजन, पृ.३ ।

[११] क्षेत्रप्रताप अधिकारी, पूर्ववत् ।

[१२] ऐजन ।

[१३] खगेन्द्रप्रसाद लुइटेल, **क्षेत्रप्रताप अधिकारीका काव्य-प्रवृत्ति,** पूर्ववत्, पृ.३ ।

निरन्तरता दिए ।[१४] वि.सं २०१९ मा एस.एल.सी. द्वितीय श्रेणीमा उत्तीर्ण गरी उच्च शिक्षाको लागि नेपाल नेशनल कलेजमा भर्ना भए । २०२१ सालमा तृतीय श्रेणीमा आई.ए. पास गरे भने २०२३ सालमा मूख्य विषय नेपाली लिएर द्वितीय श्रेणीमा बी.ए. पास गरे ।[१५] एम.ए.को रात्री कक्षा नभएको कारण पढाई रोक्न वाध्य भए तापनि २०२८–२०३० सालमा जापानको सोफिया विश्वविद्यालयबाट अर्थशास्त्रमा एम.ए. "बी" श्रेणीमा उत्तिर्ण गरे र त्यहीं नै अङ्ग्रेजी र जापानी भाषाको पनि गहन अध्ययन गरे।[१६]

पारिवारिक आर्थिक अवस्था  नाजुक भएको कारण विज्ञान पढेर डाक्टर इन्जिनियर बन्न चाहेका क्षेत्रप्रतापले दिनभर जीविकाका लागि कुनै काम गरेर कमाउनु पर्ने, रातमा पढ्नु पर्ने बाध्यताको कारण त्यसो हुन सकेन ।[१७] कमाउँदै पढ्नु पर्ने बाध्यताका कारण निश्चिन्त भएर पढ्न नपाए तापनि अनुत्तीर्णको सामना पनि कहिल्यै गर्नु परेन ।[१८] आफ्ना गुरुहरू रामजी शर्मा, शंकरदेव पन्त र अम्विकाप्रसाद अधिकारीबाट अत्यन्त माया–स्नेह पाएका क्षेत्रप्रताप ती गुरुहरूबाट प्रभावित हुनुका साथै उनीहरूलाई ज्यादै श्रद्धा पनि गर्दछन् ।[१९]

### २.१.४ पारिवारिक स्थिति

वि.सं. १९९९ मा तनहुँ ज्यामरुक बयापानीको निम्नमध्यमबर्गीय कृषक परिवारमा जन्मिएका क्षेत्रप्रतापका बाबु नेपाली सेनामा सुबेदार पदमा कार्यरत थिए भने आमा एक कुशल गृहिणी थिइन् ।[२०] उनको परिवारमा बाबु गजकेशर, आमा जानकीदेवी, विवाहिता फुपू (बाबुको दिदी जो विवाह पश्चात माइतमै बसेकी), दाजु जीतबहादुर, दिदी हरिमाया र आफू स्वयं गरी जम्मा छ जनाको परिवार थियो ।[२१] दिदीको सानै उमेरमा विवाह भएको,

---

[१४] ऐजन ।

[१५] ऐजन ।

[१६] ऐजन, पृ.४ ।

[१७] ऐजन ।

[१८]. ऐजन ।

[१९] ऐजन ।

[२०] क्षेत्रप्रताप अधिकारी, पूर्ववत् ।

[२१] ऐजन ।

बाबु जागिरको सिलसिलामा प्रायः ब्यारेकमै बस्ने र दाजु पनि नेपाल आर्मीमा जागिरे भएको हुँदा प्राय ब्यारेकमै बस्ने गर्दथे तसर्थ घरमा नियमित रूपमा भने आमा, फुपू र उनी जम्मा तीन जना मात्र रहन्थे ।[२२] पारिवारिक आर्थिक अवस्था ज्यादै नाजुक रहेको कारण सानै उमेरदेखि नै डोरी, नाम्लो, काइँयो आदि बुनेर बिक्रिको लागि बजार पठाउँथे ।[२३] त्यो समयमा एउटा बाँसको काइँयोको मूल्य १२ पैसा (३ आना) पर्दथ्यो ।[२४] २०२८ सालमा जापानी भोलेन्टियरलाई पढाउने जागिर पाई जापान गएपछि उनको आर्थिक स्थितिमा बिस्तारै सुधार आउन थाल्यो ।[२५] जापान गएको बखत छ महिनाको फरकमा बाबु र आमा दुबैको देहान्त भएको थियो । यो पीडाले उनी निकै मर्माहत भए ।[२६]

२०२३ सालमा शान्ता महतसँग विवाह बन्धनमा बाँधिएका अधिकारीले २०३१ सालमा काठमाडौं बत्तीसपुतलीमा दुई तले, आठ कोठे प्यागोडा शैलीको घर बनाई त्यहीं बस्न थाले ।[२७] दाजुको परिवार गाँउमै रहेको र पुर्ख्यौली सम्पत्ति सबै हालसम्म पनि सगोलमै रहेको कारण उनी जन्मभूमि तनहुँ, ज्यामरुक आते-जाते गरिरहन्छन् ।[२८]

### २.१.५ दाम्पत्य जीवन र सन्तान

वि.सं २०३३ वैशाखमा २४ वर्षको उमेरमा नुवाकोट निवासी भू.पू. न्यायाधीश श्री महेन्द्रबहादुर महतकी कान्छी छोरी शान्तासँग उनको विवाह भएको थियो ।[२९] २०१८ सालदेखि (एस.एल.सी.पास गरे पश्चात्) सुरु भएको शान्तासँगको प्रेमले शान्ताको नर्सिङमा डिप्लोमा गरेपछि मूर्तरूप लिएको थियो ।[३०] शान्ताको माइती पक्षसँग पहिलेदेखि नै परिचित क्षेत्रप्रतापको पारिवारिक आर्थिक अवस्था नाजुक भएको कारण आफूलाई निकै घरानीया

---

[२२] ऐजन ।

[२३] ऐजन ।

[२४] ऐजन ।

[२५] ऐजन ।

[२६] ऐजन ।

[२७] ऐजन ।

[२८] ऐजन ।

[२९] खगेन्द्रप्रसाद लुइटेल, **क्षेत्रप्रताप अधिकारीका काव्य-प्रवृत्ति,** पूर्ववत्, पृ.४ ।

[३०] ऐजन, पृ.५ ।

खान्दान ठान्ने केटी पक्षको बिरोधको वावजुत विवाह गरेरै छोडे ।[३१] श्रीमती शान्ता अधिकारी सैनिक अस्पतालमा नर्सिङ पेसामा संलग्न थिइन् र जीवनको अन्तिम क्षणसम्म पनि त्यहीं क्याप्टेन पदमा कार्यरत थिइन् ।[३२] अन्तर्मुखी स्वभाव भएकी श्रीमती शान्ता अधिकारीको २०५१ सालदेखि मानसिक सन्तुलनमा केही तलमाथि भएपछि देश-विदेश तथा उनकै कर्मथलो सैनिक अस्पतालले सक्दो उपचार गऱ्यो तर केही उपचार लागेन र अन्तत्त्वगत्त्वा २०६२ साल भाद्र १२ गते आत्महत्या गरिन् ।[३३] त्यो नै क्षेत्रप्रतापको जीवनको सबैभन्दा निकृष्ट दुःखद क्षण हो ।[३४]

विवाहको दुई वर्ष पश्चात् २०२५ सालमा पहिलो सन्तानको रूपमा अजरको जन्म भयो र २०३० सालमा अर्को छोरा अमनको जन्म भयो ।[३५] हाल दुबै छोराहरू आ–आफ्नो क्षेत्रमा कार्यरत छन् ।[३६] यसै सन्दर्भमा जेठो छोरा अजरको विवाह जापानी नागरिकसँगै भएको र हाल जापानको टोकियोमा रिमोट सेन्सिङ सम्बन्धी आफ्नै निजी कम्पनी चलाएर बसेका छन् । उनको हालसम्म सन्तान भएको छैन ।[३७] त्यसैगरी कान्छा छोरा अमन त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा एम.ए. गरेर हाल ब्रोडकास्टिङ्ग विषयको अध्ययन सिलसिलामा स्कटल्याण्डमा छन् ।[३८] उनको श्रीमती र छोरा छोरीभने नेपालमै (स्वयंभू क्षेत्रमा) बसोबास गर्दै आइरहेका छन् । त्यसै कारण उनी बेलाबखत नेपाल आतेजाते गरिरहन्छन् ।[३९]

श्रीमतीको निधन पश्चात नितान्त एक्लो बनेका अधिकारी हाल सुश्री सुमित्रा अधिकारी (दाजु जीतबहादुर अधिकारीकी कान्छी छोरी) सँगै आफ्नै निवासमा बस्दै आएका

---

[३१] ऐजन ।

[३२] क्षेत्रप्रताप अधिकारी, पूर्ववत् ।

[३३] ऐजन ।

[३४] ऐजन ।

[३५] खगेन्द्रप्रसाद लुइटेल, **क्षेत्रप्रताप अधिकारीका काव्य-प्रवृत्ति,** पूर्ववत्, पृ.५ ।

[३६] क्षेत्रप्रताप अधिकारी, पूर्ववत् ।

[३७] ऐजन ।

[३८] ऐजन ।

[३९] ऐजन ।

छन् ।[४०] आफ्ना दुबै छोराहरूको प्रगतिमा रमाएका अधिकारी चारो खोज्न गुँडदेखि टाढा गएका परेवा बेलुका आफ्नै गुँडमा फर्किएझैं आफ्ना छोराहरू पनि एक दिन फर्किए हुन्थ्यो भन्ने आशा राख्दछन् । [४१]

## २.१.६ रुचि

देशबासी को भलो हुने सबै क्षेत्रमा आफ्नो रुचि रहेको बताउने क्षेत्रप्रताप अधिकारी सानैदेखि लोकगीत, लोकनृत्य र साँस्कृतिक क्रियाकलापमा विशेष चासो र रुचि राख्दथे ।[४२] दाउरा-घाँस, बनपात, मेला–पर्म, गोठाला-खेताला जान खुबै रुचाउँथे ।[४३] सामाजिक, मनोरञ्जनात्मक क्रियाकलाप तथा विवाह ब्रतबन्ध आदि समारोहमा श्लोक भन्ने तथा खाँडो जगाउने काममा समेत विशेष रुचि एवं प्रसिद्धी कमाएका थिए ।[४४] बी.ए.सम्मको अध्ययनमा मुख्य विषय नेपाली लिएका अधिकारीको सानैदेखि कविता पढ्ने र लेख्ने कार्यमा समेत विशेष रुचि रहेको थियो। यही रुचिले साहित्य लेखनमा अग्रसर गरायो ।[४५] विशेषगरी साँझको समयमा लेख्न रुचाउने अधिकारी तनाबमुक्त क्षणमा मात्र सुन्दर सिर्जना हुनसक्ने आफ्नो अनुभव बताउँछन् ।[४६] उनकी आमा अत्यधिक चुरोट-तमाखु खाने गर्दथिन् सोही कारण आमाको गर्भ देखिनै आफूमा चुरोट-तमाखुको लत बसेको बताउँछन् ।[४७] गर्भैदेखि बानी परेका चुरोट प्राणभन्दा प्यारो भएको र प्राण त्याग्न सजिलो हुने तर चुरोट छोड्न नसकिने बताउँछन् ।[४८] उनको भनाई अनुसार उनी लेख्दा चुरोट बढि सेवन गर्ने गर्दछन् र यही विषयमा श्रीमती शान्तासँग विवादसमेत पर्ने गर्दथ्यो । परिवार, इष्टमित्र, साथीभाइसँग बसेर रमाइलो गर्न र ख्यालठट्टा गर्न रुचाउने अधिकारी कामको व्यस्तताले त्यसो गर्न

---

[४०] ऐजन ।

[४१] ऐजन ।

[४२] ऐजन ।

[४३] ऐजन ।

[४४] ऐजन ।

[४५] खगेन्द्रप्रसाद लुइटेल, **क्षेत्रप्रताप अधिकारीका काव्य-प्रवृत्ति,** पूर्ववत्, पृ.३ ।

[४६] क्षेत्रप्रताप अधिकारी, पूर्ववत् ।

[४७] ऐजन ।

[४८] ऐजन ।

नपाएकोमा चिन्तित  देखिन्छन् । लवाईखवाईमा खासै यही रुचि छ भन्ने नभएको बताउने अधिकारी जे अनुकूल पऱ्यो त्यही खाने-लाउने गरेको बताउँछन् ।

## २.१.७ भ्रमण

ज्यामरुक बयापानीकै बनपाखामा घुमेर बाल्यकाल बिताएका अधिकारीले २०१४ सालमा अध्ययनको सिलसिलामा सर्वप्रथम काठमाडौं देख्ने मौका पाए ।[४९] साथमा अलिकति चिउरा, रोटी र तीन रुपैया दाम लिएर गोर्खा, धादिङ, नुवाकोट हुँदै पैदल हिंडेरै काठमाण्डौं प्रवेश गरेका थिए र उनको जीवनको भ्रमणक्रम यहींबाट आरम्भ भयो ।[५०] भ्रमणको खासै रुचि नभएका अधिकारीले अध्ययन तथा सरकारी कामका सिलसिलामा स्वदेशका बिभिन्न क्षेत्र तथा विदेशको समेत भ्रमण गरेका छन् ।[५१] उनले एसियाका प्रायः सबै देश र युरोपेली मुलुकहरू मध्ये इटली, फ्रान्सको भ्रमण गरेका छन् ।[५२] यी विभिन्न देशको भ्रमणको क्रममा सबैभन्दा लामो विदेश बसाइ जापान र भारत रह्यो ।  जापानमा उनले पटक पटक गरेर पाँच वर्ष बिताएका छन् ।[५३] आफू घुमेका देशहरू मध्ये पनि जापान सबैभन्दा मनपरेको र राम्रो लागेको मुलुक हो भन्ने कुरा उनी बताउँछन् । त्यहाँका जनताको मेहनत र लगनशीलताको मुक्तकण्ठले प्रशंसा गर्ने अधिकारी उनीहरूबाट त्यही मेहनत र लगनशीलताको पाठ सिक्नु पर्ने बताउँछन् ।

देश तथा विदेशको भ्रमण आनन्दसँग कुनै प्रकारको पिरलो नबोकी पर्यटक बनेर कहिल्यै कतै नघुमेको बताउने अधिकारी आफू घुमेका र पुगेका सबै ठाउँको भौगोलिक, सामाजिक, आर्थिक एवं साँस्कृतिक प्रभाव कुनै न कुनै रूपमा परेको सुनाउँछन् ।

---

[४९] खगेन्द्रप्रसाद लुइटेल, **क्षेत्रप्रताप अधिकारीका काव्य-प्रवृत्ति,** पूर्ववत्, पृ.३ ।

[५०] ऐजन ।

[५१] ऐजन ।

[५२] क्षेत्रप्रताप अधिकारी, पूर्ववत् ।

[५३] ऐजन ।

### २.१.८ पदक तथा सम्मान

आफू कहिल्यै पदकहरूको पछाडि नलागेको र मानको खातिर मानजस्ता सम्मानको मजेत्रो पनि नओढेको बताउने अधिकारीले कहिल्यै गोरखा दक्षिण बाहु पाएनन् ।[५४] २०२४ सालको राष्ट्रव्यापी कविता प्रतियोगितामा *कर्तव्य र अधिकार* शीर्षकको कविता लेखेर तृतीय स्थानप्राप्त गर्दा स्व. श्री ५ महेन्द्रबाट रु.५००/- र प्रमाण-पत्र प्राप्त गरेका थिए ।[५५] यो नै उनको जीवनको पहिलो पुरस्कार थियो । त्यसका अतिरिक्त **नफुलेका फूलहरू** को लागि वि.सं.२०५३ मा *साझा पुरस्कार,* २०५३ सालमै *छिन्नलता गीति पुरस्कार* र २०६५ सालमा **हिट्स एफ्. एम्. म्युजिक अवार्ड** मा *सर्वश्रेष्ठ गीतकार* को पुरस्कार प्राप्त गरेका थिए ।

### २.१.९ साहित्य लेखनको प्रेरणा-प्रभाव

साहित्य लेखनको प्रेरणाको मूख्य स्रोत नेपाली लोक संस्कृति र जनजिब्रामा प्रचलित साहित्य नै हो ।[५६] अरु कसैको प्रभाव सोझै ग्रहण नगरी जनजिब्रामा प्रचलितशैलीमा लेख्ने अधिकारी भौगोलिक सामिप्यता, क्षेत्रीय स्वाद र सुगन्ध आदिले गर्दा कवि माधव घिमिरे र भूपि शेरचनका कविताबाट अफूमा केही प्रभाव महसुस गर्दछन् र ती कविका रचना अत्यन्त मन पराउँछन् ।[५७] उनी आयामेली रचनाभन्दा आफ्ना समकालिन बुझिने, छुइने र मीठो सुसेलीमा भिज्ने साहित्य रुचाउँछन् ।[५८]

### २.१.१० लेखनको प्रारम्भ र प्रकाशनको थालनी

पारिवारिक अर्थिक अवस्था ज्यादै नाजुक भएको कारण गरीबी र विवशताबाटै लेखनको प्रारम्भ गरेका क्षेत्रप्रताप अधिकारीको पहिलो लिखित तथा प्रकाशित रचना

---

[५४] ऐजन ।
[५५] ऐजन ।
[५६] ऐजन ।
[५७] ऐजन ।
[५८] ऐजन ।

*जानुभयो देवकोटा कवि नेपालीलाई टुहुरो पारेर* (२०१६: पर्चा गीत, हाल अप्राप्य) हो ।[५९] कक्षा आठमा अध्ययन गर्दादेखि नै लेखन कार्यको प्रारम्भ गरेका अधिकारीले पहिलो रचना *जानुभयो देवकोटा कवि नेपालीलाई टुहुरो पारेर* लेखेर कवि शिरोमणि लेखनाथ पौडेललाई देखाई सच्याएर भ्याउरे लयमा गाएर १० पैसाको मूल्यमा बेचेका थिए ।[६०] त्यसपछि क्रमशः आफ्नो लेखन कार्यलाई निरन्तरता दिँदै गए तापनि प्रकाशनको अवसर भने प्राप्त भइहाल्न सकेन । *तिम्रो रूप मेरो रेखा* नामक कविताबाट सार्वजनिकरूपमा देखा परेका अधिकारीको **रहर लागेर** (२०२४) कविता सङ्ग्रह प्रकाशित भएपछि उनका अरु रचनाहरू प्रकाशित हुन थाले ।[६१] यस क्रममा क्रमशः **गामबेसीका गीत** (२०३४), **पहाडदेखि पहाडसम्म** (२०४१), **म त लालीगुराँस भएछु** (२०४२), **नफुलेका फूलहरू** (२०५३), **फेरि एउटा परिवर्तन** (२०५५), **तर देश हारिरहेछ** (२०५७), **अकविता** (२०५८) तथा **युद्धका छायाँहरू** (२०६४) जस्ता पुस्तकाकारका गीतिकाव्यहरूका साथै अनेकौं पत्रपत्रिकामा फुटकर रचनाहरू प्रकाशित भएका छन् ।

## २.२ व्यक्तित्त्व

मान्छेले जन्मदै विशिष्ट गुण र प्रतिभा लिएर आएको हुन्छ । यही नैसर्गिक प्रतिभा उसको व्यक्तित्त्वको आधार हो तापनि जीवनका घात–प्रतिघात, क्रिया–प्रतिक्रिया, आरोह-अवरोह र जीवन भोगाईहरूले उसको व्यक्तित्त्वका अनेकौं पाटाहरूलाई निर्धारण गरिदिन्छन् । व्यक्तिको व्यक्तित्त्व निर्माणमा उसको पारिवारिक, सामाजिक, साँस्कृतिक, आर्थिक, पृष्ठभूमि र परिवेश, सिङ्गो जीवनी, शिक्षा–दिक्षा, रुचि, पेशा, जीवनप्रतिको दृष्टिकोण आदिले महत्त्वपूर्ण भूमिका खेल्दछन् । यस दृष्टिकोणबाट अधिकारीको समष्टि व्यक्तित्त्वलाई केलाएर हेर्दा उनी बहुमुखी व्यक्तित्त्वका धनी भएको प्रष्टिन्छ । यहाँ उनको व्यक्तित्त्वलाई साहित्यिक र साहित्येत्तर व्यक्तित्त्व गरी हेरिएको छ ।

---

[५९] ऐजन ।

[६०] ऐजन ।

[६१] खगेन्द्रप्रसाद लुइटेल, **क्षेत्रप्रताप अधिकारीका काव्य-प्रवृत्ति,** पूर्ववत्, पृ.१५ ।

### २.२.१ साहित्यकार व्यक्तित्त्व

वि.सं. २०१६ देखि साहित्य–सिर्जना गर्न थालेका क्षेत्रप्रताप अधिकारी हालसम्म पनि यस क्षेत्रमा सक्रिय नै रहेका छन् । उनको साहित्य सिर्जना यात्राले झन्डै पाँच दशक पूरा गरेको छ । २०१६ सालमा *जानुभयो देवकोटा कवि नेपालीलाई टुहुरो पारेर* (पर्चागीत) मार्फत नेपाली साहित्यमा प्रवेश गरेका अधिकारीको लेखन नेपाली साहित्यका विविध विधामा चल्मलाएको पाइन्छ तापनि अन्य विधाका सापेक्षतामा उनको कवि तथा गीतकार व्यक्तित्त्व नै विशेष प्रभावशाली रहेको छ । उनी गीतकारका रूपमा नै विशेष प्रसिद्ध रहेका छन् । साहित्यकार स्रष्टा र द्रष्टा दबै हुन सक्छ भन्ने अधिकारी हालसम्म मूलतः साहित्य स्रष्टाका रूपमा देखिएका छन् । कविता, गीत, निबन्ध र हाइकु विधाका फाँटमा उनको सिर्जनशीलता देखिएको छ । जापानी साहित्यको केही कथा, कविता र उपन्यासका साथै उर्दू भाषाको एउटा उत्कृष्ट उपन्यासको नेपाली अनुवाद प्रस्तुत गरेर उनले आफूलाई सफल अनुवादकका रूपमा पनि उभ्याएका छन् । यसरी उनको साहित्यकार व्यक्तित्त्वका प्रमुख पक्ष कवि तथा गीतकार व्यक्तित्त्व, निबन्धकार व्यक्तित्त्व, अनुवादक व्यक्तित्त्व र हाइजिन व्यक्तित्त्व (हाइकु लेखक) देखिन्छन् । यहाँ क्रमशः तिनको चर्चा संक्षेपमा गरिएको छ ।

#### २.२.१.१ कवि तथा गीतकार व्यक्तित्त्व

वि.सं. २०१६ देखि (१७ वर्षको कलिलो उमेरमा) गीत कोर्न थालेका अधिकारीको पहिलो गीत *जानुभयो देवकोटा कवि नेपालीलाई टुहुरो पारेर* (पर्चागीतः हाल अप्राप्य) हो । यसै गीतिरचनाका माध्यमबाट नेपाली साहित्याकासमा उदाएका अधिकारीले आफ्नो यात्रालाई निरन्तरता दिने क्रममा आजसम्म पुस्तकाकार कृतिका रूपमा **रहर लागेर** ( २०२४), **गामबेसीका गीत** (२०३४), **पहाडदेखि पहाडसम्म** (२०४१), **म त लालीगुराँस भएछु** (२०४२) **नफुलेका फूलहरू** (२०५३), **फेरी एउटा परिवर्तन** (२०५५), **तर देश हारिरहेछ** ( २०५७), **अकविता** (२०५८) र **युद्धका छायाँहरू** (२०६४) गरी जम्मा नौ वटा गीति कविता सङ्ग्रह प्रकाशित गरी सकेका छन् । त्यसै गरी २०६२ सालको पारिवारिक दुर्घटना ( श्रीमतीको निधन) पश्चात् गजल लेखनतर्फ बिस्तारै मोडिएका देखिन्छन् ।[६२] गजलको संरचना तथा सैद्धान्तिक पक्षको त्यत्ति राम्रो ज्ञान नभएकाले आफ्ना रचनालाई अगजलको

[६२] क्षेत्रप्रताप अधिकारी, पूर्ववत् ।

संज्ञा दिएका छन् ।[६३] हालै नेपाली कविता साहित्यमा देखा परेको हाइकु लेखन सन्दर्भमा नेपालको हाइकु लेखनको इतिहास तथा हाइजिन (हाइकु लेखक) का सम्बन्धमा प्रकाश पार्दै आफ्ना हाइकुहरू पनि समावेश गरेर **हाइकु र हाइजिन** (२०६४) नामक कृतिसमेत प्रकाशित गरेका छन् । यसका अतिरिक्त अन्य फुटकर कविता र गीत प्रकाशित र अप्रकाशित अवस्थामा समेत रहेका देखिन्छन् भने छिट्टै नै नयाँ कृति निकाल्ने सोचमा रहेको बताउछन् । गुणात्मक र सङ्ख्यात्मक दुबै दृष्टिले उनका अन्य व्यक्तित्त्वका सापेक्षतामा कवि तथा गीतकार व्यक्तित्त्व नै उच्च रहेको छ र यसै क्षेत्रबाट नै उनलाई साहित्यिक प्रतिष्ठा पनि मिलेको छ । समाजमा उनी अन्य व्यक्तित्त्वका दाँजोमा कवि तथा गीतकार व्यक्तित्त्वका रूपमा परिचित छन् ।

पहिलो प्रकाशित कृति **रहर लागेर** देखि **युद्धका छायाँ** सम्म आइपुग्दा नौ वटा गीत-कविता सङ्ग्रह  प्रकाशित भैसकेका छन् । उनका थुप्रै गीत रेर्कड भएका छन्, भइरहेका पनि छन् । फुटकर गीत गजल र कविता कति लेखियो भन्ने कुराको एकिन उनि आफैंसँग छैन । लोक गीत सङ्कलन र गायनपछि मौलिक गीत तथा कविता लेख्न थालेको बताउने अधिकारीका हरेक कविता र गीत देश र देशबासीको भलो हुने कुरामा केन्द्रित रहेका छन् । उनका हरेक रचना राष्ट्रियता, राष्ट्रिय एकता, अखण्डता र प्रकृतिप्रेमको भावभूमिमा अडेका छन् । सरल, सहज, प्रसादमय र कथ्यस्तरको भाषासमेत प्रयोग गरिएका उनका कवितामा प्रयुक्त बिम्ब र प्रतीकहरू पनि सहज, स्वभाविक र सुवोद्य  देखिन्छन् ।

सरल, सुललित र लयात्मक पद्यरचना नै गीत हो र संवेदनशील अनुभूतिलाई कलात्मक शैलीले सजाएर विभिन्न छन्द वा गद्यमार्फत सम्प्रेषित अभिव्यक्ति कविता हो भन्ने अधिकारीका रचना प्रेम, विरह, राष्ट्रियताका अनुभूति र उपयुक्त शिल्प विधानद्वारा सुसज्जित भएका छन् । उनका गीतमा कवितात्मक अनुभूति र कवितामा गीतिमय गुण पाइने हुनाले गीतकार र कवि व्यक्तित्त्व एकअर्कामा पूरक देखिन्छन् ।

[६३] ऐजन ।

### २.२.१.२ निबन्धकार व्यक्तित्त्व

क्षेत्रप्रताप अधिकारीलाई निबन्धकारका रूपमा चिनाउने कुनै पुस्तकाकार निबन्ध सङ्ग्रह प्रकाशित भएका छैनन् । उनले २०३१ सालमा मात्र निबन्ध लेखनमा हात हालेको देखिन्छ । उनका निबन्ध रचनाहरूमा *मेरा दुःखका दिन सम्बत दुई हजार चौध साल* (**मधुपर्क**, ७/१ २०३१ जेष्ठ, पृ. १११-११२), *बिर्सिएको बाटो* (**गो.प.**, ७४/१५२, २०३१ असोज १९ गते, पृ.५.), *बिर्सनै नसकिने* (**मधुपर्क**,७/६, २०३१, कार्तिक, पृ. ५२), *मेरो दुःखका दिन* (**मधुपर्क**,७/१०, २०३१ फागुन, पृ.४३) र *काठमाडौं-पोखरा-काठमाडौं* (**गो.प.**, ४/३०२,२०३१ फागुन २४, पृ.५) गरी जम्मा ५ वटा निबन्धात्मक रचनाहरू प्रकाशित छन् । संख्यात्मक हिसावले निकै कम देखिए पनि गुणात्मक हिसाबले भने यी निबन्धहरू उल्लेख्य मानिन्छन् । सरल र छोटा वाक्य र कथ्य भाषाको समेत प्रयोग भएका यी निबन्धहरू संस्मरणात्मक ढाँचामा देखिन्छन् । आफ्ना जीवनका दुःख सुखका घटनाहरूलाई नढाँटिकन जस्ताको त्यस्तै आफ्ना निबन्धको विषयवस्तु बनाएर उतार्ने उनका यी आत्मपरक निबन्धहरू कथात्मक गुणयुक्त, रोचक, आकर्षक र स्वतन्त्र देखिन्छन् । यस पछिका दिनहरूमा निबन्ध लेखनतर्फ बिमुख भएकाले उनको निबन्धकारिता त्यति फस्टाउन सकेको देखिन्न । तर विभिन्न कृतिहरूको भूमिका लेखनमा यदाकदा आजसम्म पनि लागी परेका छन् । यसलाई पनि उनी एक प्रकारको निबन्ध लेखन नै मान्दछन् ।

### २.२.१.३ अनुवादक व्यक्तित्त्व

गीतकार क्षेत्रप्रताप अधिकारीले अनुवादनको क्षेत्रमा समेत कलम चलाएर आफूलाई एक सफल अनुवादकका रूपमा चिनाएका छन् । यस सिलसिलामा अधिकारीले अनुवाद क्षेत्रमा उपन्यास, कथा, कविता, तान्का र हाइकुहरूको अनुवाद गरेको देखिन्छ । यस क्रममा एउटा वङ्गाली उपन्यास, दुईवटा जापानी उपन्यास, तीनवटा जापानी कविता सङ्ग्रह, दुइवटा जापानी कथा सङ्ग्रह र केही जापानी तान्का र हाइकुहरूको नेपाली अनुवाद गरेका छन् ।

प्रसिद्ध पाकिस्तानी उपन्यासकार शाहिदुल्ला कैसरको वङ्गाली उपन्यास **माझीकी स्वास्नी** को अङ्ग्रेजी सँस्करणको नेपाली अनुवाद गरी २०२६ सालमा युनेस्कोको प्रायोजनमा

साझा प्रकाशनबाट प्रकाशन गरे ।[६४] अनुवादकको नाम उल्लेख गर्ने प्रचलन नभएकोले अनुवादकको नाम नलेखिए तापनि यस कृतिका अनुवादक तात्कालिन साझा प्रकाशनका प्रबन्धक अधिकारी नै हुन् ।[६५] त्यसैगरी २०२७-२०२८ सालमा जापानी भोलेन्टियरलाई पढाउने जागीर पाई जापान गएका बखत जापानी टोयोटा फाउण्डेसन र हिमाली पुस्तकालयको सहयोगमा जापानी उपन्यासकार यासुनारी कावाजाताद्वारा लेखिएको र २०२६ सालमा नोबेल पुरस्कार प्राप्त गर्न सफल उपन्यास **हिमदेश** को नेपाली अनुवाद गरे ।[६६] यसका साथै २०४६ सालको राजनैतिक परिवर्तन पश्चात २०४७ मा अनुवाद प्रोजेक्टअन्तर्गत २ बर्ष जापान बसेका बेला जापानी उपन्यास **सानो बाबु**, कथाकार मियाजावा केन्जीको कथा सङ्ग्रह **आकाश गंगा यात्रा**, कथाकार तामियोका तेइकाको कथा सङ्ग्रह **भीरमुखा**, एक सय जापानी कविका दुईसय कविताको सङ्ग्रह **हिमजून फूल**, **केन्जीका कविता**, जापानी समकालीन आधुनिक कविता सङ्ग्रह **जापानी नवरत्न** र **अलौकिक बालकथा** कथा सङ्ग्रहको नेपाली अनुवाद गरे ।[६७]

## २.२.२ साहित्येत्तर व्यक्तित्त्व

क्षेत्रप्रताप अधिकारीले साहित्यिक कृतिका अतिरिक्त साहित्येत्तर लेखनमा समेत आफूलाई संलग्न गराएका छन् । यस सन्दर्भमा ऐतिहासिक–राजनैतिक विषयलाई लिएर नेपालको एकिकरणदेखि २०४६ सालसम्मको राजनैतिक–ऐतिहासिक गतिविधिलाई सारगर्भित ढङ्गले लेखिएको कृति **फ्रम गोर्खा टु सार्क** (गोर्खादेखि सार्कसम्म), नोभेम्बर, १९८७ अधिकारीको साहित्येत्तर कृति हो ।[६८] त्यसैगरी उनले २०५२ सालमा जापानी प्रोफेसरको सहयोगमा जापानको सरकारी फाउण्डेसनको प्रायोजनमा **जापानी साहित्यको इतिहास** नेपाली भाषामा लेखे ।[६९] यसका अतिरिक्त २०४६ सालतिर देखा परेका नेपाल–

---

[६४] खगेन्द्रप्रसाद लुइटेल, **क्षेत्रप्रताप अधिकारीका काव्य-प्रवृत्ति,** पूर्ववत्, पृ.२९ ।

[६५] ऐजन ।

[६६] ऐजन ।

[६७] क्षेत्रप्रताप अधिकारी, पूर्ववत् ।

[६८] ऐजन ।

[६९] ऐजन ।

भारत विवादजस्ता समसामयिक घटनालाई लिएर जापानी भाषामा पनि उनका प्रशस्त लेखहरू प्रकाशित भएका थिए ।[७०]

### २.२.२.२ बहुभाषी व्यक्तित्त्व

क्षेत्रप्रताप अधिकारी कवि तथा गीतकार मात्र नभएर एक सफल वहुभाषी ज्ञाता पनि हुन् ।[७१] उनलाई नेपाली, अङ्ग्रेजी, जापानी र हिन्दी गरी चार भाषाको राम्रो ज्ञान छ । नेपाली भाषा उनको मातृभाषा भयो भने अन्य तीन भाषा अध्ययन तथा जागीरका सिलसिलामा सिकेका थिए ।[७२] उनको साहित्यिक व्यक्तित्त्व निर्माण र विकासमा यस वहुभाषी ज्ञानले निकै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।[७३]

### २.२.२.३ सामाजिक–राजनैतिक व्यक्तित्त्व

प्राथमिक शिक्षाको समाप्तिसँगै काठमाडौं प्रवेश गरेका अधिकारी गरीब परिवारमा भएकाले पढ्नका लागि कुनै न कुनै जागीर खानु अनिवार्यता थियो ।[७४] विद्यार्थी जीवनमा आर्थिक कठीनाइले गर्दा राजनैतिक गतिविधिमा संलग्न नभएका अधिकारीले जागीरको सिलसिलामा जनसम्पर्क बढाउने मौका पाए र थरीथरीका मानिसहरूसँग उनको परिचय बढ्दै गयो भने अर्कातर्फ आफूले माथिल्लो पदमा जागीर खाएकाबेला आफ्नो जिल्लाका युवाहरूलाई पनि रोजगार प्रदान गर्ने कार्यमा उनी सकृय थिए ।[७५] यही बढ्दो जनसम्पर्क र जिल्लाबासी युवाबीचको निकटताले उनको सामाजिक–राजनैतिक व्यक्तित्त्वको निर्माणको आधारशीला हुनगएको थियो ।[७६] २०४२ सालमा पञ्चायती राजनीतिमा प्रवेश गरेका अधिकारीले २०४३ सालको आमनिर्वाचनमा तनहुँ जिल्लाबाट रा.प.स. मा अत्याधिक बहुमत

---

[७०] ऐजन ।

[७१] खगेन्द्रप्रसाद लुइटेल, **क्षेत्रप्रताप अधिकारीका काव्य-प्रवृत्ति,** पूर्ववत् पृ.३१ ।

[७२] ऐजन ।

[७३] ऐजन ।

[७४] ऐजन ।

[७५] ऐजन ।

[७६] ऐजन ।

प्राप्त गरी विजयी भएबाट पनि उनको सामाजिक तथा राजनैतिक लोकप्रियता प्रष्टिन्छ ।[७७] उनी २०४६ सालको मरिचमान सिंहको प्रधानमन्त्रिकालमा शिक्षा सहायक मन्त्रि पनि भएका थिए । [७८]

आफूलाई नास्तिक मान्ने अधिकारीले धार्मिक कुरीति र कुसंस्कारको चर्को बिरोध गर्दै समाज सुधारको लागि मनुस्मृति जलाउनु पर्ने धारणा व्यक्त गर्दछन् ।[७९] उनले हिन्दु सँस्कार र परम्परा बिपरीत आफ्नो मृत्यु पश्चात् आफ्नो काजकिरिया एवं श्राद्ध नगर्नु भन्ने इच्छापत्र जारी गरेका छन् ।[८०] यसका साथै उनले आफ्नो शब वी.पी. कोइराला स्वास्थ बिज्ञान प्रतिष्ठानलाई अध्ययनको लागि दान गरेका छन् ।[८१] त्यसकुरामा भोलिका दिनमा परिवारकोतर्फबाट कुनै बाधा-अड्चन नआओस् भनेर उनले दान संकल्पपत्रमा परिवारका सदस्य सबैको हस्ताक्षरसमेत गराएका छन् ।[८२]

हाल सक्रिय राजनैतिक जीवनबाट टाढै रहेका अधिकारी केही साथीहरूसँग मिलेर काठमाडौं विश्वविद्यालयको सम्बन्धनमा नेपाल कलेज अफ म्यानेजमेन्ट सञ्चालन गरेर बसिरहेका छन् ।[८३] यो कलेज कसैको नीजि लगानीमा सञ्चालन भएको नभई गुरुकुल शिक्षा प्रतिष्ठानको नाममा सञ्चालित छ तर यस कलेजको अध्यक्ष भने अधिकारी नै रहेका छन् ।[८४]

### २.२.३ जीवनी, व्यक्तित्त्व र साहित्यिक लेखनका बीच अन्तःसम्बन्ध

गीतकार क्षेत्रप्रताप अधिकारीको ६५ बर्षे जीवनावधिलाई हेर्दा उनको जीवनचक्र विभिन्न परिस्थिति एवं परिवेशका माझबाट पार भएको देखिन्छ । पारिवारिक आर्थिक

---

[७७] ऐजन ।

[७८] ऐजन ।

[७९] क्षेत्रप्रताप अधिकारी, पूर्ववत् ।

[८०] ऐजन ।

[८१] (क) ऐजन ।
(ख) **समय साप्ताहिक** असोज ९, २०६५, पृ. १० ।

[८२] ऐजन ।

[८३] ऐजन ।

[८४] ऐजन ।

अवस्था नाजुक भएको कारण शिक्षा आर्जन एवं दैनिक गुजाराका क्रममा भोग्नु परेका वाधाअड्चन र कठिनाइका साथै भरपर्दो जीविकाको खोजीमा व्यहोर्नु परेका विविध व्यवधान र समस्याहरू उनका जीवनका भौतिक यथार्थता हो । अध्ययनको क्रममा कुनै निश्चित ठाउँ र कार्य व्यापारमा स्थिर रहन नसकेका अधिकारीका अन्य व्यक्तित्त्वको तुलनामा साहित्यिक व्यक्तित्त्व अखण्डित र अविच्चलित नै रही उनका जीवनका अनेक पक्ष हाँसो अनि रोदनका मित्र बनेको छ, साहित्य सिर्जना आत्मतृप्तिको साधन बनेको छ । उनका रचनामा आफ्ना जीवनका वास्तविक भोगाईका यथार्थ अनुभवहरू प्रतिध्वनित भएका छन् । पछिल्ला अव्यवस्थित र अशृङ्खलित अवस्थादेखि हालको सुव्यवस्थित र सुशृङ्खलित क्षणसम्मका जीवन वृत्तबाट उनको लेखन र चिन्तनमा प्रशस्त प्रभाव परेका छन् । अधिकारीको आफ्नै वैयक्तिक जीवनका हरेक परिस्थिति एवं मोडहरूबाट नै उनका विविध व्यक्तित्त्वको निर्माण भएको हो । जीवनका भौतिक यथार्थता र वाह्य परिवेशबाट उनको सामाजिक साँस्कृतिक, राजनैतिक, वहुभाषिक, अनुवादक आदि व्यक्तित्त्वको निर्माण हुन गयो भने लोक संस्कृतिबाट परेका प्रभाव, नैसर्गिक प्रतिभा, गहन अध्ययन र क्रमिक लेखनका साथै भौगोलिक सामिप्य, क्षेत्रीय स्वाद र सुगन्धबाट कवि तथा गीतकार व्यक्तित्त्वको निर्माण हुन पुग्यो ।[८५]

उनको साहित्यिक व्यक्तित्त्व भित्र पनि कवि तथा गीतकार व्यक्तित्त्व नै सबैभन्दा उच्च र प्रतिष्ठित देखिन्छ र यस क्षेत्रमै उनको बढि लगाव, साधना, अनुभव र परिस्कार पाइन्छ । यस क्षेत्रलाई मार्गनिर्देशन गर्नेक्रममा भने अन्य व्यक्तित्त्वको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । लोकगीत, रोदी र सोरठीबीच बाल्यकाल बित्नु, अध्ययन क्रममा आर्थिक कठिनाइले गर्दा गीत गाएर बाँच्नु पर्ने वाध्यता आइपर्नु, साझा प्रकाशनसँगको जागीरे संलग्नताबाट साहित्यिक व्यक्तित्त्व एवं सर्जकसँग निकटता बढ्दै जानु आदि जस्ता उनका जीवनका विविध प्रसङ्गहरू उनको साहित्यिक व्यक्तित्त्व निर्माणका कारक सिद्ध भए भने अर्कातिर संवेदनशील अनुभूतिलाई कलात्मक शैलीले सजाएर विभिन्न छन्द वा गद्य मार्फत सम्प्रेषित अभिव्यक्ति नै कविता हो भन्ने अधिकारीको हृदय संवेद्य साहित्यले राजनैतिक सफलताका लागि मार्ग प्रशस्त गरेको देखिन्छ । सिर्जनामा भावनाको अभिव्यक्ति स्पष्ट, सरल र सहज शैलीमा दिई आफ्नो निजत्त्व कायम गर्न सफल अधिकारीको साहित्यिक व्यक्तित्त्वले पाँचदशक पार गरी सक्दा पनि निरन्तर साधनाशील र सृजनरत देखिन्छन् । उनी निकट

[८५] क्षेत्रप्रताप अधिकारी, पूर्ववत् ।

भविष्यमै अर्को कृतिको प्रकाशनको तयारीमा रहेका छन् । [८६] यसरी परिश्रमी र मेहनती सिर्जनशील अधिकारीको जीवन र साहित्य सिर्जनाका बीचमा एक अर्काको प्रभाव र अन्तः सम्बन्ध स्पष्टरूपमा परिलक्षित भएको पाइन्छ र अन्योन्याश्रीत सम्बन्ध पनि रहेको देखिन्छ ।

## २.२.४ निस्कर्ष

वि.सं. १९९९ चैत्र महिनामा तनहुँको ज्यामरुक बयापानीमा निम्नमध्यमबर्गीय कृषक परिवारमा जन्मिएका क्षेत्रप्रताप अधिकारी आफ्नो प्राथमिक शिक्षाको समाप्तिसँगै २०१५ सालमा शिक्षाआर्जन गर्ने उद्देश्यकासाथ काठमाडौं प्रवेश गरेका थिए । शिक्षाआर्जनसँगै कार्य क्षेत्रमा प्रवेश गरेका अधिकारीले आफ्नो जीवनको सम्पूर्ण अध्ययन, दिनको जागीर र रातको पढाईबाट सम्पन्न गरेका थिए । सुरुमा अत्यन्त दुःखकष्टका साथ जीवन धान्न वाध्य भएका अधिकारी हाल आफ्नो मेहनत र परिश्रमले गर्दा पारिवारिक आर्थिक अवस्थामा निकै सुधार ल्याई एक सम्पन्न जीवन बिताइरहेका छन् । छ दशक लामो आयु पार गरिसक्दा पनि अझै निरन्तर कार्यक्षेत्रमा कृयाशील रहेका छन् ।

*जानुभयो देवकोटा कवि नेपालीलाई टुहुरो पारेर* पर्चा गीतबाट २०१६ सालमा आफ्नो साहित्ययात्रा थालेका अधिकारीको हालसम्म नौ वटा गीतिकाव्यसङ्ग्रह प्रकाशित भइसकेका छन् । अन्य फुट्कर कविता गीत तथा गजल विभिन्न पत्रपत्रिकामा छरिएर रहेका अवस्थामा छन् त कति अझै अप्रकाशित अवस्थामै रहेका छन् । अनुवाद र निबन्ध विधामा समेत कलम चलाए तापनि अधिकारीको मूल लेखन विधा भनेको कविता तथा गीत नै हुन् जुन क्षेत्रमा हालसम्म पनि निरन्तर लागिरहेका छन् र यसै क्षेत्रले उनलाई समाजमा परिचित एवं प्रतिष्ठितसमेत तुल्याएको छ ।

प्रकृति चित्रण, राष्ट्रियता देशप्रेम समसामयिक घटना र युगिन यथार्थ प्रस्तुति, वैयक्तिक अनुभूति र आत्मकहानीको अभिव्यक्ति विश्वशान्ति र विश्वबन्धुत्त्वको आह्वान सहरप्रतिको वितृष्णा र गाउँप्रतिको आकर्षण सामाजिक आर्थिक असमानताको चित्रण मूख्य प्रवृत्ति रहेका अधिकारी समग्रमा भन्नु पर्दा आफ्नै जन्मथलो तनहूँको समाज, संस्कृति र प्रकृतिबाट उत्प्रेरित भई तिनका साथै आत्मकहानी र विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय प्रसङ्गलाई

[८६]. ऐजन ।

समेत विषयवस्तुका रूपमा प्रयोग गरी कविता गीत लेख्ने अधिकारीले मूलतः राष्ट्र, राष्ट्रिय जीवनप्रति अटल आस्था, श्रद्धा र प्रेम प्रकट गर्ने राष्ट्रवादी गीतकारका रूपमा आफूलाई उभ्याएका छन् । सहरीया कुटिलता र जटिलताबाट मुक्तभई ग्रामीण र प्राकृतिक सरलता र स्वच्छतालाई माया गर्ने स्वच्छन्दतावाद र मानवतावादलाई मुख्यतः आफ्ना कविता र गीतमा व्यक्त गर्ने अधिकारी गरीव र दीन-हीनप्रति सद्भावना व्यक्त गर्ने, उनीहरूको भलो चाहने र आर्थिक असमानतालाई समाप्त पार्नु पर्ने चाहनालाई व्यक्त गर्ने स्वच्छन्दतावादी प्रगतिवादी कविका रूपमा पनि देखिएका छन् । सरल, सुकोमल र लयालु नेपाली भाषाको प्रयोग गरी शृङ्खलित र प्रवाहपूर्ण शैलीमा अन्तः प्रेमभाव अनि ठाउँ ठाउँमा करूण र उत्साहभावलाई समेत व्यक्त गर्ने कवि क्षेत्रप्रताप अधिकारी कवितात्मक सम्प्रेषणीयतालाई कायम राख्दै नेपाली कविताको स्वच्छन्दतावादी धाराभित्रै रही कविता र गीत रचना गर्ने एक सफल राष्टप्रेमी कवि तथा गीतकार हुन् ।

# परिच्छेद तीन

# गीतकार क्षेत्रप्रताप अधिकारीको गीतियात्रा

अध्ययनको सिलसिलामा १६ बर्षको कलिलो उमेरमा काठमाडौं प्रबेश गरेका क्षेत्रप्रताप अधिकारीले १७ बर्षको उमेरदेखि नै गीत रचना गर्न थालेको तथ्यको चर्चा पहिलो परिच्छेदमा गरिसकिएको छ । आधुनिक नेपाली गीतिक्षेत्रका बहुचर्चित गीतकार अधिकारीले २०१६ सालदेखि नै गीत लेख्न थाली आजसम्म आफ्नो गीतलेखनको पाँच दशक लामो यात्रा पार गरिसकेका छन् । हाल आफ्नो मूल कार्यक्षेत्र क्याम्पस सञ्चालनलाई बनाए तापनि गीत लेखनलाई आफ्नो प्रमुख रुचि क्षेत्र बनाएर अनवरतरूपमा अघि बढिरहेका छन् ।

## ३.१ गीतकार क्षेत्रप्रताप अधिकारीको गीतियात्राको चरण विभाजन

खास गरेर गीतलेखनको इतिहासमा देखा परेका बिभिन्न गीतिप्रवृत्तिगत परिर्वतन, गीतात्मक परिणाम र गुणस्तर, गीतिधारात्मक प्रवृत्तिको अन्तरविकास र गीत तथा गीति सङ्ग्रह  प्रकाशनलाई आधार मानेर गीतकारको गीतियात्राको चरण विभाजन गर्ने गरिन्छ । गीतकार अधिकारीको पाँचदशक लामो गीतियात्राको इतिहासमा पनि त्यस्ता खास केही अभिलक्षण देखिन्छन् जसले उनको गीतियात्राको विभिन्न घुम्तिको निर्देश गर्दछ । हालसम्मको उनको गीतियात्रा अवधिलाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । ती तीन चरणहरू यस प्रकार रहेका छन्–

१) पहिलो चरण -     २०१६-२०४१ सालसम्म

(२) दोस्रो चरण -     २०४२-२०५७  सालसम्म

(३) तेस्रो चरण -     २०५८- हालसम्म

### ३.१.१ पहिलो चरण (२०१६-२०४१)

गीतकार क्षेत्रप्रताप अधिकारीले २०१६ सालदेखि नै गीत लेख्न थालेको हुनाले २०१६ साल उनको गीतियात्राको पहिलो घुम्ति हो र २०१६ सालदेखि २०४१ सालसम्म रचित उनका गीतहरू **'रहर लागेर** (२०२४), **गाम-बेशीका गीत** (२०३४) र **पहाडदेखि पहाडसम्म** कविता-गीत सङ्ग्रहहरूमा सङ्गृहीत छन् । यस अवधिमा उनले जम्मा २५ वटा गीतको रचना गरेको देखिन्छ । जसमध्ये ५ वटा गीत **रहर लागेर** (२०२४) मा , १२ वटा गीत

**गाम-बेसीका गीत** (२०३४) मा र ७ वटा गीत **पहाडदेखि पहाडसम्म** (२०४१) मा सङ्गृहीत छन् । सबैभन्दा पहिलो रचना, पर्चागीत हालसम्म पनि अप्राप्त अवस्थामै रहेको छ । त्यसैगरी २०४२ सालमा उनको अर्को कृति **म त लालीगुराँस भएछु** प्रकाशित भए तापनि उक्त कृतिमा अघिल्ला कृतिहरूमै प्रकाशित भइसकेका रचनाहरू नै मात्र समावेश भएको थियो । कुनै नौलो रचना समावेश नभएको कारण उक्त कृतिको खासै महत्त्व देखिन्न र चरण विभाजन क्रममा पनि उक्त कृतिको उल्लेख गरिरहनु आवश्क देखिंदैन । उनका गीतहरूको प्रथम प्रकाशन २०२४ सालदेखि हुन थाले पनि लेखनमा भने २०१६ सालदेखि नै निरन्तर लागेको पाइन्छ ।

संरचनागत आधारमा हेर्दा यस अवधिका उनका गीतहरू ३ देखि ७ अनुच्छेद र ८ देखि २१ हरफसम्ममा संरचित छन् । सिकारू अवस्थाका यस चरणका गीतहरू संरचना पक्ष त्यत्ति सङ्गठित नदेखिएकाले सालाखालामा हेर्दा केही कमजोर देखिनु स्वभाविक नै छ । यस चरणको सबैभन्दा लघु आयामको गीत *गीत हो एउटै नेपाली* हो जुन ४ अनुच्छेद र ८ हरफमा संरचित छ भने सबैभन्दा ठूलो आयामको गीत *मेरो देश: एक शब्द चित्र* हो जुन गीत ३ अनुच्छेद र २१ हरफमा संरचित छ । त्यस पछि क्रमशः *चौतारीमा राजा भेटियो* र *देशको माया गर्न गाह्रो छ* गीतहरू हुन् जुन ७ अनुच्छेद र २० हरफमा संरचित छन् । अप्राप्य अवस्थामा रहेको उनको सबैभन्दा प्रथम रचना *जानु भयो देवकोटा कवि* २०१६ सालमा अधिकारी आफैले गाएर बेचेको पर्चागीत थियो ।

कुनै पनि रचनाको मूलभावको द्योतन शीर्षकले नै गर्दछ । यस दृष्टिले हेर्दा यस चरणका उनका प्रायः गीतमा शीर्षक र मूलभावका बीचमा सामञ्जस्य र अन्तःसङ्गति पाइन्छ । विषयवस्तु वा भावभूमिका दृष्टिले हेर्दा उनका यस चरणका गीतमा विषयवस्तुगत विविधता पाइन्छ । यस अवधिमा रचित उनका गीतहरू वैयाक्तिक जीवनबाट माथि उठेर राष्ट्रिय जीवनमा केन्द्रित हुँदै शृङ्गारिक प्रेमबाट पनि प्रायः मुक्त भएका देखिन्छन् । यस चरणका गीतमा राष्ट्रिय प्रकृति, इतिहास र संस्कृतिको चित्रणद्धारा जातीय र भौगोलिक विविधतामा राष्ट्रिय एकता र विकासको भावना व्यक्त हुनाका साथै राष्ट्रियतामा जोड दिएका छन् । *देशको माया, नेपाल मेरो मुटु, गीत हो एउटै नेपाली, फूलबारी, एक गीत, , सीप र श्रम, , मेरो देश,: एक शब्द चित्र, देशको माया गर्न गाह्रो छ, नेपालीको गीत, चिसो चिसो, पसिनाको थोपा,* गीतमा राष्ट्रिय प्रकृतिको चित्रणका माध्यमबाट वैयाक्तिक स्वार्थलाई

बिर्सी राष्ट्रियता र राष्ट्र निर्माणका लागि आत्महोम गर्ने भावाभिव्यञ्जना एवं राष्ट्रिय एकता, अखण्डता र स्वाभिमानको भावनाका साथै राष्ट्र निर्माणको अठोट गरिएको छ ।

*एउटा गीत यो राष्ट्रको, चौतारीमा राजा भेटियो र हत्केलाको सीप* गीतमा राजनेतृत्त्वको महिमागान गर्दै राजारानीको सर्वत्र साक्षात्कारको भावना व्यक्त गरी राष्ट्रिय स्वाभिमान प्रकटीकारणका साथै आफ्नो तत्कालिन राजप्रति भक्तिभाव प्रर्दशन गरेका छन् । त्यसै गरी *लालीगुराँस, सम्भना गीत* र *टाढा को पो हुँदैन र* मा प्रकृतिको रमणीय चित्रण गरेका छन् । त्यस्तै *वैगुनीको गीत, माया भन्नु यस्तै हो कि, अमर माया, मुरली हो मेरो माया, कसले के के सुनाइदियो* र *तिमीसम्म आइपुग्दा* गीतमा मानवीय प्रेमको उच्चता र अमरताको साथै प्रेमाकर्षण र सर्मपणको रागात्मक भावाभिव्यञ्जना एवं हार्दिक संवेदना युक्त विरहपूर्ण प्रेमको अभिव्यक्ति प्रस्तुत गरेका छन् ।

यसरी यस अवधिका उनका गीतमा प्रमुख कथ्यका रूपमा राष्ट्रिय प्रकृति चित्रण, राष्ट्र विकासप्रतिको अनुरक्ति, राजसत्ताको महिमा गान, प्रेमको उच्चता र अमरताको साथै प्रेमाकर्षण र सर्मपणभाव व्यक्त हुन आएका छन् । यस चरणका १५ वटा गीत ध्वनिअङ्कन भएका छन् ।

| क्र.सं | गीतको बोल | प्रकाशन श्रोत/ मिति | रेकर्डिङ संस्था र एल्वमहरू | गायक/ गायिका | सङ्गीतकार |
|---|---|---|---|---|---|
| १ | लालीगुराँस | गामबेसीका गीत, पृ.१-२ काठमाडौं : साभा प्रकाशन, २०३४ | रेडियो नेपाल, म्युजिक नेपाल- लालीगुराँस, गीति श्रद्धाञ्जली भाग-३ | नारायण गोपाल | दिव्य खालिङ |
| २ | सम्भना गीत | ,, पृ.४-५ | रेडियो नेपाल | प्रेमराजा महत | प्रेमराजा महत |
| ३. | सीप र श्रम | ,, पृ.६ | रेडियो नेपाल | मदन दीपविम र अशोक देवान | मदन दीपविम |
| ४. | मेरो देश: एक शब्द चित्र | पृ.८ | | उर्मिला श्रेष्ठ र साथीहरू | गणेश रसिक |
| ५ | चौतारीमा राजा भेटियो | ,, पृ.४७ | रेडियो नेपाल | फत्तेमान र भक्तराज आचार्य | फत्तेमान |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | माया भन्नु यस्तै हो कि ! (तिमीले त हैन तिम्रा ) | ,, पृ.४९ | रेडियो नेपाल | वच्चु कैलाश र जयन्ती राजभण्डारी | नातिकाजी |
| ७ | मुरली हो मेरो माया | ,, पृ.५१ | रेडियो नेपाल | मीरा राणा | ,, |
| ८. | अमर माया | ,, पृ.५३ | - | दान प्रसाद गिरी | राम थापा |
| ९ | देशको माया गर्न गाह्रो छ | ,, पृ.५५ | रेडियो नेपाल | शान्ति थापा र सङ्गीता थापा | भैरव बहादुर |
| १० | तिमीसम्म आइपुग्दा | ,, पृ.८५ | रेडियो नेपाल, म्यूजिक नेपाल- लालीगुराँस, गीतियात्रा भाग-१ | नाराणय गोपाल | नारायण गोपाल |
| ११ | नेपालीको गीत | ,, पृ.८६ | रेडियो नेपाल | ज्ञानु राणा, तिर्थकुमारी र साथीहरू | गणेश रत्न |
| १२. | चिसो चिसो | ,,पृ.८७ | रेडियो नेपाल | उर्मिला श्रेष्ठ र साथीहरू | हिरण्य भोजपुरे |
| १३. | पसिनाको थोपा | ,, पृ.८८ | रेडियो नेपाल | फत्तेमान र साथीहरू | नातिकाजी |
| २४. | हत्केलाको सीप | ,, पृ.८९ | रेडियो नेपाल | रचना जि.सि. र साथीहरू | गणेश रत्न |
| १५. | एउटा वाचा | ,, पृ.९०-९१ | रेडियो नेपाल | गंगा राणा र साथीहरू | कृष्णमान |

गीतहरूको ढाँचा वृत्तात्मक देखिए तापनि पर्याधार वैयाक्तिक र सामाजिक एवं प्रस्तुति वक्तव्यपरक र सम्वोधनात्मक दुवै रहेका छन् । लय विधानका दृष्टिले हेर्दा उनका यस चरणका गीतहरू लोकलयात्मक रहेका छन् । मूलतः प्राकृतिक, सामाजिक, साँस्कृतिक, पौराणिक, ऐतिहासिक, र ग्रामीण र सहरीया नेपाली जनजीवन आदि क्षेत्रका कतिपय प्रचलित एवं नवीन बिम्बको प्रयोग गरेर उनले आफ्ना गीतमा आलङ्कारिकता थपेका छन् ।

उनका यस चरणका गीतमा तद्भव र झर्रा नेपाली शब्दको अत्याधिक प्रयोग पाइन्छ । कतिपय गीतमा उनले नेपाली भाषाका कथ्यरूपको प्रयोग पनि गरेका छन् जसले

गर्दा गीतमा ललित, सुकोमल, सरल, कथ्य शब्दको चयन र शृङ्खलित शैलीको प्रयोग भएको देखिन्छ । यस चरणका उनका गीतहरूको शैलीलाई हेर्दा केही निमार्णको झझल्को भेटिन्छ । खास गरेर अनुप्रास योजनाका क्रममा उनले यस अवधिमा प्रयोग गरेको तुकान्त प्रयोग बनावटी किसिमको देखिन्छ । अभिव्यक्तिको क्रमवद्धता पनि सबै गीतमा कायम रहन सकेको पाइन्न । यसर्थ उनको यस अवधिको गीतात्मक शैली पूर्णरूपले माझिएको देखिन्न । यद्यपि भाषाशैली भने सरल नै रहेको छ ।

गीतकार अधिकारीले *जानुभयो देवकोटा कवि नेपालीलाई टुहुरो पारेर* (२०१६) पर्चागीतबाट आफ्नो लेखन यात्राको थालनी गरेकाले उनी प्रथमत देवकोटेली काव्यधाराप्रति आर्कषित भएको पाइन्छ । स्वच्छन्दवादी वाक्य चेतनाको प्रशस्त प्रभाव उनमा भेटिन्छ ।

२०१६ सालदेखि २०४१ सालसम्मको अवधि गीतकारको अधिकारीको जीवन संर्घषको अवधि थियो । आर्थिक विपन्नता ग्रस्त समयभित्र शिक्षा आर्जनको उत्कृष्ट अभिलाषालाई पुरा गर्न संघर्षशील अधिकारीलाई यस अवधिभित्र जागिर खाँदै शिक्षा आर्जनको क्रमलाई पनि चालु राख्नु परेको थियो । जीवनका यी नै कठीन क्षणहरूमा उनले आफ्नो गीत लेखन यात्रा थालेर लेख्दै गए त्यसैले उनका जीवनका अस्तव्यस्ततामा लेखिएका यस चरणका गीतहरूले गुणात्मक स्तरीयता पाउन सकेनन् ।

### ३.१.२ दोस्रो चरण (२०४२-२०५७)

गीतकार अधिकारीको गीतियात्राको देस्रो चरणको थालनी २०४२ सालदेखि हुन्छ यहाँसम्म आईपुग्दा गीतकार अधिकारीले आफ्नो जीवनको अनेकौं आरोह-अवरोह पार गरी सकेका हुन्छन् र उनका सोचाइमा समेत प्रौढता देखा पर्न थाल्दछ । जीवनको आर्थिक विपन्नता कम हुदै क्रमशः आर्थिक सम्पन्नता बढन थाल्दछ र जीवनमा स्थिरता आउन थाल्दछ यतीखेरसम्म आइपुग्दा देश विदेशका विभिन्न स्थल र सहरको भ्रमणबाट पर्याप्त अनुभव बटुलीसकेका अधिकारीमा क्रमशः सहरीया सभ्यताप्रति वितृष्णा र ग्रामीण जनजीवनप्रतिको आर्कषण बढ्न थालेको पाइन्छ । यस चरणमा अधिकारीले ६४ वटा गीतको रचना गरेको देखिन्छ । तीमध्ये १८ वटा गीत **नफुलेका फुलहरू** (२०५३), ८ वटा गीत **फरि एउटा परिर्वतन** (२०५५) मा र ३३ वटा गीत **तर देश हारिरहेछ** (२०५७) कविता सङ्ग्रहहरूमा सङ्गृहीत छन् भने बाँकी ५ वटा गीत फुटकर अवस्थामा रहेका छन् ।

संरचनागत आधारमा हेर्दा यस अवधिका उनका गीतहरू ३ देखि ८ अनुच्छेद र १२ देखि ३५ हरफसम्ममा संरचित छन् । यस अवधिका गीतहरूमा *मन हराएको सूचना* ( **नफुलेका फूलहरू,** पृ. १४) र *मन मेरो मान्दैन* (**फेरि एउटा परिर्वतन**, पृ. २३) ४ अनुच्छेद १२ हरफमा संरचित सबैभन्दा लघु आकारका गीत हुन् भने *माटो साझा नभन्दिनु* ( **फेरि एउटा परिर्वतन**, पृ. १४) सबैभन्दा वृहत आकारको गीत हो । अधिकाशं गीतहरू संरचनात्मक सुत्रहीनतातिर उन्मुख भएका अधिकारीका यस चरणका गीतहरूको संरचना पक्षलाई हेर्दा संरचनागत विस्तार र सुगठन मूलप्रवृत्तिका रूपमा रहेका देखिन्छन् ।

शीर्षक र मूलभावका बिचमा अन्तःसङ्गति कायम गर्ने उनको अघिल्लो चरणको प्रवृत्तिमा केही परिवर्तन देखिएको छ, धेरैजसो रचनामा पुरनै प्रवृत्ति देखिए तापनि केही गीतमा साङ्केतीक, सङ्गति प्रदान गर्ने नयाँ प्रवृत्ति देखापरेको छ । उदाहरणका लागि *स्वर सम्राटमा समर्पित एउटा गीत, लाहुरी भाउजू* आदि हुन् । राष्ट्रियता र प्रेम कथ्यलाई लिएर रचिएका यस चरणका गीतमा पूर्ववर्ती गीतमा भन्दा प्रशस्त भावगत नवीनता देखिन्छ । राष्ट्रिय सङ्कटको वेला सबै एकजुट भएर त्यसको सामना गर्नु पर्ने भावना व्यक्त, राष्ट्रिय प्रकृति र इतिहासको चित्रणका माध्यमबाट नेपाली पूर्खाहरूको वीरताको बखान, राष्ट्रिय एकता र निर्माणको लागि आह्वान, सुगौली सन्धि पश्चात नेपाली सार्वभौमिकतामाथि पर्न गएको चोटको मार्मिक प्रस्तुति, देशको युवाशक्ति पलायन हुदै गइरहेको आजको सन्दर्भ आदिलाई मार्मिकरूपमा प्रस्तुत गर्दै विदेशीएका नेपालीलाई राष्ट्र सम्झाउने प्रयत्न, भूपरिवेष्ठित राष्ट्र त्यसमा पनि चारै सीमा शक्तिशाली राष्ट्रसँग जोडिएको परिस्थितिमा सानो राष्ट्र नेपालको दक्षिणी सीमामा भइरहने सीमा अतिक्रमणको दयनीय चित्रण, नेपाली शासकको निरिहताको बखान, त्यसप्रति सजग रहन र आवश्यक परेमा वीरता प्रदर्शन गर्न वीर नेपालीलाई आह्वान गरिएका जस्ता विषयवस्तुहरू राष्ट्रिय विषयवस्तुका रूपमा आएका छन् ।

२०५८ साल अघिसम्म गीतकार अधिकारीका गीतमा राजसंस्थाप्रति सद्भाव पनि रहेको थियो । राजा नेपालको राजतन्त्रात्मक राजनैतिक इतिहास बानउने शक्ति हो भन्ने कुरालाई गीतकार अधिकारीले आफ्ना गीतमार्फत सकारात्मक दृष्टिले चित्रण गरेका थिए । *माटो साझा नभन्दिनु* (**फेरि एउटा परिवर्तन**, पृ.१४) गीतमा राजनेतृत्वको महिमागान गर्दै राजा रानीको सर्वत्र साक्षात्कारको भावना व्यक्त गरी राष्ट्रिय स्वाभिमान प्रकटीकरणका साथै आफ्नो तत्कालिन राजभक्तिको प्रर्दशन गरेका छन् । त्यसै गरी *शुभकामना गीत, गोदावरीको*

*गीत, रोल्पाको गीत* र *राम्रो केही छैन* मा प्रकृतिको विविधता, प्राकृतिक विच्चलन, प्रकृतिको रुखोपन जस्ता प्राकृतिक विविधताको चित्रण गरेका छन् । त्यस्तै *कस्तो बानी बस्यो !, मन हराएको सूचना, मन मेरो मान्दैन, देखे देखे जस्तो लाग्यो, के के लाग्यो, निष्ठुरी मायालु* आदि गीतहरूमा मानवीय प्रेमको उच्चता र अमरताको साथै प्रेमाकर्षण र सर्मपणको रागात्मक भावाभिव्यञ्जना एवं हार्दिक संवेदनायुक्त विरहपूर्ण प्रेमको अभिव्यक्ति प्रस्तुत गरेका छन् । प्रेममय शृङ्गार भावको अभिव्यञ्जना गर्दै प्रेम मिलन र विरहको चित्रण गरेका छन् ।

गीतकार अधिकारीले यस चरणमा आएर आफ्ना गीतमा जनजीवनका विसङ्गत प्रवृत्तिलाई व्यङ्ग्य प्रहार गरेका छन् । उनले सामाजिक र राजनैतिक विसङ्गतिलाई कलात्मक शिल्पमा उनेका छन् । उनका *पत्याऊँ कसरी !, माटो साझा नभन्दिनु, त्यसै बगे पानीहरू,* जस्ता गीतमा राजनीतिक विकृतिप्रति बढी व्यङ्ग्य  पोखिएको छ । परिवर्तनको नाममा भएको आडम्बरी व्यवहारलाई गीतकार अधिकरीले गीतमार्फत वर्णन गरेका छन् । उनले देशमा उत्पन्न व्यापक भ्रष्टाचार, घुसखोरी, ढिलासुस्ति तथा राजनैतिक दलका गतिविधिमा देखिएका अनियमिततालाई व्यङ्ग्यको विषय बनाएका छन् । आफ्नो स्वर्थसिद्धिका लागि राष्ट्रिय स्वाभिमान र अखण्डतालाई नै बाजी राख्ने घृणित परिपाटीप्रति चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । यसका साथै उनले समाजिक, आर्थिक र साँस्कृतिक विसङ्गतिप्रति कलात्मक व्यङ्ग्य पोखी आफ्ना गीतमार्फत त्यस्ता कमजोरीलाई सुधारको निम्ति सन्देश प्रकट गर्दछन् ।

यसरी यस अवधिका उनका गीतमा प्रमुख कथ्यका रूपमा राष्ट्रिय प्रकृति चित्रण, राष्ट्र विकासप्रतिको अनुरक्ति, राजसत्ताको महिमा गान, प्रेमको उच्चता र अमरताको साथै प्रेमाकर्षण र समर्पणको भावका साथै जनजीवनका विसङ्गत प्रवृत्तिलाई व्यङ्ग्य प्रहार व्यक्त हुन आएका छन् । यस अवधिका उनका गीतको ढाँचा वृत्तात्मक नै रहे तापनि अधिकांश गीतको प्रस्तुति सम्वोधनात्मक र पर्याधार वैयाक्तिक एवं सामाजिक देखिन्छ । लय विधानका दृष्टिले हेर्दा उनका यस चरणका गीतहरू लोकलयात्मक रहेका छन् । मूलतः प्राकृतिक, सामाजिक, साँस्कृतिक, पौराणिक, ऐतिहासिक, र ग्रामीण-सहरीया नेपाली जनजीवन आदि क्षेत्रका कतिपय प्रचलित एवं नवीन बिम्बको प्रयोग गरेर उनले आफ्ना गीतमा आलङकारिकता थपेका छन् । यस चरणका गीतमा अनुप्रसिकता र लोकलयात्मक

साङ्गीतिकता अत्यन्त तीव्र बनेको छ । यस चरणका १८ वटा गीत ध्वनिअङ्कन भएका छन् ।

| क्र. सं | गीतको बोल | प्रकाशन श्रोत/ मिति | रेकर्डिङ संस्था र एल्वमहरू | गायक/ गायिका | सङ्गीतकार |
|---|---|---|---|---|---|
| १ | जीन्दगीमा धेरै कुरा गर्न | नफुलेका फूलहरू, पृ.१ काठमाडौं :साझा प्रकाशन, २०५३ | म्यूजिक नेपाल- आरोह, आँखा फरफरायो | रामकृष्ण ढकाल | चन्दनकुमार श्रेष्ठ |
| २ | बिर्सुभन्दा सम्झना पो बल्झे | ,, पृ.१४ | म्यूजिक नेपाल- लालीगुराँस | किरण प्रधान | दिव्य खालिङ |
| ३ | आफ्ना आफ्ना घाउ हुन्थे | ,, पृ.१९ | रेडियो नेपाल | गोपाल योञ्जन र किरण प्रधान | गोपाल योञ्जन |
| ४ | लामो आयू ज्यूँछु भन्थेँ | ,, पृ.२४ | रेडियो नेपाल | श्याम गुरुङ | भरत लामा |
| ५ | कैले यता कैले पिपल पाते | ,, पृ.२९ | म्यूजिक नेपाल- लालीगुराँस | जयन्ती राजभण्डारी | शिव शंकर |
| ६ | कैले कहाँ कसरी हो | ,, पृ.३७ | रेडियो नेपाल | यसोदा पराजुली | गणेश पराजुली |
| ७ | लाको माया लाइन नभन | ,, पृ.४० | म्यूजिक नेपाल- आँखा फरफरायो | राजु लामा र सुनिता सुब्बा | मदन दिपविम |
| ८ | बेसारेको बातै रसिलो | ,, पृ.७६ | ,, | शम्भु राई र कुन्ती मोक्तान | मदन दिपविम |
| ९ | आफैँलाई विर्सिएर यो मन | ,, पृ.८५ | - | रामकृष्ण ढकाल | पारस मुकारुङ |
| १० | आऊ हिमाली, पाखे, देशी,.. | ,, पृ.९३ | रेडियो नेपाल | गणेश पराजुली, यशोदा पराजुली र साथीहरू | गणेश पराजुली |
| ११ | निष्ठुरी मायालु | तर देश हारिरहेछ, पृ.९३ | म्यूजिक नेपाल- आँखा फरफरायो | कुन्ती मोक्तान | शिलाबहादुर मोक्तान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | काठमाडौँ : अक्षर प्रकाशन, २०५७ | | | |
| १२ | आउँछु भन्यौ तिमी आइनौ | ,, पृ.९४ | - | योगेश्वर अमात्य | न्हुँ वज्राचार्य |
| १३ | भूल गरी सानीले | ,, पृ.९७ | ओपल इन्टरनेस्नल- शीतको थोपा | भीम चापागाईं | साम्बदेब |
| १४ | नेपाली रगत नसुके सम्म (झण्डाको गीत) | ,, पृ.९९ | – लेपाल वन्दना | रामकृष्ण ढकाल | चन्द्रकुमार श्रेष्ठ |
| १५ | हिमाल भन्दा अर्को | पृ. १०२ | रेडियो नेपाल | प्रकाश श्रेष्ठ | शिव शंकर |
| १६ | झापा झऱ्यो कि/ हराएको माया | ,, पृ.१०४ | ओपल इन्टरनेस्नल- शीतको थोपा | कुन्ती मोक्तान/ सपना श्री | साम्बदेब/ निरमान गुरुङ |
| १७ | तिम्रो सम्झनाले | ,, पृ.१०६ | म्यूजिक नेपाल | यम बराल | शिलाबहादुर मोक्तान |
| १८ | यो पाखोमा पैलोचोटी/ नगरकोट | ,, पृ.१२३ | ओपल इन्टरनेस्नल- शीतको थोपा | धिरज राई | साम्बदेब |

यस चरणका उनका गीतमा विषयवस्तुगत विविधता पाइन्छ । यस अवधिका उनका रचना राष्ट्रियताको महिमागान गर्न मात्र सिमित नरहेर सामाजिक मनोविज्ञान, प्रेमजन्य भावानुभूति, समाजको विसङ्गति, विकृति र विमति आदिको चित्रण एवं तीप्रति तीव्र आलोचना र व्यङ्ग्य  प्रकट गरिएका देखिन्छन् । उनका गीतमा स्वदेशी प्रकृति चित्रण, राष्ट्रिय एकताको आह्वान, नेपालीको गौरव गान र विकासको चाहाना, तात्कालिन नेपाल भारत सम्बन्धको चर्चा, राष्ट्रिय एकताको भावना व्यक्त, शस्त्रास्त्रको विरोध, शान्तिको आह्वान, आर्थिक असमानता र युगीन यथार्थको वस्तुस्थितिको चित्रण गर्नुको साथै राजमहत्ताको प्रस्तुति पनि गरेको पाइन्छ । यस चरणका उनका गीतमध्ये, *लाहुरी भाउजु र पत्याउँ कसरी,* समाजको विसङ्गति, विकृति र विमतिको चित्रण एवं तीप्रति व्यक्त असन्तुष्टि एवं व्यग्य प्रहारको नमूना हो । *स्वर सम्राटप्रति सर्मपित एउटा गीत* आजको

समाजमा देखा परेको विकृति र विसङ्गति उजागर गर्ने गीत हो । जसमा एक स्वाभिमानी कलाकारले प्रसिद्धि पाउन मर्नै पर्ने असामयिक मृत्यु बरण गर्नै पर्ने अवस्थाको समाजको चित्रण गरेका छन् । यसरी गीतकार अधिकारी यस चरणका गीतमा प्रयुक्त विषयवस्तुगत प्रवृत्तिलाई समष्टिमा हेर्दा विकास शान्ति र मानवतावादको चाहान राष्ट्रियता देशप्रेम, शृङ्गारिकता समसामयिक घटनाको आत्मधारणका साथ यथार्थ प्रस्तुति विश्व शान्ति र विश्व बन्धुत्त्वको भावना, विकासको चाहाना, वैयाक्तिक घटनाको सार्वजनिक र मार्मिक प्रस्तुति र राष्ट्रिय सङ्कटको व्यङ्ग्यात्मक चित्रण गरेको पाइन्छ । यी सबै गीतमा गीतकारको स्वच्छन्दवादी भावचेतना प्रकटीत भएको छ । पूर्ववर्ती चरणमा भन्दा यस चरणका उनका गीतमा विषयवस्तुगत प्रवृत्तिमा केही नवीनता, गुणात्मक वृद्धि र केही प्रवृत्तिगत परिवर्तन भने अवश्य पाइन्छ त्यसै गरी स्वच्छन्दतावादी स्वर पनि अत्यन्तै तीव्र बनेको छ ।

यस अवधिका रचनामा प्राकृतिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक, ग्रामीण-सहरीया जनजीवन, परिवेश आदि विभिन्न क्षेत्रका प्रचलित र नवीन बिम्बको प्रयोगले भावतादात्म्य प्राप्त गरेको छ । कविताको मूलभावको शक्तिलाई उत्कर्ष प्रदान गर्नेखालकै बिम्बविधानले यस चरणका उनका गीतलाई उत्कृष्ट तुल्याउनमा मद्दत पुऱ्याएको छ । अझ कतिपय गीतमा प्रयुक्त बिम्बभावकै सहजात प्रतीत हुनाले यस चरणमा आएर उनको बिम्ब प्रयोगको कौशल निकै बढेको पाइन्छ ।

प्राकृतिक, साँस्कृतिक, जनजीवनसँग सम्बन्धित बिम्बको प्रयोगले उनका गीतका कथ्यको सौन्र्दयलाई बढाएको छ । भाषाशैलीका दृष्टिले उनका यस अवधिका गीतलाई हेर्दा उनले सरल र सुकोमल, स्पष्ट र परिष्कृत भाषाको प्रयोग गरेको पाइन्छ । यस आधारमा उनका गीतका भाषा प्रसाद गुणले युक्त छन् भन्न सकिन्छ । उनले एकातिर तद्भव र झर्रा शब्दको अत्याधिक सन्तुलितरूपमा प्रयोग एवं तत्सम शब्दको प्रयोगको मात्रा पनि बढाएका छन् । उनले गीतहरूमा तद्भव, र झर्रा शब्दको अत्याधिक सन्तुलित प्रयोग गरी आदेशात्मक, सम्बोधनात्मक, प्रश्नोत्तरात्मक, सम्बादात्मक, प्रथम पुरुषात्मक, स्वभाविक र शृङ्खलित शैलीको विकास गरेका छन् । तत्सम, तद्भव र झर्रा नेपाली शब्दको सरल र सन्तुलित प्रयोगले उनको अभिव्यक्तिलाई स्तरीयता प्रदान गरेको छ । यस अवधिका रचनामा भाषिक प्रयोग सरलता र स्वाभाविकता कायम राख्दै स्तरीयतालाई समेत बर्णन गर्न पुगेको छ । यसका साथै भाषिक प्रयोग र विषयका बीच अत्यन्त निकटको

सम्बन्ध भेटिन्छ र उनको यो भाषिक वर्णयोजना र शब्दयोजनाले सारंशमा भन्नु पर्दा भाषिक पुनरावृत्ति चेत र अनुप्राशमय भाषिक विज्ञानले यस चरणका उनका गीतमा नवीनता थपेको छ । यस अर्थमा हेर्दा उनमा क्रमशः भाषिक र शैलीगत सचेतताको विकास भइरहेको पाइन्छ ।

### ३.१.३ तेस्रो चरण (२०५८-हालसम्म)

२०५८ देखि हालसम्मको अवधि गीतकार क्षेत्रप्रताप अधिकारीको गीतियात्राको तेस्रो चरण हो । यहाँसम्म आइपुग्दा देशको राजनैतिक घटनाक्रममा निकै उथल-पुथल हुनाका साथै उनको व्यक्तिगत जीवनले पनि निकै प्रौढता पाइसकेको हुन्छ । यिनै परिस्थिति एवं घटनक्रमले उनको लेखन क्षेत्रमा निकै परिर्वतन देखापर्दछ । विषयवस्तु एवं प्रवृत्ति दुबैमा निकै परिवर्तन देखापरेकोले गर्दा नै यो अवधि दोस्रो चरणबाट अलग्गिएको हो । यस चरणमा अधिकारीले ४२ वटा गीतको रचना गरेको देखिन्छ । तीमध्ये २५ वटा गीत **अकविता** (२०५८) र १० वटा गीत **युद्धका छायाँहरू** (२०६३) कविता-गीत सङ्ग्रहहरूमा सङ्गृहीत छन् भने बाँकी ७ वटा गीत फुटकर अवस्थामा रहेका छन् ।

संरचनागत आधारमा हेर्दा यस अवधिका उनका गीतहरू ४ देखि ९ अनुच्छेद र १४ देखि ३० हरफसम्ममा संरचित छन् । यस अवधिका गीतहरूमा *अँधेरो* (**अकविता पृ. ८८**) र *जननी* (**समय साप्ताहिक, वर्ष ५, अङ्क २११ पृ. ५३**) ९ अनुच्छेद ३० र २६ हरफमा संरचित सबैभन्दा वृहत आकारका गीत हुन् भने *हाम्रो बारेमा* र *ऋतुराग* ( **अकविता**, पृ. ७९, ८२) सबैभन्दा लघु आकारका गीत हुन् । अधिकांश गीतहरू संरचनात्मक सूत्रहीनतातिर उन्मुख भएका अधिकारीका यस चरणका गीतहरूको संरचना पक्षलाई हेर्दा संरचनागत विस्तार र सुगठन मूल प्रवृत्तिका रूपमा रहेका देखिन्छन् ।

शीर्षक र मूलभावका बीचमा अन्तःसङ्गति कायम गर्ने उनको अघिल्लो चरणको प्रवृत्ति मा यथावत नै रहेको छ । राष्ट्रियता र प्रेम कथ्यलाई लिएर रचिएका यस चरणका गीतमा पूर्ववर्ती गीतमा भन्दा प्रशस्त भावगत नवीनता देखिन्छ । *सानो देश ठूलो भाग्य, नेपाल वन्दना, आउँदै गर है, डायसपोराको गीत, जननी, को ठूलो, जाँ गएपनि, देश गाएर मर्छु* आदि गीतहरूमा राष्ट्रिय स्वभिमान र राष्ट्रिय अस्तित्त्व नै व्यक्तिको पहिचान भएको कुरा व्यक्त, प्राकृतिक र भौगोलिक अवस्थितिको चित्रणका माध्यमले राष्ट्रिय एकता र अखण्डताको भावना, देशमा प्रजातन्त्रका लागि आफ्नो प्राण आहुती दिने वीर सपुतहरूको

सम्झनामा ती मृतात्माहरूलाई पूनः आफ्नै जन्मभूमिमा पुनर्जन्म लिएर आउने आग्रह, विदेशीएका नेपालीमा आफ्नो राष्ट्र र राष्ट्रियताको झल्को सँधै रहिरहनेभाव आदिजस्ता विषयवस्तुहरू राष्ट्रिय विषयवस्तुका रूपमा आएका छन् ।

गीतकार अधिकारीले यस चरणमा पनि आफ्ना गीतमा जनजीवनका विसङ्गत प्रवृत्तिलाई व्यङ्ग्य प्रहार गरेका छन् । उनले सामाजिक र राजनैतिक विसङ्गतिलाई कलात्मक शिल्पमा उनेका छन् । प्रशासनमा व्याप्त घुसखोरीप्रति तीब्र आलोचना, जनयुद्धको नाममा मच्चिएको अशान्तिले छाएको अँधेरोको चित्रणजस्ता राजनैतिक विकृतिलाई बढी व्यङ्ग्य पोखिएको छ । परिवर्तनको नाममा भएको आडम्बरी व्यवहारलाई गीतकार अधिकरीले गीतमार्फत वर्णन गरेका छन् । उनले देशमा उत्पन्न व्यापक भ्रष्टाचार, घुसखोरी, ढिलासुस्ति तथा राजनैतिक दलका गतिविधिमा देखिएका अनियमिततालाई व्यङ्ग्यको विषय बनाएका छन् । अशान्ति एवं राजनैतिक बेथिति एवं नेताहरूको छिचरोपनाले बढ्दै गइरहेको वैदेशिक चलखेलप्रति असन्तुष्टि एवं आफ्नो स्वर्थसिद्धिका लागि राष्ट्रिय स्वाभिमान र अखण्डतालाई नै बाजी राख्ने घृणित परिपाटीप्रति चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । यसका साथै समाजिक, आर्थिक र साँस्कृतिक विसङ्गतिप्रति कलात्मक व्यङ्ग्य पोखी आफ्ना गीतमार्फत त्यस्ता कमजोरीलाई सुधारको निम्ति सन्देश प्रकट गरेका छन् ।

यस चरणका उनका गीतहरू वैयाक्तिक जीवनबाट माथि उठेर राष्ट्रिय जीवनमा केन्द्रित हुँदै शृङ्गारिक प्रेमबाट पनि प्रायः मुक्त भएका देखिन्छन् । उनले वैयक्तिक स्वार्थलाई बिर्सी मानवीय प्रेमभन्दा राष्ट्रप्रेमका गीतहरू ज्यादा रचना गरेका छन् । *किन लजाएको !, तिमीसित आँखा जुधे* (**अकविता**, पृ. ७२, ८०) र *इ-गीत* जस्ता गीतहरूमा मात्र मानवीय प्रेमको उच्चता र अमरताको साथै प्रेमाकर्षण र सर्मपणको रागात्मक भावाभिव्यञ्जना एवं हार्दिक संबेदनायुक्त विरहपूर्ण प्रेमको अभिव्यक्ति प्रस्तुत गरेका छन् । प्रेममय शृङ्गारभावको अभिव्यञ्जना गर्दै प्रेम मिलन र विरहको चित्रण गरेका छन् । *हिमको छायाँ, ॠतुराग, मायाको रङ्ग, गाउँको गीत,* र *मेरो गाउँठाउँ* गीतहरूमा राष्ट्रिय प्रकृतिको चित्रणका माध्यमबाट आफ्नो गाउँघरको रमणीय प्रकृतिको वर्णन, राष्ट्रियता र राष्ट्र निर्माणका लागि आत्महोम गर्ने भावाभिव्यञ्जना, प्रकृतिको रमणीयता र वसन्त आगमनसँगै आफ्नी प्रेमिकाको पनि आगमन भइदियोस भन्ने आसा व्यक्त गरिएको छ । २०५८ सालको दरवार हत्याकाण्ड र २०६२ सालमा भएको पारिवारिक दुर्घटना (श्रीमतीको निधन) पश्चात् विक्षिप्त

बनेका गीतकार अधिकारीले आफ्ना`दुखेसो भावना तथा विरह यस चरणको उत्तरार्द्धमा आएर  गजलशैलीमा ढालेर प्रस्तुत गर्ने जमर्को गरेका छन् । उदाहरणको लागि *अगजल* ( **युद्धका छायाँहरू**, पृ.२३) लाई लिन सकिन्छ । जुन शैली यस चरणको उनको एकमात्र नौलो आयाम हो । यस चरणका २० वटा गीतहरू ध्वनिअङ्कित भएका छन् ।

| क्र. सं | गीतको बोल | प्रकाशन श्रोत/ मिति | रेकर्डिङ संस्था र एल्वमहरू | गायक/ गायिका | सङ्गीतकार |
|---|---|---|---|---|---|
| १ | आंगनीसम्म आएर पनि/ एकोहोरो माया | अकविता, पृ.७१ काठमाडौं : अक्षर प्रकाशन, २०५८ | ओपल इन्टरनेस्नल- शीतको थोपा | सपना श्री | साम्बदेब |
| २ | फोटो हेर्दा राम्रो तर खोटो | ,, पृ.७३ | - | पुन पन्त | नाति काजी |
| ३ | धेरै आए धेरै गए मानिसका | ,, पृ.७५ | - | पुजन अधिकारी | पुजन अधिकारी |
| ४ | आँखा फरफरायो | ,, पृ.७६ | म्यूजिक नेपाल- आँखा फरफराया | कुन्ती मोक्तान | शिलाबहादुर मोक्तान |
| ५ | गुराँस टिप्न जाँदाखेरि | ,, पृ.७७ | म्यूजिक नेपाल | मनोज सेवा | आलोक श्री |
| ६ | पारिपाखा पखेरोमा /हिमको छायाँ | ,, पृ.८१ | - | देबिका प्रधान | मनोहरि सिंह |
| ७ | शीतको थोपा झर्न थाल्यो | ,, पृ.८२ | ओपल इन्टरनेस्नल- शीतको थोपा | सत्यराज, स्वरूपराज, नवराज, सपना श्री र इन्दिरा गुरुङ | साम्बदेब |
| ८ | रातो पनि हैन रेशम सेतो पनि | ,, पृ.८३ | - | सन्जिब सिंह | शक्ति बल्लभ |
| ९ | तमसोमा ज्योर्तिगमय | ,, पृ.८६ | – मायाको रङ | राजु लामा | शक्ति बल्लभ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | चौतारीको वरै ढले छ | ,, पृ.९० | - | शिशिर योगी | सुरेश अधिकारी |
| ११ | समयको खोला जिन्दगी | युद्धका छायाँहरू, पृ..३३ काठमाडौँ :अक्षर प्रकाशन, २०६३ | - | इश्वर पोखेल | शक्ति बल्लभ |
| १२ | आगो बाढी पैरो इत्यादि | पृ.८४ | | थुप्तेन भुटिया | शक्ति बल्लभ |
| १३ | देशलाई सन्चो भइरहोस् | ,, पृ.९९ | – नेपाल बन्दना | जगदिश समाल | चन्द्रकुमार श्रेष्ठ |
| १४ | नेपाल वन्दना | ,, पृ.१०० | ,, | रामकृष्ण ढकाल | चन्द्रकुमार श्रेष्ठ |
| १५ | डायसपोराको गीत | गोरखापत्र, वर्ष १०८, अङ्क २२८ रेक. | | | |
| १६ | इ-गीत | रेक. | | उदय सोताङ र मनिला सोताङ | साम्बदेब |
| १७ | जाँ गए नि भाग्यसँगै | रेक. | | ,, | साम्बदेब |
| १८ | जननी र जन्मभूमि | समय साप्ताहिक, वर्ष. ५, अङ्क.५३ रेक. | | आनी छोइङ | न्हुँ बज्राचार्य |
| १९ | को ठूलो | रेक. | | ,, | न्हुँ बज्राचार्य |
| २० | देश गाएर मर्छु | रेक. | – नेपाल वन्दना | थुप्तेन भुटिया | चन्द्रकुमार श्रेष्ठ |

गीतहरूको ढाँचा वृत्तात्मक देखिए पनि पर्याधार वैयाक्तिक र सामाजिक एवं प्रस्तुति वक्तव्यपरक र सम्बोधनात्मक दुबै रहेका छन् । लयविधानका दृष्टिले हेर्दा उनका यस चरणका गीतहरू लोकलयात्मक रहेका छन् । मूलतः प्राकृतिक, सामाजिक, साँस्कृतिक, पौराणिक, ऐतिहासिक, र ग्रामीण-सहरीया नेपाली जनजीवन आदि क्षेत्रका कतिपय प्रचलित एवं नवीन बिम्बको प्रयोग गरेर उनले आफ्ना गीतमा आलङ्कारिकता थपेका छन् ।

उनका यस चरणका गीतमा तद्भव र झर्रा नेपाली शब्दको अत्याधिक प्रयोग भएको पाइन्छ । कतिपय गीतमा उनले नेपाली भाषाका कथ्यरूपको प्रयोग पनि गरेका छन् जसले गर्दा गीतमा ललित, सुकोमल, सरल, कथ्यशब्दको चयन र शृङ्खलित शैलीको प्रयोग भएको देखिन्छ । यस चरणको भाषिक प्रयोगलाई हेर्दा त्यो निकै परिस्कृत, परिमार्जित रहेको छ । उनले तद्भव, र झर्रा शब्दको अत्याधिक सन्तुलित प्रयोग गरी आदेशात्मक, सम्बोधनात्मक, अग्रहात्मक, प्रथम पुरुषात्मक, स्वभाविक र शृङ्खलित शैलीको विकास गरेका छन् । यस अर्थमा हेर्दा उनमा क्रमशः भाषिक र शैलीगत सचेतताको विकास भइसकेको पाइन्छ । गीतकार अधिकारीले यस चरणमा भाषिक प्रयोगको सरलता र स्वभाविकता कायम राख्दै अभिव्यक्तिलाई अझ स्तरीयता प्रदान गर्नुका साथै आफ्नो स्वच्छन्दतावादी मानवतावादी स्वरलाई अझ तीव्रता र सशक्तताका साथ अभिव्यञ्जित गरेका छन् ।

# परिच्छेद चार

# गीतकार क्षेत्रप्रताप अधिकारीको गीतको विश्लेषण

## ४.१ विषयप्रवेश

गीत हृदयको भावुक अभिव्यक्ति हो । गीतमा एउटै भावना, एउटै विचार वा मनोदशाको चित्रण हुन्छ ।[१] गीत मानवीय जीवनको क्षण विशेषका भावना, अनुभूति वा विचारलाई टपक्क टिपेर बटारबुटुर नगरी मनलाई च्वास्स घोच्ने, पत्तै नपाई ट्वाक्क छुने र उद्धेलित पार्ने गरी तीव्र लयात्मकताका साथ प्रस्तुत गरिन्छ ।[२]

क्षेत्रप्रताप अधिकारी नेपाली गीतिक्षेत्रका एक प्रसिद्ध राष्ट्रवादी गीतकार हुन् । आधुनिक नेपाली गीतिक्षेत्रका बहुचर्चित गीतकार अधिकारीले २०१६ सालदेखि नै गीत लेख्न थाली हालसम्म १३२ वटा गीतिसिर्जना गरेका छन् । *जानुभयो देवकोटा कवि नेपालीलाई टुहूरो पारेर* पर्चा गीतबाट २०१६ सालमा आफ्नो साहित्य यात्रा थालेका अधिकारीको हालसम्म नौ वटा गीतिकाव्य सङ्ग्रह प्रकाशित भइसकेका छन् । केही फुट्कर गीत तथा गजल विभिन्न पत्रपत्रिकामा छरिएर रहेका अवस्थामा छन् भने कति अझै अप्रकाशित अवस्थामै रहेका छन् । कविता, अनुवाद र निबन्ध विधामा समेत कलम चलाए तापनि अधिकारीको मूल लेखन विधा भनेको गीत नै हो । जुन क्षेत्रमा हालसम्म पनि निरन्तर लागिरहेका छन् र यसै क्षेत्रले उनलाई समाजमा परिचित एवं प्रतिष्ठितसमेत तुल्याएको छ ।

उनका रचनामा प्रकृति चित्रण, राष्ट्रियता देशप्रेम समसामयिक घटना र यूगिन यथार्थको प्रस्तुति, वैयक्तिक अनुभूति र आत्मकहानीको अभिव्यक्ति, विश्वशान्ति र विश्वबन्धुत्त्वको आह्वान, सहरप्रतिको वितृष्णा र गाउँप्रतिको आकर्षण, सामाजिक-आर्थिक असमानताको चित्रण आदि मूख्य प्रवृत्ति रहेका छन् । समग्रमा भन्नु पर्दा आफ्नै जन्म थलो तनहुँको समाज, संस्कृति र प्रकृतिबाट उत्प्रेरित भई तिनका साथै आत्मकहानी र विभिन्न राष्ट्रिय-अन्तराष्ट्रिय प्रसङ्गलाई समेत विषयवस्तुका रूपमा प्रयोग गरी कविता गीत लेख्ने अधिकारीले मूलतः राष्ट्र-राष्ट्रिय जीवनप्रति अटल आस्था, श्रद्धा र प्रेम प्रकट गर्ने राष्ट्रवादी गीतकारका रूपमा आफूलाई उभ्याएका छन् । उनले सहरीया कुटिलता र जटिलताबाट

---

[१] कुमार बहादुर जोशी, **कविता चर्चा**, (ललितपुरः साझा प्रकाशन, २०३४) पृ. २०० ।

[२] खगेन्द्रप्रसाद लुइटेल, *पुराना पिंढीका नयाँ कवि हरिभक्त बुढाथोकीको सिर्जनधर्मिता, हरिभक्त बुढाथोकी,* **हाम्रो देश हाम्रै भविष्य,** (काठमाण्डौं : बिराज बुढाथोकी, २०६२), पृ. ३ ।

मूक्त भई ग्रामीण र प्राकृतिक सरलता र स्वच्छतालाई माया गर्ने स्वच्छन्दतावादी मानवतावादलाई मुख्यतः आफ्ना गीतमा व्यक्त गरेका छन् । उनी गरीब र दीन-हीनप्रति सद्भाव व्यक्त गर्दै उनीहरूको भलो चाहने र आर्थिक असमानतालाई समाप्त पार्नु पर्ने चाहनालाई व्यक्त गर्ने स्वच्छन्दतावादी प्रगतीवादी गीतकारका रूपमा पनि देखिएका छन् । सरल, सुकोमल र लयालु नेपाली भाषाको प्रयोग गरी शृङ्खलित र प्रवाहपूर्ण शैलीमा अन्तः प्रेमभाव अनि ठाउँ ठाउँमा करूण र उत्साहभावलाई समेत व्यक्त गर्ने अधिकारी गीतिसम्प्रेषणीयतालाई कायम राख्दै नेपाली गीतको स्वच्छन्दतावादी धाराभित्रै रही गीत रचना गर्ने एक सफल राष्टप्रेमी गीतकार हुन् । उनका गीतहरू नेपालका ख्याती प्राप्त गायक गायिकाहरूद्वारा लयवद्ध पनि भएका छन् भने कयौं चर्चित गायक गायिकाका गीति क्यासेटहरूको शोभा बन्न पुगेका छन् । यहाँ गीतकार क्षेत्रप्रताप अधिकारीका गीतलाई संरचनावादी गीतविश्लेषण प्रारूपका आधारमा विश्लेषण गरिन्छ ।

## ४.२ भाव, विषयवस्तु वा विचार

विषयवस्तु कुनै पनि साहित्यिक, कलात्मक वा विविध रचनाको मूख्य पक्ष हो । बिषयवस्तुबिना सिर्जनात्मक लेखनकार्य सम्भव हुँदैन । भाव, गीतका लागि अनिवार्य तत्त्व मानिन्छ । पूर्व तथा पशिचिम दुवैतिर प्राचीन समयदेखि हालसम्मका विद्वानहरुले गीतमा भावको आवश्यकतालाई स्वीकारेका छन् ।[३] यस अनुसार गीत पनि विषयबद्ध अनुभव–अनुभूतिको रचनात्मक अभिव्यक्ति हो । गीतमा जीवन जगतका अनेक खालका विषयवस्तुले भावनात्मक तथा विचारमूलक स्थान पाएको हुन्छ । हरेक गीतकारले कुनै न कुनै विषयलाई अनुभूत गरेर आफ्ना गीतमार्फत व्यक्त गर्दछन् । सबै गीतकारमा सबै विषयवस्तु मूल अनुभूति र अभिव्यक्ति बनेका हुँदैनन् । गीतकारको रुचि, वातावरण, अनुभव, स्वभाव, उद्देश्य, जीवनभोगाइ र दृष्टिकोण अनुसार विषयवस्तुगत छनोटमा विशेषपन आउँछ । यस सन्दर्भमा गीतकार क्षेत्रप्रताप अधिकारीका गीतमा विविध विषयवस्तुको अभिव्यक्ति पाइन्छ । यद्यपि गीतकार अधिकारीका गीतमा पाइने खास विषयवस्तु वा भाव प्रेम र दर्शन दुबै रहेको देखिन्छ । अधिकारीले हालसम्म रचेका १३२ वटा गीतमध्ये १०० वटा गीत प्रेमभावमा

[३] कृष्णहरि बराल, **गीत सिद्धान्त र इतिहास**, (काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ २८ ।

आधारित रहेका छन् भने ३२ वटा गीत दर्शनभावमा आधारित छन् । मूलतः उनका समग्र गीति रचनालाई भाव, वस्तुको आधारमा दुई प्रकारमा विभाजन गरेर विश्लेषण गर्न सकिन्छ ।

### ४.२.१ अधिकारीका गीतमा व्यक्त प्रेमभाव

गीतकार क्षेत्रप्रताप अधिकारीले आफ्ना रचनामा राष्ट्रप्रेम, मानवीयप्रेम, प्रकृतिप्रेम गरी प्रेमको तीनैरूपको भाव प्रकट गरेका छन् । तीमध्ये पनि राष्ट्रप्रेमसँग सम्बन्धित गीतहरूको संख्या सर्वाधिक रहेको छ । राष्ट्र र राष्ट्रियतालाई नै सर्वोपरी ठान्दै राष्ट्रभक्तहरूले राष्ट्रको प्रगति र समुन्नतिका लागि भविष्यको मार्गनिर्देशन गरेर आफ्नो मातृभूमिप्रतिको कर्तव्यको पालना हृदयदेखि नै गर्दछ भने त्यहाँ राष्ट्रप्रेम प्रष्टिन्छ । गीतकार अधिकारीले आफ्ना गीतमा माटो एवं स्वाभिमान र अखण्डताको महिमागान, राष्ट्रिय एकताको आह्वान, नेपालीको गौरवगान र देश विकासको चाहना, अभिव्यञ्जित गरेका छन् । भावुकता भित्रै पनि यथार्थको समिश्रण गरी गीतकार अधिकारीले आफ्नो राष्ट्रवादी स्वर गुञ्जाएको पाइन्छ ।

यसैगरी अधिकारीका गीतमा विशुद्ध प्रकृति चित्रण गर्ने उद्देश्य लिएर प्रकृतिको चित्रण गरेको भने पाइँदैन । राष्ट्रियता, देशप्रेम आदि विषयवस्तुलाई मूल माध्यम बनाएर बिम्ब प्रतीकका रूपमा मनोरम प्रकृतिको सौन्दर्य चित्रण परम्परित एवं नवीन ढङ्गले प्रस्तुत गर्नमा उनी निपूण देखिन्छन् । भावनात्मक, सौन्दर्यात्मक अभिव्यक्तिको स्रोत प्रकृतिलाई मान्नु गीतकार अधिकारीको विषयवस्तु चयनको महत्त्वपूर्ण तथा उल्लेखनीय प्रवृत्ति हो । आफ्ना रचनामा प्रकृति विचरण गर्नु, प्राकृतिक सुन्दरताको चित्रण गरी आफ्ना अनुभूतिलाई स्वच्छन्द र स्वतन्त्र बनाउनु पनि प्रकृति प्रेमको नमूना  हो ।

मानव जीवन र व्यक्तिका स्वभाविक प्रेमभावद्वारा व्यक्त हुने मानवीय प्रेमको झलक दिने खालका रचना पनि गीतकार अधिकारीले गरेको पाइन्छ । उनले मानवप्रेम र शृङ्गार रसलाई निकटतम बनाएर व्यक्त गरेका छन् । व्यक्तिका मनभित्र रहेका नैसर्गिक र प्रभावमूलक प्रेमको याचनालाई उनका गीतमा कलापूर्ण ढाँचा तथा कोमल भावशिल्पमा प्रकट गरिएको छ । प्रेमभित्र आउने उच्छृङ्खल अभिव्यक्ति यिनका गीतमा देखिँदैन भने यिनी सदैव आत्मिक प्रेमका पक्षपाती देखिन्छन् । प्रेमको संयोग र वियोगगत दुबै अवस्थाको वर्णनमा निपूण अधिकारीले प्रेमभावनाको अभिव्यक्ति दिंदा प्रेम सुशील र सरलभावमा व्यक्त

हुन्छ भन्ने तर्फ ध्यान दिंदै आफ्ना आत्मिक प्रेमका भावनालाई कोमल, सरल र सरस शब्द संयोजनबाट प्रेमभावका गीत सिर्जना गरेका छन् ।

यसै गरी अधिकारीका गीतमा कतिपय ठाउँमा अध्यात्मभाव तथा ईस्वरभक्तिसमेत प्रकट भएका छन् । उनले गीतका पङ्क्तिमार्फत नेपाली मनको आध्यात्मिकभावको सम्बोधन गरेका छन् । पौराणिक बिम्बको प्रयोग गर्दै उनले आफ्ना रचनामा केही देवीदेवताको अस्तित्त्वलाई गौरवका रूपमा उल्लेख गरेका छन् । हाल आफूलाई पूर्णरूपमा नास्तिक बताए पनि पुराना रचनाहरूमा उनले दैवी शक्तिलाई स्वीकार्दै त्यस्तो शक्ति नेपाली प्रकृतिको अभिन्न सौन्दर्य र नेपालीजनको आस्था बनेको भाव व्यक्त गरेका छन् । ईस्वर सम्बन्धी चिन्तन प्रस्तुत गर्ने सन्दर्भमा ईस्वरीय मान्यता नआएर कतिपय ठाउँमा उपमानका रूपमा र कतिपय स्थानमा कथ्यको पुष्टिकरणका लागि आएको पाइन्छ । यद्यपि प्रष्टरूपमा ईस्वरीय चिन्तन भने उनका गीतमा परिलक्षित भएको पाइन्न ।

जीवनबोध वा जीवनचिन्तन र राष्ट्रियता सम्बन्धी मान्यता अधिकारीका गीतमा पाइने दर्शन हो । राष्ट्रियता र जीवनप्रतिको परिभाषा तथा दृष्टिकोण नै दर्शन हो । दर्शनको आधार व्यक्तिले भोगेका जीवनको अनुभूतिबाट प्रकट हुन्छ । यस सन्दर्भमा गीतकार अधिकारीले आफू राष्ट्रियता र जीवनवादी दर्शन निकट रहेको भाव गीतमा प्रकट गरेका छन् । उनका गीतमा दर्शनको प्रत्यक्ष दृष्टान्तहरू नआए पनि दार्शनिकता व्यक्त भएका छन् । जीवन दृष्टिको उनको चेतना सूक्ष्मतामा आएको देखिन्छ भने दर्शनमूलक गीति अंशलाई प्रेम, राष्ट्र र सामाजिक सन्दर्भसित जोडेका छन् । राष्ट्रप्रेम, मानवीय प्रेम र प्रकृति प्रेम प्रेममूलक अभिव्यक्तिका रूपमा आएका छन् । यी सबैलाई संरचनावादी गीति-विश्लेषणका तत्त्वका आधारमा प्रत्येक उपशीर्षकअन्तर्गत राखेर अझ विस्तृतरूपमा व्याख्या र विश्लेषण गरिन्छ :-

## (क) राष्ट्रियप्रेम

आफ्नो जन्मभूमिप्रति माया र ममता दर्शाएर यसका लागि केही गरौं, परेको खण्डमा यसैको लागि मरौं भन्ने जागरण जब देशबासीमा आउँछ, तबमात्र देशको विकास र उत्थान सम्भव छ भने राष्ट्रिय एकता, अखण्डता र अस्तित्त्वबोधको भावना पनि त्यहीं भेटिन्छ । 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' भन्ने हाम्रो पूर्वीय दर्शन अनुसार पनि आफू जन्मेको देश र जन्म दिने आमा स्वर्ग समान हुन्छन् भन्ने मान्यता रहिआएको छ । राष्ट्रलाई

नै सर्वस्व मानेर राष्ट्रकै निम्ति आफ्ना सम्पूर्ण भावना समर्पित गरी गीत-सङ्गीतको सिर्जना गर्ने काम नेपाली गीति परम्परामा लामो इतिहासका रूपमा रहेको पाइन्छ भने यही परम्परालाई आत्मसात गर्दै क्षेत्रप्रताप अधिकारीले पनि थुप्रै गीत रचना गरेको पाइन्छ । आफू जन्मे-हुर्केको राष्ट्र र जन्म दिने आमा समान हुन् भन्ने धारणा एवं परम्पराबाट निर्देशित नेपाली सपुत हुन् गीतकार क्षेत्रप्रताप अधिकारी । उनले आफ्ना रचना मार्फत देश विकास र निर्माणको राष्ट्रिय अभियानमा बालक, बृद्ध र युवा प्रत्येक शक्तिको भूमिका आ-आफ्नो ठाउँमा अपरिहार्य हुने कुरालाई हृदयङ्गम गरी राष्ट्रका हरेक नागरिक नै चेतना, विकास र परिवर्तनका संबाहक हुन् भन्नेभाव आफ्ना गीतमा व्यक्त गरेका छन् ।

गीतकार क्षेत्रप्रताप अधिकारीका गीतिरचनामा राष्ट्रिय चित्रणले मूख्य स्थान लिएको छ । आफ्ना गीतमा राष्ट्रको प्रशंसा, महिमागान, प्रकृतिको सौन्दर्यचित्रण गरेका छन् । उनी आफ्ना गीतलाई राष्ट्रिय गौरव गाउने साधन बनाउन सिपालु देखिन्छन् । उनका गीतले नेपाल राष्ट्रको विविधभावलाई समेटेको छ । उनले आफ्ना गीतमा राष्ट्रिय गौरव वर्णनकै उद्देश्यले नेपालको प्राकृतिक सौन्दर्य, राष्ट्रिय महत्त्व, ऐतिहासिक गाथा, वीरता, एकताजस्ता पक्षलाई मूख्य विषयवस्तु बनाएर आफ्नो अनुभूति प्रकट गरेका छन् । राष्ट्रवादी बिचारले उनको गीतलाई मूल पहिचान प्रदान गरेको छ । उनका गीतमा राष्ट्रिय भावुकताको अभिव्यक्ति पाइन्छ । उनी एक प्रखर कवि व्यक्तित्त्व पनि भएकाले उनका काव्यरचनामा र गीतिरचनामा राष्ट्रिय वर्णनको विषयवस्तुगत अभिव्यक्ति प्रकट भएको देखिन्छ । यस सन्दर्भमा गीतकार अधिकारीका राष्ट्रवादी वा राष्ट्रिय वर्णनले प्रमुख स्थान लिएका गीतका केही पङ्क्तिगत नमूना लाई प्रस्तुत गरिएको छ :–

घमौलो पहाड रमौलो बेसी हिमाली छायाँ छ
सबभन्दा धेरै मलाई मेरो देशको माया छ ।

............

सुन्दर शान्त विशाल जम्मै स्वर्गको छायाँ छ
त्यसैले मलाई सबभन्दा धेरै देशको माया छ ।

(**रहर लागेर**, *देशको माया,* पृ. ५)

उपर्युक्त गीतका हरफमा गीतकार अधिकारीले नेपालको राष्ट्रिय भौगोलिक बनावटलाई अनुभूतिमूलक अभिव्यक्ति बनाएका छन् । नेपालको प्रकृतिलाई स्वर्गसँग तुलना गरी आफूलाई देशको माया लागेको भाव यस पङ्क्तिले उद्घाटन गरेको छ । नेपालप्रतिको

मायाले नै उनलाई नेपालका हिमाल, पहाड, बेसी, मुटुभन्दा प्यारो लोगेको राष्ट्रवादी अनुभूति वा भाव यी हरफहरूले प्रकट गरेका छन् ।

गीतकार अधिकारीका गीतमा राष्ट्रिय स्वर स्वावलम्बनका भाव वीर रसमा व्यक्त भएको पाइन्छ । उनका गीतमा नेपालको राष्ट्रगान, स्वतन्त्रता र स्वभिमानी विषयवस्तुगत प्रवृत्ति प्रशस्त पाइन्छ । गीतकार अधिकारीका गीतमा व्यक्त राष्ट्रिय स्वाभिमान र अस्तित्त्वबोध भएका गीति-हरफहरू यस प्रकार प्रस्तुत गरिन्छ :-

पाखुरीमा रातो रगत आफ्नै हुनुपर्छ
लेक बेसी डाँडा देवल जोगाइराख्न सक्छौं
ढुकढुकीमा चल्ने मुटु आफ्नै हुनुपर्छ
छातीमाथि मेची काली बगाइराख्न सक्छौं ।

.....................

हलो फाली बारी टारी आफ्नै हुनुपर्छ
गाम-बेसीमा लहलह बाली छाइदिन्छौँ
मनको बह सारङ्गीमा पोख्न पाउनुपर्छ
जिउँदो स्वरमा नेपालीको गीत गाइदिन्छौँ ।

(**पहाडदेखि पहाडसम्म**, *नेपालीको गीत,* पृ. ८६)

नेपालीले फेरि एउटा यस्तो वाचा गर्नुपर्‍यो
देश बचाइराख्ने भए देशको लागि मर्नुपर्‍यो ।
देश भए हुने रैछ

आफ्नो पनि नाउँ
मान्छेभन्दा माथि रैछ
स्वदेशको ठाउँ ।

...

देशै टुटे धेरैलाई
धेरै चोटि रुनुपर्छ
अब सबै मुटुहरू
एउटै मुटु हुनुपर्छ ।

(**ऐजन**, *एउटा वाचा,* पृ. ९०)

गीतकार अधिकारीका गीतमा नेपालका विविध स्थान विशेषका मौलिक परिवेश चित्रण रहेको छ । गीतकार अधिकारीले मौलिक अनि स्थानीय रीतिरिवाजको जीवनशैली तथा भौगोलिक अवस्थाको चित्रण गरेकाले उनका कतिपय गीतमा आञ्चलिकता झल्किएको पाइन्छ । जस्तै :–

बिपनामा छेकिए पनि सपनामा देखिन्छ तनहुँसुर

नेटो काटी गएझैं लाग्छ पाइलाभरि टेकिन्छ बन्दीपुर ।

(**गाम-बेसीका गीत**, *सम्झना गीत,* पृ. ४)

मर्स्याङ्दीलाई माया गर्ने

आफ्नै मुटु हुनुपर्छ

माया गर्ने वाचा गर्दा

आफ्नै माटो छुनुपर्छ ।

(**ऐजन**, *देशको माया गर्न गाह्रो छ,* पृ.५५)

माईबेनीमा खोज मलाई कागबेनीमा खोज

कर्णालीको पानीभित्र नागबेनीमा खोज ।

(**तर देश हारिरहेछ**, *स्वाभिमानी मुख,* पृ. १०३)

गोदावरीमा

गोदावरी फुल्न छोड्यो गोदावरीमा

रानीचरी डुल्न छोड्यो गोदावरीमा

कता सरे न्याउलीहरू बनै खालीखाली

कता झरे प्याउलीहरू मनै खालीखाली

(**ऐजन**, *गोदावरीको गीत,* पृ.१०९)

यो पाखोमा पैलो चोटि

पाइला टेकियो

नगरकोट त देखियो

हिमाल छेकियो ।

(**ऐजन**, *नगरकोट,* पृ.१२३)

गीतकार अधिकारीका गीतमा प्रकट भएका राष्ट्रिय वर्णन, एकता र भाइचाराका भाव पनि मार्मिकरूपमा समेटिएको छ । उनका गीतमा राष्ट्रिय स्वर स्वावलम्बनका भाव वीर रसमा व्यक्त भएको पाइन्छ त्यसै गरी राष्ट्ररक्षाको अभिव्यक्ति पनि मार्मिकरूपमा व्यक्त भएको पाइन्छ । उनले राष्ट्रिय विषयवस्तुलाई एकतासूत्र, अस्तित्त्वबोध र सचेतपना आदि पक्षमा प्रकट गरेका छन् । उनका गीतमा राष्ट्रिय स्वतन्त्रता र स्वभिमानी विषयवस्तुगत प्रवृत्ति प्रशस्त पाइन्छ । आफ्ना गीतमा व्यक्त राष्ट्रिय प्रेम र एकता सूत्रलाई सबै वर्ग, जाति, क्षेत्र, लिङ्गको साझा विषय भएको अभिव्यक्ति सटीकरूपमा प्रकट गरेका छन् । यसलाई पुष्टि गर्ने अधिकारीको गीतिरचनाको केही हरफ यस प्रकार छन् :–

थरले भाइ धेरै छन् जातले एउटै नेपाली

चुसेको स्तन उही हो मुहान एउटै हिमाली ॥

...............

पहाड, मधेस तराई, पराई होइन एउटै हो

होचो र अग्लो भिरालो मात्र छ, कुरो एउटै हो ।

(**रहर लागेर**, *गीत हो एउटै नेपाली,* पृ. १६)

आऊ हिमाली, पाखे, देशी, मदेसी आऊ

मुटुभरि मनग्गे माटोको गीत गाऊ ।

(**नफुलेका फूलहरू**, *आजको गीत,* पृ. ९३)

हामीभित्र बग्ने पानी कोसी हो की हैन ?

हैन भने हामी सबै नेपाली नै हैन ।

(**फेरि एउटा परिवर्तन**, *माईबेनी,* पृ. १९)

वारिको बारी दिँदैन, पारीको पाखो छुँदैन

राष्ट्रिय मर्म एकै हो, ठूलो र सानो हुँदैन ।

(**तर देश हारिरहेछ**, *देशको माया एकै हो,* पृ. ९१)

हिमालभन्दा हाम्रो भन्नु हाम्रो केही छैन

नेपालभन्दा राम्रो भन्नु राम्रो केही छैन ।

(**ऐजन**, *राम्रो केही छैन,* पृ. ११६)

फेरि जन्म हुन्छ भने यतै आउन पाउँ

यो देशभन्दा रमाइलो छैन कुनै ठाउँ ।

(**अकविता**, *गाउँको गीत,* पृ. ८४)

उपर्युक्त गीतिहरफहरूमा गीतकार अधिकारीले आफ्नो राष्ट्रको माटो पराईलाई दिन नसकिने राष्ट्रवादी विचार व्यक्त गरेका छन् । उनले सो गीतमा राष्ट्र ठूलो या सानो जे भए पनि त्यो सबैलाई प्यारो, विशाल र सुन्दर लाग्छ भन्ने राष्ट्रिय भावनाको अभिव्यक्ति गरेका छन् । राष्ट्रको पहिचान र अस्तित्त्वलाई माया गर्नुपर्छ भन्ने राष्ट्रिय सन्देश उनले आफ्ना गीतमा मार्मिकरूपमा प्रकट गरेका छन् । उनी राष्ट्रियताको अनुभूतिलाई मूल स्वर मानी नेपालका गाउँ, पहाड, तराई, उपत्यका आदिलाई चित्रण गर्दछन् । उनी ग्रामीणप्रेम होस् या प्रकृति-विचरण होस् त्यसमा राष्ट्रियताको मर्मलाई समावेश गर्न पछि पर्दैनन् । अधिकारीको गीतमा गाउँले मौलिकता, गाउँघरका दुःख, सुख र वास्तविक सरल जीवनशैली झल्किएको पाइन्छ । ग्रामीण परिवेश हुँदै विदेशी भूमिसम्म अनुभव बटुलेका अधिकारीले गाउँलेपनको मौलिकता बिर्सन नसकेको बरु प्रेममय स्मरण गरेको देखिन्छ । यस प्रवृत्तिका उनका गीतहरू यस प्रकार रहेका छन् :-

हुम्लाहरूमा होला त्यहाँ त टेकिएन

सहरहरूमा सत्य यो देश देखिएन ।

(**फेरि एउटा परिवर्तन**, *यो देश देखिएन,* पृ. ६६)

वारि अँधेरो बरै पारि अँधेरो

शून्य भयो गाम्बेसीको पानीपँधेरो ।

(**अकविता**, *अँधेरो,* पृ. ६७)

आँखाभरि रारा नानी

भाकाभरि भोटेसेलो

भेडीगोठमा गोठालाको

चोखो हाँसो छेलोखेलो ।

(**ऐजन**, *हिमको छायाँ,* पृ. ८१)

यतै गाउँ उतै गाउँ जतासुकै गाउँ
यो देशभन्दा रमाइलो छैन कुनै ठाउँ ।

(**ऐजन**, *गाउँको गीत,* पृ. ८४)

गाउँ भए हुन्छ मलाई बेसी भए हुन्छ
गाउँबेसीमा अलिकति शान्ति भए हुन्छ ।

(**ऐजन,** *ढिँडो भए हुन्छ,* पृ. ८५)

सहर घुम्ने रहर पुग्यो बस्तितिरै जाउँ
कुन्नि कस्तो लाग्छ तिम्लाई मेरो गाउँठाउँ ।

(**ऐजन**, *मेरो गाउँठाउँ,* पृ. ८७)

उकालीमा पैरो गएछ
ओरालीमा पैरो गएछ
द्योरालीको डाँफेचरी उडिगएछ ।

(**ऐजन,** *चौतारीको बरै ढलेछ,* पृ.९०)

यसरी गीतकार क्षेत्रप्रताप अधिकारीका गीतमा राष्ट्रिय स्वर मूल विषयवस्तुगतरूपमा आएको पाइन्छ । उनका गीतमा पाइने मूल वैचारिक प्राप्ति नै राष्ट्रबोध र राष्ट्रप्रेम रहेको देखिन्छ । अधिकारीको काव्य र गीतमा राष्ट्रप्रेम उद्घाटित भएको विश्लेषण समालोचक-सर्जकहरूले पनि गरेका छन् । कवितामा राष्ट्रप्रेम पाइन्छ भन्ने टिप्पणीले क्षेत्रप्रताप अधिकारीको भावनात्मक परिचय दिएको छ । काव्य र गीतको रचनामा सक्रिय रहेका क्षेत्रप्रताप अधिकारीका गीतमा राष्ट्रवादी अनुभूतिले अहम् स्थान लिन सकेको उनका यस प्रवृत्तिका उपर्युक्त गीतिरचनाले पुष्टि गरेको देखिन्छ ।

| राष्ट्रिय प्रेम | | | | |
|---|---|---|---|---|
| कृति | क.सं. | शीर्षक | पृ. | वस्तु/ मूलभाव |

| | | | | |
|---|---|---|---|---|
| रहर लागेर | १ | देशको माया | ५ | राष्ट्रिय प्रकृतिको चित्रणका माध्यमले देशप्रेमको भावना व्यक्त |
| | २ | नेपाल मेरो मुटु | ८ | प्राकृतिक र पौराणिक बिम्बको प्रयोगद्वारा राष्ट्रिय प्रकृति, संस्कृति र इतिहासको चित्रणका साथै राष्ट्रप्रेमको भावना व्यक्त |
| | ३ | गीत हो एउटै नेपाली | १६ | जातीय र भौगोलिक विविधतामा राष्ट्रिय एकता र विकासको भावना व्यक्त |
| | ४ | फूलबारी | ५३ | राष्ट्रिय एकता, अखण्डता र स्वभिमानको भावनाकासाथै राष्ट्र निर्माणको अठोट |
| | ५ | एक गीत | ५४ | राष्ट्रिय प्रकृति, इतिहास र संस्कृतिको चित्रणका माध्यमबाट राष्ट्रियताको भाव व्यक्त |
| गामबेसीका गीत | ६ | सीप र श्रम | ६ | व्यक्तिगत स्वार्थलाई बिर्सेर राष्ट्र निर्माणका लागि एक जुट भई आत्महोम गर्न अभिप्रेरित गर्ने भावनाको अभिव्यक्ति |
| | ७ | मेरो देश : एक शब्द चित्र | ८ | राष्ट्रिय प्रकृति र संस्कृतिको चित्रणद्वारा राष्ट्र प्रेमको भावना व्यक्त |
| | ८ | देशको माया गर्न गाह्रो छ | ५५ | आफ्नो स्वाभिमान र अस्तित्त्वमै राष्ट्रको सच्चा पहिचान हुने हुँदा त्यसलाई जोगाइराख्न आग्रह |
| पहाडदेखि पहाडसम्म | ९ | नेपालीको गीत | ८६ | राष्ट्रिय स्वाभिमान र राष्ट्रियताको संरक्षण चेतको अभिव्यक्तिद्वारा राष्ट्र प्रेमको भाव व्यक्त |
| | १० | चिसो चिसो | ८७ | राष्ट्रिय प्रकृतिको चित्रणयुक्त राष्ट्रिय स्वाभिमानको भाव व्यक्त |
| | ११ | पसिनाको थोपा | ८८ | राष्ट्र निर्माणका लागि एक जुट भई लाग्नु पर्ने धाराणा व्यक्त |
| | १२ | एउटा वाचा | ९० | राष्ट्रिय स्वतन्त्रता र अखण्डता जोगाउन एक जुट भएर लाग्नु पर्ने राष्ट्रप्रेमी धाराणा व्यक्त |
| नफुलेका फूलहरू | १३ | एउटै 'घाउ' एउटै 'व्यथा' | १९ | राष्ट्रिय सङ्कटको बेला सबै एक जुट भएर त्यसको सामना गर्नु पर्ने भावना व्यक्त |
| | १४ | शुभकामना-गीत | ६४ | राष्ट्रिय प्रकृति र इतिहासको चित्रणका माध्यमबाट नेपाली पुर्खाहरूको वीरताको बखान |

| | | | | |
|---|---|---|---|---|
| | १५ | मातृवन्दना | ६५ | नेपालको भौगोलिक बनावट एवं त्यसको प्राकृतिक सौन्दर्यको महिमा गान गर्दै राष्ट्रभक्ति प्रकट |
| | १६ | आजको गीत | ९३ | राष्ट्रिय एकता र निर्माणको लागि आह्वान |
| फेरि एउटा परिवर्तन | १७ | माईबेनी | १९ | राष्ट्रिय लोक संस्कृतिका माध्यमबाट राष्ट्रप्रेमको भावना व्यक्त, राष्ट्रिय एकताको आह्वान |
| | १८ | माटो अझै मलिलो छ | ५१ | देश विकासको लागि एकजुट भएर लाग्नु पर्नेभाव व्यक्त |
| तर देश हारिरहेछ | १९ | देशको माया एकै हो | ९१ | राष्ट्रिय प्रकृति चित्रणका साथै समानताको भावना व्यक्त गर्दै राष्ट्रिय स्वाभिमान र अस्तित्त्वको बखान |
| | २० | कर्खा | ९६ | सुगौली सन्धि पश्चात नेपाली सार्वभौमिकता माथि पर्न गएको चोटको मार्मिक प्रस्तुति |
| | २१ | झण्डाको गीत | ९९ | नेपाली स्वाभिमानी रगतको वीरतापूर्ण बखान, राष्ट्रिय एकताको चित्रण |
| | २२ | एउटा गीत - जोसँग सम्बन्धित छ | १०२ | देशको युवाशक्ति पलायन हुँदै गइरहेको आजको सन्दर्भलाई मार्मिकरूपमा प्रस्तुत गर्दै विदेशीएका नेपालीलाई राष्ट्र सम्झाउने प्रयत्न |
| | २३ | शिशुहरूको स्वर | ११४ | आजका बालक नै भोलिका कर्णधार हुन् भन्ने मान्यता अनुरूप नै बाल हृदयमा राष्ट्रोन्नति र एकताको सन्देश प्रवाह गर्ने उद्देश्यनुरूप बाल आवाजको प्रतिनिधित्त्व झल्काउने चेष्टा |
| | २४ | राम्रो केही छैन | ११६ | नेपालको भौगोलिक संरचना र` प्रकृतिको चित्रण गर्दै राष्ट्रप्रेमको भावना व्यक्त |
| | २५ | सीमा खोज्न गाको साथी | १२५ | भूपरिवेष्ठित राष्ट्र त्यसमा पनि चारै सीमा शक्तिशाली राष्ट्रसँग जोडिएको परिस्थितिमा सानो राष्ट्र नेपालको दक्षिणी सीमामा भैरहने सीमा अतिक्रमणको दयनीय चित्रण, नेपाली शासकको निरीहताको बखान, त्यसप्रति सजग रहन र आवश्यक परेमा वीरता प्रदर्शन गर्न वीर नेपालीलाई आह्वान |

| | | | | |
|---|---|---|---|---|
| युद्धका छायाँहरू | २६ | सानो देश ठूलो भाग्य | ८५ | राष्ट्रिय स्वाभिमान र राष्ट्रिय अस्तित्त्व नै व्यक्तिको पहिचान भएको कुरा व्यक्त |
| | २७ | नेपाल वन्दना | १०० | नेपालको प्रकृति र भौगोलिक अवस्थितिको चित्रणका माध्यमले राष्ट्रिय एकता र अखण्डताको भावना मुखरित |
| | २८ | आउँदै गर है | १२४ | देशमा प्रजातन्त्रका लागि आफ्नो प्राण आहुती दिने वीर सपुतहरूको सम्झनामा ती मृतात्माहरूलाई पूनः आफ्नै जन्मभूमिमा पुनर्जन्म लिएर आउने आग्रह व्यक्त । |
| **फुटकर गीतहरू** | | | | |
| गोरखापत्र- वर्ष १०८, अङ्क २२८ २०६५ पौष १२ | २९ | डायसपोराको गीत | | प्रवासी नेपालीहरूले बिदेशी संस्कृतिबीच नेपाली संस्कृति र परिवेशकै झझल्को बोकेको मार्मिक प्रस्तुति । |
| समय साप्ताहिक वर्ष ५, अङ्क २११ २०६५ असार ५ | ३० | जननी | ५३ | नेपाल आमाका सन्तान सबै हरेक दुःख सुखका घडिमा एक भएर नेपालकै अस्तित्त्व र अस्मिताको संरक्षण गर्नु पर्ने, देशकै माया गर्नु पर्ने भावना व्यक्त । |
| | ३१ | शून्यबाट सुरु गरेको यात्रा | | राष्ट्र उन्नतिको लागि सबैलाई एकजुट भएर लाग्न आह्वान । |
| | ३२ | उस्तै उस्तै पानी | | प्रकृति चित्रणका माध्यमबाट राष्ट्र प्रेम प्रकट । |
| | ३३ | ढुङ्गो भए हुन्छ मलाई | | वैयक्तिक स्वार्थबाट माथि उठेर राष्ट्रनिर्माणका लागि अग्रसर हुन उत्प्रेरित गर्नेभाव व्यक्त । |
| | ३४ | को ठूलो | | आफ्नो राष्ट्रभन्दा ठूलो अरु केही र कोही नहुने राष्ट्रवादी विचार व्यक्त । |
| | ३५ | जाँ गएपनि | | विदेशिएका नेपालीमा आफ्नो राष्ट्र र राष्ट्रियताको झल्को सँधै आइरहने भाव व्यक्त । |
| | ३६ | देश गाएर मर्छु | | देशकै अस्तित्त्वसँग आफ्नो अस्तित्त्व गाँसिने हुँदा देशभन्दा ठूलो अर्को कोही नहुने र देशकै लागि जीवन उत्सर्ग गर्ने राष्ट्रप्रेमको अभिव्यक्ति प्रकट । |

गीतकार अधिकारीले आफ्ना गीतमा जनजीवनका विसङ्गत प्रवृत्तिलाई व्यङ्ग्य प्रहार पनि गरेका छन् । उनले सामाजिक र राजनैतिक विसङ्गतिलाई कलात्मक शिल्पमा उनेका छन् । आफ्ना गीतमा राजनीतिक विकृतिप्रति बढी व्यङ्ग्य पोखेका छन् । परिवर्तनको नाममा भएको आडम्बरी व्यवहारलाई गीतकार अधिकरीले गीतमार्फत वर्णन गरेका छन् । उनले देशमा उत्पन्न व्यापक भ्रष्टाचार, घुसखोरी, ढिलासुस्ति तथा राजनैतिक दलका गतिविधिमा देखिएका अनियमिततालाई व्यङ्ग्य को विषय बनाएका छन् । आफ्नो स्वर्थ सिद्धिकालागि राष्ट्रिय स्वाभिमान र अखण्डतालाई नै बाजी राख्ने घृणित परिपाटीप्रति चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । यसका साथै समाजिक, आर्थिक र साँस्कृतिक विसङ्गतिप्रति कलात्मक व्यङ्ग्य पोखी आफ्ना गीतमार्फत त्यस्ता कमजोरीलाई सुधारको निम्ति सन्देश प्रकट गर्दछन् । गीतकार अधिकारीका व्यङ्ग्य चेतयुक्त राष्ट्रप्रेमका केही गीति अंशहरूलाई यहाँ यसरी उल्लेख गर्न सकिन्छ :-

त्यसै बगे पानीहरू, देशै खाली खाली सुक्यो
तिम्रो मनमा के के दुःख्यो मेरो मनमा काली दुख्यो ।

(**तर देश हारिरहेछ**, *त्यसै बगे पानीहरू*, पृ. १०७)

काली पारि कालो बदल काली वारि छायाँ
लिपु लेकमा लालीगुराँस नफुलेको माया
निधारमा रातो माटो टिका लाइएन
देशको लागि मरिमेट्ने मान्छे पाइएन ।

( **ऐजन**, *मान्छे पाइएन*, पृ. ११९)

खरबारीको खरै खाएछ
घरबारीको घरै खाएछ
घूसखोरीले नेपालीको जरै खाएछ ।

(**अकविता**, *घूसखोरी*, पृ. ६५)

यसो गर्छु उसो गर्छु भन्नेहरू कति कति
जति गाए पनि गान भएन देशको उन्नति
बाँडिए मात्र आश्वास विश्वास भाँडिए झरे
अन्याय अति भो प्यारा जनता जालमा परे ।

(**फेरि एउटा परिवर्तन**, *माटो साझा नभन्दिनु*, पृ. १४)

के के भएन भन्नु केही हुँदै भएन
भएको भ्याएसम्म खाए कुनै रहेन
लेखे खुसी र हाँसो घाउ त लेखिएन
नेताको नानीभित्र यो देश देखिएन ।

(**ऐजन**, *यो देश देखिएन,* पृ. ६६)

देश जसले टोके पनि खोट उस्तैउस्तै
गोली जसले ठोके पनि चोट उस्तैउस्तै ।

(**युद्धका छायाँहरू**, *अगजल,* पृ. २३)

टारीखेतको कुलो चलेन
भोको घरमा चुलो बलेन
कर्म गर्ने हातै मन्द भो
दुखियाको भातै बन्द भो ।

(**ऐजन**, *बन्द,* पृ. ७५)

| **राष्ट्रिय व्यङ्ग्य** | | | | |
|---|---|---|---|---|
| कृति | क्र.सं | शीर्षक | पृ. | मूलभाव |
| नफुलेका फूलहरू | १ | पत्याऊँ कसरी ? | ७४ | विदेशी संस्कृतिप्रतिको मोह, जनयुद्धको नाममा मच्चिएको अशान्ति, आधुनिक भोगविलासिताको मोहमा युवा पलायनको चित्रण एवं त्यसप्रति व्यङ्ग्यभाव प्रकट |
| फेरि एउटा परिवर्तन | २ | माटो साझा नभन्दिनु | १४ | राजनैतिक गुटबन्दीले बढ्दै गइरहेको अन्योल-अशान्ति र असमान सन्धिहरूप्रति व्यङ्ग्यभाव |
| | ३ | अब ढुङ्गो बोल्छु | ४९ | निमुखा जनताको स्वर सँधै दबिएर रहने परिपाटी र प्रजातन्त्रका नाममा जनतालाई मिठा आस्वासन बाँड्ने नेताहरू नै प्रजातन्त्रका मलामी बनेको कुरा व्यक्त गर्दै तीप्रति चोटिलो व्यङ्ग्यभाव प्रकट |
| | ४ | यो देश देखिएन | ६६ | पाश्चात्य संस्कृतिले ल्याएको विकृति, जलस्रोतको धनी मुलुकमा सँधै अँधेरो र खडेरी, देशलाई खोक्रो पारेर नेताहरू मोटाएको प्रति व्यङ्ग्य प्रकट |

| | | | | |
|---|---|---|---|---|
| तर देश हारिरहेछ | ५ | वन्द र त्यसै बगे पानीहरू | १०७ | आफ्नो भोगविलासिता र क्षणिक स्वार्थको लागि उच्चपदस्त अधिकारीहरूले देशको माटो, खोला-नाला बेची असमान सन्धि गरेकोप्रति व्यङ्ग्य प्रकट |
| | ६ | पानी | ११२ | असमान सन्धि गरी नदी नाला बेचेको कुराप्रति व्यङ्ग्य |
| | ७ | रोल्पाको गीत | ११३ | असमान सन्धि गरी नदी नाला बेचेको कुराप्रति व्यङ्ग्य |
| | ८ | मान्छे पाइएन | ११९ | ठूलाठूला भाषण गरेर सत्तामा पुगेपछि आफ्नो वैयक्तिक स्वार्थमा भुलेर देश बिर्सने परिपाटीप्रति व्यङ्ग्य |
| अकविता | ९ | घुसखोरी | ६५ | प्रशासनमा व्याप्त घुसखोरीप्रति तीब्र आलोचना र व्यङ्ग्यभाव प्रकट |
| | १० | अंधेरो | ८८ | जनयुद्धको नाममा मच्चिएको अशान्तिले छाएको अँधेरोको चित्रण र त्यसप्रति व्यङ्ग्य |
| यूद्धका छायाँहरू | ११ | ऐया आमा | २० | राजनैतिक खिचातानीले गर्दा देशमा बड्दै गइरहेको अस्त-व्यस्तता र असमान वैदेशिक नीतिप्रति व्यङ्ग्य प्रकट |
| | १२ | अगजल | २३ | अशान्ति एवं राजनैतिक बेथिती एवं नेताहरूको छिचरोपनाले बड्दै गइरहेको वैदेशिक चलखेलप्रति असन्तुष्टि एवं व्यङ्ग्यभाव प्रकट |
| | १३ | भरिया | ४२ | देशमा व्याप्त वेरोजगारी र महङ्गी एवं भ्रष्टाचारी प्रवृत्तिले निमुखा गरिब जनता दिनदिनै पिल्सिँदै गइरहेको परिस्थितिप्रति व्यङ्ग्य प्रकट |
| | १४ | के न के | ५८ | राष्ट्रिय अस्तित्त्वमाथि नै सङ्कट परेको बेला नेताहरू मोजमस्तिमै भुलेको यथार्थप्रति व्यङ्ग्य |
| | १५ | बन्द | ७५ | राजनैतिक व्यथिति र अस्थिरताको कारण समाजमा बड्दै गइरहेको बिसङ्गत परिस्थिति एवं आफ्ना आवाजको सुनुवाईको लागि बाध्य भएर बन्दकै आयोजना गर्नु पर्ने कटुसत्यता र बन्द आह्वान हिजो आज फेसनको रूपमा मौलाउदै गएको अवस्थाप्रति तिखो व्यङ्ग्य प्रहार |

| | | | | |
|---|---|---|---|---|
| | १६ | आगो बाढी पैरो इत्यादि | ८४ | समाजभर व्याप्त वर्गविभेद र वेरोजगारी समस्याप्रति व्यङ्ग्य |

उपर्युक्त व्यङ्ग्यभावयुक्त गीतमा गीतकार अधिकारीले राजनीतिमा देखापरेका विसङ्गतिप्रति आलोचना पोखेका छन् । उनले यस प्रकारका गीतमा शासकहरूको फितलो चिन्तनलाई उद्घाटन गरेका छन् । राजनीतिक विकृतिले गैरजिम्मेवारी बढेको कुरा पनि उनका गीतमा देखिएका छन् । यसकासाथै साँस्कृतिक र सामाजिक प्रचलनका विसङ्गतिप्रति व्यङ्ग्यभाव प्रकट गरेका छन् । देशमा कायम रहेका भ्रष्टाचार, राष्ट्रियतामाथि देखापरेको जोखिम, आपसी गुटबन्दीजस्ता पक्षलाई अधिकारीले आफ्ना गीतमा समाबेश गरेका छन् । गीतकार अधिकारीले नेपाल र नेपालीको भविष्य अन्धकार हुन लागेको र त्यसका लागि स्रष्टाहरू सचेत हुनु पर्नेभाव व्यक्त गरेका छन् । उनका गीतमा पाइने व्यङ्ग्यभावमा आरोप र सुधारको विचार प्रकट भएको देखिन्छ ।

## (ख) मानवीयप्रेम

मानव सभ्यताको आदिकालदेखि नै मानवीय अनुभूतिको सशक्त र कोमल हार्दिकअनुभूतिमा रहने प्रेम नैसर्गिकरूपमा प्रवाहित हुँदै आएको छ । प्रेमका विविधरूपले मानव मात्र नभई सृष्टिमा रहेका सम्पूर्ण प्राणीलाई प्रभावित पारेको छ । गीतकारले व्यक्तिका मनभित्र रहेका नैसर्गिक र प्रभावमुलक प्रेमको याचनालाई उनका गीतमा कलापूर्ण ढाँचा तथा कोमल भावशिल्पमा प्रकट गरेको हुन्छ । गीतकार क्षेत्रप्रताप अधिकारीका गीतमा पनि प्रेमको मुख्यतः यस्तै स्वरूप वा परिधि रहेको छ । मानवजीवन र व्यक्तिका स्वाभाविक प्रेमपूर्ण भावद्वारा यस खालका व्यवहारको झलक दिने उद्देश्य उनका गीतमा पाइन्छ । अधिकारीले मानवप्रेम र शृङ्गार रसलाई निकटम बनाएर आफ्ना गीतलाई शृङ्गार रसको अभिव्यक्ति केन्द्र नै बनाएका छन् । उनी भावनात्मक कोमलताका स्रष्टा भएकाले प्रेममूलक गीत रचनामा उत्सुक हुनु स्वाभाविकै  हो । उनका गीतमा देशभक्तिको साथमा व्यक्तिगत मानवीय प्रेमलाई पनि सहजरूपमा उतारिएको छ ।

गीतकार अधिकारीले मायाप्रीतिका भावलाई सरस र सरलरूपमा व्यक्त गरेका छन् । अधिकारीका गीतमा प्राप्त मायाप्रीतिका स्वरले नेपाली जनजीवनको स्वाभाविक प्रीतिरचनालाई उठाएको छ । मानिस भावनात्मक प्राणी भएकाले मायाप्रीतिलाई अँगाल्नु

सामान्य हो । यस सन्दर्भमा गीतकार अधिकारीले आफ्ना गीतिरचनामा व्यक्त गरेका प्रीतिका स्वरहरूलाई निकै उल्लेखनीय मानिन्छ । अधिकारीका गीतमा पाइने मायाप्रीति गाँउघर, मेलापात, कामकाजजस्ता सिलसिलामा एकअर्काप्रति निकट हुने र मनका अन्तः चेतनालाई व्यक्त गर्ने साधनका रूपमा पनि आएका छन् । गीतकार अधिकारीका गीति सिर्जनामा प्रेमको तीब्र याचना गरेका सन्दर्भगतभाव प्रकट भएका छन् । स्वाभाविकरूपमा नर र नारीबीच प्रेमात्मक आकर्षण उत्पन्न हुन्छ । यसैलाई शृङ्गारभाव मानिन्छ भने अधिकारीका गीतमा प्राप्त यस्ता भावहरू समेटेका गीतका केही पङ्क्तिका नमूनालाई यसरी राख्न सकिन्छ :–

ऐले जस्तै पैले पनि राम्री थियौ तिमी
मेलापात जाँ गए नि हाम्री थियौ तिमी
आज अर्को मायालुले छेकछेके जस्तो लाग्यो
पैले कतै तिमीलाई देखेदेखे जस्तो लाग्यो ।

(**फेरि एउटा परिवर्तन**, *देखे देखे जस्तो लाग्यो,* पृ. ११)

प्रस्तुत गीति हरफमा एउटा प्रेमीले प्रेमिकाप्रति सम्बोधन गरिएका मायाका भावहरू प्रकट भएका छन् । उक्तहरफका भावले आफूले मन पराएकी नारी वा प्रेमिकालाई अर्कैले माया गरेको कटु अभिव्यक्ति प्रकट भएको छ ।

जवानी फुलेर उमेर ढल्किएछ
तर तन्नेरी मन कतै पल्किएछ ।

(**ऐजन**, *मन मेरो मान्दैन,* पृ. २३)

प्रस्तुत गीतका हरफहरूले मानवमा रहेको प्रेमको सहभावलाई समेटेको छ । मान्छे उमेरले बृद्ध भए पनि मनले प्रेमको याचना गरिरहेको हुन्छ भन्ने भावलाई गीतकार अधिकारीले उक्त पङ्क्तिमार्फत व्यक्त गरेका छन् । तन वा शारीरिक बृद्धताले मायाप्रीति नहराउने भावनालाई उक्त गीतका हरफले अभिव्यक्त गरेको छ ।

वनेलीमा लाको माया याद आयो
जुनेलीमा खाको म्वाँइ याद आयो ।

(**ऐजन**, *माया र म्वाँइहरू,* पृ. ७६)

त्यसै त्यसै कस्तो गाढा माया बसेको
धोए पनि जादैनजाने ।

माया भन्नु यस्तै हो कि मलाई मात्र यस्तो
रोए पनि जादैनजाने ।

(**गाम-बेसीका गीत**, *माया भन्नु यस्तै हो कि !,* पृ. ४९ )

प्रस्तुतहरफमा माया गर्नेहरूबीच हुने शंका र धोकापूर्ण व्यवहारको व्यङग्यात्मकभाव प्रकट भएको छ । अधिकारी एकातिर प्रेमका हर्ष र आनन्दका भावहरू सजीव तरिकाले व्यक्त गर्दछन् भने अर्कातिर वियोग, घात-प्रतिघातका भावहरू र मानव मनका भित्रभित्रै उम्लिएका करूण आवाज र आर्तनादलाई पनि व्यक्त गर्दछन् । गीतकार अधिकारीका गीतिरचनामा सहजभावको अभिव्यक्ति तीव्र रहेको छ ।

मलाई छोडी मेरो छाँया कतै झरेछ
तिमीसम्म आइपुग्दा, साँझै परेछ ।

(**पहाडदेखि पहाडसम्म**, *तिमीसम्म आइपुग्दा,* पृ. ८५)

त्यो चौतारी के चौतारी
बरपपीलको छायाँ छैन
यस्तो चोला कस्तो होला
मायालुको माया छैन ।

(**नफुलेका फूलहरू**, *यता माया फाट्यो क्यारे !,* पृ. २४)

मलाई वारि छोडी तिम्रो कसले डुङ्गा तान्यो ?
म त त्यस्तो होइन तर पिरतीले मार्‍यो ।

( **ऐजन**, *पिरतीले मार्‍यो,* पृ. ३७)

दियो-कलश पुजे पनि लौ
चोखो माया हो, नपुजे नि लौ
म पनि त जता छोयो उतै तिमी हुन्छु
औलाहरू चुमिहेर म त त्यतै हुन्छु

(**ऐजन**, *म त त्यतै हुन्छु,* पृ. ४०)

जति माया गरे पनि बालुवाको पानीजस्तो
नबुझेर हो कि बानी बसिसक्यो त्यस्तो ?
झर्न लाग्यो बैंस त्यसै मर्न लाग्यो जुनी
गुनी थियो बैगुनी त ऐले के भो कुन्नि !

(**ऐजन**, *लाहुरी भाउजू,* पृ. ७१)

यस्तो जुनी यस्तो माया कसले किन रच्यो
तिमी नभै नहुने यो कस्तो बानी बस्यो ।

(**ऐजन**, *कस्तो बानी बस्यो,* पृ. ८५)

बगेर गयो बैंसालु माछा दुवाली छेकेनौ
मझेरीबाट म हेरिरहें तिमीले देखेनौ ।

(**अकविता**, *एकोहोरो माया,* पृ. ७१)

फेरि किन आँखाभरि शङ्का सजाएको
जवानीमा त्यस्तै हुन्छ किन लजाएको ।

(**ऐजन**, *किन लजाएको,* पृ. ७२)

आँखामुनि छेकिएको पोतो रैछ माया
फोटो हेर्दा राम्रो तर खोटो रैछ माया ।

(**ऐजन**, *खोटो माया,* पृ. ७३)

जिन्दगीको गोरेटोमा बगे धेरै खोला
तिमी पनि बग्यौ भने कस्तो हुन्छ होला !

(**ऐजन**, *तिमी,* पृ. ७५)

दिनभरि त ठिकै हुन्छ दुख्छ राती राती
भेट्न पाए कस्तो होला नभेटेको साथी !

(**ऐजन**, *भेट्न पाए कस्तो होला,* पृ. ७८)

यसरी गीतकार क्षेत्रप्रताप अधिकारीले आफ्ना गीतमा मायाप्रीतिका विविधभावहरू व्यक्त गरेका छन् । उनका उपर्युक्त गीतमा मायाका शाब्दिक संयोजन र भावनात्मक वासनात्मक अभिव्यक्ति दिइएको छ । गीतकार अधिकारीले प्रेम, सद्भाव, नारी-पुरुषबीच हुने आकर्षण, यौनमनोवैज्ञानिक विचार प्रकट गरेका छन् । गीतकारले आफ्ना गीतमा भावबिम्ब, सौन्दर्यबिम्ब र वस्तुबिम्बको पनि प्रयोग गरेका छन् । उनका गीतमा शृङ्गारवर्णनलाई मार्मिक बनाउन त्यस्ता बिम्बात्मक शब्दको प्रयोग गरिएको छ । प्रतीक र बिम्बले उनका गीतमा बढी स्पर्शीय अभिव्यक्ति दिएको छ । उनका गीतमा रसका दृष्टिले शृङ्गार रस केन्द्रीय रहेको छ । अधिकारीका गीतमा प्राप्त शृङ्गारिक प्रेमको व्याख्या यस खण्डमा गरिएको छ । शृङ्गार रसको पनि सम्भोग र विप्रलम्भ गरी दुईरूप रहेका छन् । नायक-

नायिकाको मिलन र त्यसअन्तर्गत विविध क्रियाकलापको वर्णन सम्भोग शृङ्गारमा गरिन्छ भने प्रेमको वियोगात्मक विरहको वर्णन विप्रलम्भ शृङ्गारमा गरिन्छ ।

## (अ) सम्भोग शृङ्गार

सम्भोग शृङ्गारिक भावावस्थासँग सम्बन्धित अधिकारीका गीतले प्रेयसीको साथले अनुभूत हुने नित्य, नवीन एवं रुचिकर अनुभवलाई अङ्गालेर मनभित्रको सौन्दर्य चेतनालाई पनि प्रष्ट पारेका छन् । अधिकारीका मूलतः ५० वटा गीतमा मानवीय प्रेमसँग सम्बन्धित भाव व्यक्त भएका छन् जसमध्ये ८ वटा गीतमा मात्र सम्भोग शृङ्गारको भाव व्यक्त भएका छन् । उनका यस्ता गीतमा प्रेमको शिष्ट अभिव्यक्ति पाइन्छ ।

माया मोह निक्कै भयो
जेजे भयो ठिक्कै भयो
यस्तो फुल्यौ फूल तिमी
फूलबारी त फिक्कै भयो

.........................

यस्तो जुनी, यस्तो माया कसले किन रच्यो
तिमी नभै नहुने यो कस्तो बानी बस्यो

(**नफुलेका फूलहरू**, *कस्तो बानी बस्यो,* पृ. ८५)

संम्भोगभाव भएको उक्त गीतिहरफमा प्रेममा धपक्क फुलेकी प्रेयसीका अगाडि फूलबारीका सारा रङ्ग फिक्का लाग्ने र मायामा जिउनुको वास्तविक आनन्द मायालुको नजरमा पाइने, मायालुलाई भेट्ने रहर लागिरहने, हरपल प्रेयसी साथमा नभै नहुने अनौठो बानी बस्नेभाव व्यक्त गरेका छन् ।

तिम्रो कलश सजाऊँ भन्छ
मेरो माया पीपलुको पातै भएर
तिम्रै मङ्गल गाऊँ भन्छ
मेरो माया बर-पीपल साथै रहेर ।

(**गाम-बेसीका गीत**, *मुरली हो मेरो माया,* पृ. ५१)

तनको दुःखी हाम्रो माया

मनको ज्यादै धनी

यस्तो माया अमर हुन्छ

हामी मरे पनि

(**तर देश हारिरहेछ**, *मायाको गीत*, पृ. १२१)

प्रस्तुत हरफहरूमा आफ्नी प्रेयसी सँग बर-पीपल झैं सँधै साथै रहने अभिलाषा व्यक्त गर्दै प्रेमको रूप आकास र सँगरभन्दा पनि ठूलो हुने र पहाडभन्दा पनि अग्लो र हिमालभन्दा पनि सङ्गलो हुने भावका साथै शारीरिक सुन्दरता भन्दा आत्मिक प्यार अमर हुने तथा तनले कम्जोर भए पनि प्यारमा मनले धनी र सँधैं सुखी रहने उच्च भावको प्रस्तुति दिएका छन् । उनका सम्भोग शृङ्गारअन्तर्गत पर्न आउने गीतिरचनाहरूको सूची यस प्रकार रहेको छ

| शृङ्गारिक प्रेम | | | | |
|---|---|---|---|---|
| कृति | क.सं | गीतको शीर्षक | पृ. | वस्तु/मूलभाव |
| गामबेसीका गीत | १ | मुरली हो मेरो माया | ५१ | प्रेमाकर्षण र समर्पणको रागात्मकभाव व्यक्त |
| नफुलेका फूलहरू | २ | कस्तो बानी बस्यो ! | ८५ | प्रेमाकर्षण र मिलनको भाव व्यक्त |
| फेरि एउटा परिवर्तन | ३ | मन मेरो मान्दैन | २३ | तन बुढो भए पनि मन जवानै रहने प्रेमले उमेरको हद नमान्ने शृङ्गारिकभाव व्यक्त |
| तर देश हारिरहेछ | ४ | के के लाग्यो | ११८ | प्रेमको नसामा डुवेर त्यसको मातले बाहिरी संसार भूलेको शृङ्गारिकभाव व्यक्त |
| | ५ | उडन्ते जुरेली फिरन्ते भमरो | १२२ | युवा युवतीबीचको छेडखानी शृङ्गारिकताको भाव प्रकट |
| अकविता | ६ | किन लजाएको ! | ७२ | प्रेम मिलन पश्चात आफ्नो प्रेमिका प्रति समर्पणमा संभोग शृङ्गारको भाव प्रकट |
| | ७ | तिमीसित आँखा जुधे | ८० | प्रेमाकर्षण र मिलनको भाव व्यक्त |

## (आ) विप्रलम्भ शृङ्गार

अधिकारीले आफ्ना मानवीय प्रेमअन्तर्गत पर्ने गीतमा विप्रलम्भ शृङ्गारको भावले युक्त गीतको प्रसस्त प्रयोग गरेका छन् । जम्मा ५० वटा मानवीय प्रेमसँग सम्बन्धित उनका रचनामध्ये ४२ वटा गीत विप्रलम्भ शृङ्गार भावलाई बोकेर व्यक्त भएका छन् । माया गर्नेहरू बीच हुने शंका र धोकापूर्ण व्यवहारको व्यङ्ग्यात्मकभाव प्रकट भएका छन् भने कतै बाध्यता र विवशताको बीचमा बिछोड भएको अवस्थाको कारुणिक चित्रण गरेका छन् । त्यसै गरी कतिपय गीतमा मिलनको आशादीप बालेर एकान्तमा पर्खिरहेको भाव व्यक्त भएका छन् ।

आज अर्को मायालुले छेकछेके जस्तो लाग्यो
पैले कतै तिमीलाई देखेदेखे जस्तो लाग्यो ।

(**फेरि एउटा परिवर्तन**, *देखे देखे जस्तो लाग्यो,* पृ. ११)

प्रस्तुत गीतिहरफमा एउटा प्रेमीले प्रेमिकाप्रति सम्बोधन गरिएका मायाका भावहरू प्रकट भएका छन् । उक्त हरफका भावले आफूले मन पराएकी नारी वा प्रेमिकालाई अर्कैले माया गरेको कटु अभिव्यक्ति प्रकट भएको छ ।

टीको-टालो गरौं भन्थ्यौ
सँगै बाचौँ मरौँ भन्थ्यौ
बाचा त्यसै खेर गयो
कस्तो नरमाइलो भयो ।

(**तर देश हराइरहेछ,** *तिमी आइनौ,* पृ. ९४)

डाँडामाथि घामको छायाँ मेरै लाग्न थाल्यो
हिजोआज तिम्रो माया धेरै लाग्न थाल्यो ।

(**ऐजन**, *मेरो माया तिम्रो छायाँ,* पृ. १०८)

नबुझिने निर्मोहीको जातै त्यस्तो हो कि
जाँ छोए नि बिछोड छुन्छु हातै त्यस्तो हो कि !

(**ऐजन**, *हातै त्यस्तो हो कि,* पृ. १२०)

| विप्रलम्भ श्रङ्गार | | | | |
|---|---|---|---|---|
| कृति | क.सं. | गीतको शीर्षक | पृ. | वस्तु/मूलभाव |

| | | | | |
|---|---|---|---|---|
| गामबेसीका गीत | १ | वैगुनीको गीत | ४८ | प्रेममा हुने घात प्रतिघातको चित्रण, हार्दिक सम्बेदनाण्युक्त विरहपूर्ण अभिव्यक्ति |
| | २ | माया भन्नु यस्तै हो की ! | ४९ | एकोहोरो प्रेमको पीडा व्यक्त |
| पहाडदेखि पहाडसम्म | ३ | कसले के के सुनाइदियो | ८३ | विरही मनको प्रेम पीडाको अभिव्यक्ति |
| | ४ | तिमीसम्म आइपुग्दा | ८५ | प्रेम विरह र मिलनको तिर्सना व्यक्त |
| नफुलेका फूलहरू | ५ | मन हराएको सूचना | १४ | मायालुको सम्भनामा तड्पिएको भाव व्यक्त |
| | ६ | यता माया फाट्यो क्यारे ! | २४ | प्रेम विरह र बिछोडको भाव व्यक्त |
| | ७ | चर्केको चुरा | २९ | भुटो बाचा कसम तथा जाली मायाजालबाट सचेत भई आफ्नी मायालुलाई टाढै रहन आग्रह गर्दै विरहपूर्णभाव व्यक्त |
| | ८ | पिरतीले मार्‍यो | | प्रेममा पाएको धोकाको चित्रण |
| | ९ | म त त्यतै हुन्छु | ४० | साँचो प्रेममा पाएको भुटो लाञ्छनाको प्रतिवाद र मिलनको याचनाभाव प्रकट |
| | १० | लाहुरी भाउजु | ७१ | बिछोडमा परेका मायालुको सम्भनामा मिलनको याचना गर्दै प्रेम विरहको भाव प्रकट |
| | ११ | बेसारे | ७६ | मायालुको दोधारे, बेसारे र चेपारेभावप्रति व्यङ्ग्य |
| | १२ | नफुलेका फूल | १०० | अतीतको प्रेम सम्भेर मिलनको आसमा प्रेम विरहको भाव व्यक्त |
| फेरि एउटा परिवर्तन | १३ | देखे देखे जस्तो लाग्यो | ११ | आफ्नी प्रेयसीको भभल्कोमा व्यक्त विरहभाव |
| | १४ | माया र म्वाईंहरू | ७६ | अतीतको प्रेम सम्भेर आज एकान्तमा एक्लै तड्पिएर व्यक्त गरिएको प्रेम विरहभाव |

| | | | | |
|---|---|---|---|---|
| तर देश हारिरहेछ | १५ | निष्ठुरी मायालु | ९२ | प्रेममा प्राप्त धोकापूर्ण व्यवहारको चित्रण |
| | १६ | तिमी आईनौ | ९४ | मायालुको पर्खाइमा एक्लै तड्पिएर रहेको विरहभाव व्यक्त |
| | १७ | भनूँ कसरी ! | ९५ | प्रेममा बिछोड भएपछि प्रकृतिको रमणीयताले समेत मनमा कुनै प्रकारको रङ्ग भर्न नसक्ने विरहभाव प्रकट |
| | १८ | भूल गरी सानीले | ९७ | सिउँदोमा सिन्दुर हालेर पनि आफ्नो हुन नसकेको आफ्नो प्रेमबाट धोका पाएपछि प्रकट भएको विरहभाव |
| | १९ | भो भैगो | १०१ | बिछोडमा तड्पिएर मिलनको आग्रहपूर्ण भाव प्रकट |
| | २० | हराएको माया | १०४ | मिलनको आसमा बसेकी प्रेमिकाद्वारा आफ्नो प्रेमीले कुनै खोज खबर नै नगरेपछि व्यक्त गरेको व्यङ्ग्यपूर्ण अभिव्यक्ति |

गीतकार अधिकारीले आफ्ना गीतमा शृङ्गारवर्णनलाई मार्मिक बनाउन भावबिम्ब, सौन्दर्यबिम्ब र वस्तुबिम्बका बिम्बात्मक शब्दको प्रयोग गरेका छन् । प्रतीक र बिम्बले उनका गीतमा बढी स्पर्शीय अभिव्यक्ति दिएको छ । विप्रलम्भ शृङ्गारिक गीतिरचनाका सिलसिलामा उनले आफ्ना गीतमा समेटेका प्रेममूलकभावलाई सारसङ्क्षेपरूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :-

१. प्रेमभावको मर्मस्पर्शी अभिव्यक्ति प्रकट,

२. प्रेममा हुने आशा र घातको वर्णन,

३. प्रेमको मिलन र बिछोडको चित्रण,

४. प्रेमी र प्रेमिकाका भावनात्मक तहको उद्घाटन,

५. प्रतीकात्मक भाषामार्फत वासनात्मकभाव व्यक्त,

६. प्रेममा उत्पन्न विरहको अभिव्यक्ति,

७.. प्रेममा देखापर्ने एकतर्फी मायाको व्यङ्ग्य प्रकट,

९. मेलापात, गाईगाठालो गर्दाको ग्रामीण प्रेमवर्णन,

१०. शृङ्गारवर्णनको मार्मिक परिवेशको प्रयोग,

११. प्रेमको वास्तविकता व्यवहारमा छँदा तीतो हुने कुराको वर्णन,

१२. आन्तरिक मानसिकभावको प्रकटीकरण,

यसरी गीतकार अधिकारी विप्रलम्भ शृङ्गारलाई आफ्ना गीति रचनाका माध्यमबाट कलात्मक र मार्मिकरूपमा प्रस्तुत गर्ने भावनात्मक गीतकार हुन् भन्ने तथ्यलाई उनका गीतमा प्राप्त प्रेमवर्णनले पुष्टि गर्दछ ।

## (ग) प्रकृतिप्रेम

गीतकार क्षेत्रप्रताप अधिकारीको गीतमा पाइने अर्को महत्त्वपूर्ण विषवस्तु प्रकृति प्रेम हो । अधिकारीका गीतमा विशुद्ध प्रकृति चित्रण गर्ने उद्देश्य लिएर प्रकृतिको चित्रण गरेको भने पाइदैन । उनी राष्ट्रियता, देशप्रेम आदि विषयवस्तुलाई मूलसाध्य बनाएर बिम्ब प्रतीकका रूपमा मनोरम प्रकृतिको सौन्दर्य चित्रण परम्परित एवं नवीन ढङ्गले प्रस्तुत गर्नमा निपूण देखिन्छन् । भावनात्मक, सौन्दर्यात्मक अभिव्यक्तिको स्रोत प्रकृतिलाई मान्नु गीतकार अधिकारीको विषयवस्तु चयनको महत्त्वपूर्ण तथा उल्लेखनीय प्रवृत्ति हो । आफ्ना रचनामा प्रकृति विचरण गर्नु, प्राकृतिक सुन्दरताको चित्रण गरी आफ्ना अनुभूतिलाई स्वच्छन्द र स्वतन्त्र बनाउनु पनि प्रकृति प्रेमको नमूना हो । गीतकार अधिकारीले प्रकृतिप्रेमका स्वच्छन्द भावनालाई आफ्ना गीतमार्फत सुन्दर शिल्पमा प्रस्तुत गरेका छन् । उनका गीतमा पाइने प्रकृति चित्रणलाई विश्लेषण गर्दा अधिकारी प्रकृतिप्रेमी स्वच्छन्दतावादी गीतकारका रूपमा देखिन्छन् । नेपालको प्रकृतिलाई राष्ट्रिय स्वरूप प्रदान गर्नु नै अधिकारीका गीतमा प्रयुक्त प्रकृति चित्रणका नमूना हुन् । प्रकृतिलाई राष्ट्रवादसँग समन्वय गरिनु र त्यसको हार्दिक प्रशंसा गरिनुलाई उनको प्राकृतिक सौन्दर्यवर्णन राष्ट्रिय भावसौन्दर्यको कारक मान्नुपर्छ । उनले आफ्नो राष्ट्रभक्तिको भावनालाई मुखरित गर्ने क्रममा प्रकृति चित्रणलाई माध्यम बनाएको पनि देखिन्छ । उनी मूलतः प्रकृतिका पुजारी एवं एक सफल राष्ट्र भक्त हुन् । आफ्ना गीतमा प्रकृतिविचरण गर्नु, प्राकृतिक सुन्दरताको चित्रण गरी आफ्ना अनुभूतिलाई स्वच्छन्द र स्वतन्त्र बनाउनु पनि उनको प्रवृत्ति हो । उनले आफ्ना गीतमा प्रकृतिलाई विविध चिन्तन र विषयवस्तुको सकारात्मक उपमाका रूपमा चर्चा गरेका छन् । प्रकृतिलाई मानवीकरण गरी त्यसमा भावनात्मक अनुराग प्रदान गर्नु उनको

गीतिप्रवृत्ति देखिन्छ । उनको यस प्रवृत्तिलाई पुष्टि गर्ने मार्मिक गीतिनमूना लाई यसरी प्रस्तुत गरिन्छः-

पहरा अग्ला मुस्कान भर्छन् पवित्र कान्तिको
छहरा सँगला सन्देश छर्छन् विश्वमा शान्तिको ।

(**रहर लागेर**, *नेपाल मेरो मुटु*, पृ.८)

कति हो कति गुराँस फुल्ने रमैलो राम्रो बन
को लेखो जोखो गरेर सक्छ कोटी छ कोटी धन

(**ऐजन**, *एक गीत*, पृ.५४)

आँखामा हिमाल खोपेर
मुटुमा नेपाल रोपेर
रगत्मा लालीगुराँस
फुलेको हुन्छ नेपाली

(**तर देश हारिरहेछ**, *देशको माया एकै हो*, पृ. ९१)

म त लालीगुराँस भएछु
बनैभरि फुलिदिन्छु
मनैभरि फुलिदिन्छु
म त लालीगुराँस भएछु ।

(**गाम बेसीका गीत**, *लालीगुराँस*, पृ.१)

गीतकार अधिकारीले आफ्नो राष्ट्रको पहिचान बोकेको राष्ट्रिय फूल र यसको सौन्दर्यगानलाई गीतमा उतारेका छन् । क्षेत्रप्रतापका अधिकारीको कवित्त्व प्रतिभाभन्दा गीतिप्रतिभा ज्यादा चम्किलो देखिएको छ । गीतिरचनाका सौन्दर्यभित्र काव्यात्मक प्रस्तुति दिनसक्नु उनको गीतिप्रतिभा हो । यसलाई उनका प्रकृति चित्रणमूलक गीतले नै पुष्टि गरेको छ ।

कति धेरै खोलानाला
कति धेरै छायाँहरू
कति राम्रो सुनाखरी
फूल फुलेका हाँगाहरू

(**अकविता**, *हिमको छायाँ*, पृ.८१)

यसरी नेपाली प्रकृतिलाई शुद्ध प्राकृतिक सौन्दर्यको दृष्टिले मात्र नभई त्यसलाई नेपाल र नेपालीको आत्मीयभावसित संयोजन गरी गीतकार अधिकारीले राष्ट्रिय प्रकृतिको चित्रण गरेका छन् । गीति सिर्जनामा नेपालको प्रकृतिलाई वरदान मान्नु र गीतकै साधन अनि उद्देश्य मान्नु उनको सिर्जनात्मक उत्प्रेरणा हो । नेपाली भूगोलमा अवस्थित रमणीय वस्तुहरू राष्ट्रप्रेमका निधि मानेपछि झन् रमाइलो लागेको र तिनले मनलाई आकर्षण गरेको भाव समेटेर गीतकार अधिकारीले गीतको रचना गरेका छन् ।

आफ्ना गीतिरचनामा नेपाली भूगोल तथा भौगोलिक विशेषताहरू, जडिबुटी, जीवजन्तु, बनपात, पशुपन्छी, छाँगा, झरना, फूलहरू, हिमाली शिखरहरू, लेक-बेसी, खोँच, ग्रामीण-दृष्य, उकाली, ओराली, पहाड, तराई, उपत्यकाजस्ता वस्तुहरूलाई वर्णन गरेका छन् । यिनै वस्तुहरूको सौन्दर्य संयोजनले नेपालको प्रकृति हराभरा भएको भाव उनका गीतमा रहेको छ । नेपालीहरूको मुटुमा प्रकृति अभिन्न सौन्दर्यजस्तै गडेर आत्मीय बनेको अभिव्यक्ति गीतकार अधिकारीले व्यक्त गरेका छन् । उनका यस्ता प्राकृतिक सौन्दर्यबोध गर्ने प्रवृत्तिका गीति अंशहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छः-

सलल सलल पवित्र जल नागबेली परेको
बागमती दोभान नेमुनि आई तपस्या गरेको

(**रहर लागेर**, *देशको माया,* पृ. ५)

प्रत्येक छहराले यहाँ सेलो गाइदिन्छ
र हरेक बिरौटीमा वसन्त आइदिन्छ

(**गाम बेसीका गीत**, *मेरो देश : एक शब्दचित्रण,* पृ. ८)

टारीहरूमा पोख, घाँटीहरूमा रसाऊ
मुटुभरि मनग्गे माटोको गीत गाऊ ।

(**नफुलेका फूलहरू**, *आजको गीत,* पृ. ९३)

प्रस्तुत गीतिरचना नेपाली हावापानीलाई उच्च गौरव गर्ने भावमा समेटिएका छन् । नेपालको माटोलाई गीतकारले ढुकढुकी मानेर त्यसको कलापूर्ण प्रस्तुति गरेका छन् । अधिकारीका गीतमा प्रकृतिको अभेद्य प्रेम नेपाल र नेपालीको स्वदेशीपनसित गाँसिएको छ ।

| प्रकृति चित्रण |
| --- |

| कृति | क्र.सं. | शीर्षक | पृ. | वस्तु/ मूलभाव |
| --- | --- | --- | --- | --- |
| रहर लागेर | १ | देशको माया | ५ | प्रकृतिको रमणीयताको चित्रणद्वारा राष्ट्रप्रेमको भाव व्यक्त |
| गामबेसीका गीत | २ | लालीगुराँस | १ | प्रकृतिलाई मानवीकरण गरेर प्रकृतिको रमणीयताको चित्रण |
| | ३ | सीप र श्रम | ६ | प्रकृति चित्रणका माध्यमबाट राष्ट्रोन्नतितर्फ लाग्न उत्प्रेरित गर्ने भाव व्यक्त |
| | ४ | टाढा को पो हुदैन र | ३२ | प्रकृतिको रमणीयताको चित्रण गर्दै राष्ट्र निमार्णमा एक जुट रहन गरिएको आग्रहभाव |
| नफुलेका फूलहरू | ५ | शुभकामना गीत | ६४ | प्रकृतिको विविधताको चित्रण |
| तर देश हारिरहेछ | ६ | गोदावरीको गीत | १०९ | प्राकृतिक विचलनको चित्रण |
| | ७ | रोल्पाको गीत | ११३ | प्रकृतिको रुखो चित्रण |
| | ८ | राम्रो केही छैन | ११६ | प्राकृतिक विविधताको चित्रण |
| अकविता | ९ | हिमको छायाँ | ८१ | प्रकृतिको रमणीयताको चित्रण |
| | १० | ऋतुराग | ८२ | प्रकृतिको रमणीयता र वसन्त आगमनसँगै आफ्नी प्रेमिकाको पनि आगमन भइदियोस् भन्ने आसा व्यक्त |
| | ११ | मायाको रङ्ग | ८३ | प्रकृतिको सौन्दर्यसँग प्रेमको तुलनात्मकभाव व्यक्त |
| | १२ | गाउको गीत | ८४ | प्रकृतिको विविधताको चित्रण |
| | १३ | मेरो गाउँठाउँ | ८७ | आफ्नो गाउँघरको रमणीय प्रकृतिको वर्णन |

## ४.२.२ अधिकारीका गीतमा व्यक्त दर्शनभाव

जीवनप्रतिको परिभाषा तथा दृष्टिकोण नै दर्शन हो । कुनै पनि लेखकमा जीवनचेत हुन्छ र गीतकार अधिकारीमा पनि सो कुरा दार्शनिक चिन्तनका रूपमा रहेको भाव उनका गीतमा व्यक्त भएका छन् । गीतकार अधिकारीले जीवनलाई विविध विषयको सापेक्षतामा परिभाषित गरेका छन् । जीवनदृष्टिको उनको चेतना सूक्ष्मतामा आएको देखिन्छ । उनले दर्शनमूलक गीतिअंशलाई प्रेम, राष्ट्र र सामाजिक सन्दर्भसित पनि जोडेका छन् । दर्शनको आधार व्यक्तिले भोगेका जीवनको अनुभूतिबाट पनि प्रकट हुन्छ । यस सन्दर्भमा गीतकार

अधिकारीले आफू राष्ट्रियता र जीवनवादी दर्शन निकट रहेको भाव गीतमा प्रकट गरेका छन् । उनका गीतमा दर्शनको प्रत्यक्ष दृष्टान्तहरू नआए पनि दार्शनिकता व्यक्त भएका छन् । जीवनप्रतिको उनको स्वाभाविक चिन्तनलाई गीतमा समावेश गरी गीतका भाव-विचारलाई विविधमय बनाएका छन् । उनका दार्शनिक विचारका गीतिरचनाका नमूना हरूलाई यसरी व्यक्त गरिन्छः-

पसिनाका कोटी कोटी थोपाहरू जुट्नु पऱ्यो
आफ्नै सिँगो हत्केलामा हिमालहरू उठ्नु पऱ्यो ।

(**पहाडदेखि पहाडसम्म**, *पसिनाका थोपा,* पृ. ८८)

जिन्दगीमा धेरै कुरा गर्न बाँकी छ
सबैभन्दा ठूलो कुरा मर्न बाँकी छ ।

(**नफुलेका फूलहरू**, *स्वरसम्राटमा समर्पित एउटा अन्तिम गीत,* पृ. ७)

(**फेरि एउटा परिवर्तन**, *आवरण*)

देशको माया एकै हो, ठूलो र सानो हुँदैन
पानीको कुरा ठीकै छ, माटो त साझा हुँदैन ।

(**तर देश हारिरहेछ**, *देशको माया एकै हो,* पृ. ९१)

नेपाली रगत नसुकेसम्म यो पानी सुक्दैन
चन्द्र र सूर्य नझुकेसम्म यो झण्डा झुक्दैन ।

(**ऐजन**, *झण्डाको गीत,* पृ. ९९)

प्रस्तुत गीतिहरफहरूमा गीतकार अधिकारीले राष्ट्र निर्माण र राष्ट्रिय अखण्डताका लागि पसिनाका थोपा-थोपा एक जुट हुनु पर्ने र देशको माया एउटै हो कोही सानो-ठूलो हुँदैन; भौगोलिकरूपमा सानो भए तापनि स्वाभिमान ठूलै हुन्छ, बीरताको प्रतीक नेपाली रगत आफ्नो स्वाभिमान र अखण्डताका लागि आदि-अनादि कालसम्म नसुक्नेभाव व्यक्त गरेका छन् ।

## ४.२.३ अधिकारीका गीतमा अध्यात्मभाव

गीतकार क्षेत्रप्रताप अधिकारीले आफ्ना केही गीतमा अध्यात्मभाव तथा ईश्वरभक्तिको भाव पनि प्रकट गरेका छन् । गीतका पङ्क्तिमार्फत नेपाली मनको

आध्यात्मिकभावको सम्बोधन गरेका छन् । उनले आफ्ना रचनामा पौराणिक बिम्बको प्रयोग गर्दै केही देवीदेवताको अस्तित्त्वलाई गौरवका रूपमा उल्लेख गरेका छन् । हाल आफू पूर्णरूपमा नास्तिक भएको बताए तापनि उनले आफ्ना रचनाहरूमा दैवी शक्तिलाई स्वीकार गर्दै त्यस्तो शक्ति नेपाली प्रकृतिको अभिन्न सौन्दर्य र नेपालीजनको आस्थाभावको रूपमा व्यक्त गरेका छन् । उनी विशेषतः गीतिकला र नेपाली संस्कृतिको प्राचीनतम युगदेखि दैवीरूपको उल्लेख भएको र तिनले देशलाई उच्च र आदर्श बनाएको कुरा अभिव्यक्त गर्दछन् । उनका गीतमा अध्यात्मचेतलाई पनि नेपालको राष्ट्रिय गौरव मानिएको छ । गीतकार अधिकारीले आफ्ना गीतमा प्राचीन आदर्श र आस्थालाई राष्ट्रगानसँग सम्मिलित गरेका छन् । नेपालको राष्ट्रिय विषयवस्तुमा भावनात्मकरूपलाई प्राचीन तथ्यसित तादात्म्य बनाउनु गीतकार अधिकारीको उल्लेखनीय गीतिप्रवृत्ति देखिन्छ । यस प्रवृत्तिका उनका गीतलाई यसरी प्रस्तुत गर्न सकिन्छ :–

सलल सलल पवित्र जल नागबेली परेको
वागमती दोभान नेमुनि आई तपस्या गरेको ।

(**रहर लागेर,** *देशको माया,* पृ.५)

शंकर दम्पती पिरती भेल्छन् हिमाल शिरैशिर
राधा र कृष्ण जुहारी खेल्छन् कालीको तीरैतीर ।
नेपाल राम्रो फूलबारी हाम्रो पृथिवी पिताको
यो युग युग फुलिरहन्छ आशिष सीताको

..........

यहाँका प्रत्येक मान्छेको ओठमा शिवजी हाँस्दछन्
स्वर्गका परी दङ्ग परी परी धर्तीमा नाच्दछन् ।

(**ऐजन**, *नेपाल मेरो मुटु*, पृ. ८)

जति छ हाम्रो पवित्र यो देश उति छ राम्रो नाउँ
भूगोल रच्दा ब्रम्हाजी आई थकाई मेट्ने ठाउँ

..............

देखेर होकि मोतीका छाँगा अमूल्य सम्पत्ति
बहार गर्दै घुमेका हुन्छन् शंकर दम्पत्ती ।

( **ऐजन,** *एक गीत,* पृ. ५४)

पर्खिरहेँ चौतारीमा देवीदेउता भाकी
छायाँ मात्र आयौ तिमी माया कतै राखी

(**अकविता,** *छायाँ*, पृ. ६८)

रातो पनि हैन रेशम् सेतो पनि हैन
मायाको रङ्ग कस्तो हुन्छ केही थाहा छैन
ओम् माने पेमे हुम्, माने पेमे हुम् ।

(**ऐजन,** *मायाको रङ्ग,* पृ. ८३)

द्यौरालीमा पार्वतीको
माया फुल्यो बुकी
शिवजीको तेस्रो आँखा
हेर्छ लुकी लुकी
सतीदेवी त्यतै होलिन्
सीता जाँदै होलिन्
भेडीगोठमा मोनालिसा
काफल खाँदै होलिन् ।

(**ऐजन**, *गाउँको गीत,* पृ. ८४)

यसरी गीतकार अधिकारीले ब्रम्हाको चर्चा गर्नु, शिव, पार्वती, सीता र सतीदेवीको अस्तित्त्व देखाउनु, तपस्वीको तपस्यालाई उल्लेख गर्नुजस्ता कुराले अध्यात्मचेतको बोध गराएका छन् । आफ्ना गीतमार्फत अध्यात्मदर्शनको वर्णन गर्नु उनको गीति विशेषताको अर्को रूप देखिएको छ । अधिकारीले आत्मिकशान्ति र जीवनदर्शनलाई गीतका माध्यमले व्यक्त गरेका छन् । यस सन्दर्भमा आध्यात्मिक गीतको रचना हुनपुगेको देखिन्छ । गीतकार अधिकारी संस्कारजन्य आत्मिक मानसभावबाट पनि प्रभावित बनेका थिए भन्ने कुरा उनका गीतमा प्रकट भएको छ । गीतिरचना एक मनोरञ्जन र मनोभाव व्यक्त गर्ने माध्यम हो । त्यसैले शान्त रसको भाव अभिव्यक्त गर्ने सिलसिलामा उनले आत्मिकसुन्दरतालाई गीतमा उनेका छन् । उनले कथित स्वर्गको कुरा अध्यात्मदर्शनको एक हिस्साका रूपमा व्याख्या गरेका छन् । नर्क र स्वर्गको प्रसङ्गलाई गीतकार अधिकारीले  आध्यात्मिकभाव प्रकट गर्ने साधनका रूपमा व्यक्त गरेका छन् । गीतकार अधिकारीले यस्तो भावलाई आफ्ना गीतमा निकै कम उल्लेख गरेका छन् ।

### ४.२.४ अधिकारीका गीतमा व्यक्त श्रमचेतनाभाव

गीतकार अधिकारीका गीतमा श्रमचेतनाको कलात्मक र वैचारिक अभिव्यक्ति रहेको छ । उनले नेपाली सामाजिक सन्दर्भलाई केन्द्रक मानी श्रमिक एवं उत्पीडित वर्गसम्बद्ध वैचारिक विषय गीतमार्फत व्यक्त गरेका छन् । श्रमिकले श्रमको मूल्य पाउनुपर्छ र श्रमको मूल्य उचित पनि हुनुपर्छ भन्ने विचारलाई अधिकारीका निम्नलिखित गीतिअंशले चित्रण गरेका छन् :-

नमरेसम्म खटेर हामी पसिना काड्ने छौँ
सबैको साझा फूलबारी स्वर्ग बनाई छाड्नेछौँ ।

(**रहर लागेर,** *फूलबारी,* पृ. ५३)

पारि जाँदा मन वारि च्यौरालीमा राख
पाखुरामा पहराको बल बोकी राख
मर्स्याङ्दीको पहरामा कुलो खोप्नुपर्छ
टारीभरि, बारीभरि सीप रोप्नुपर्छ ।

(**गामबेसीका गीत,** *सीप र श्रम,* पृ. ६)

पसिनाका कोटी कोटी थोपाहरू जुट्नुपर्‍यो
आफ्नै सिँगो हत्केलामा हिमालहरू उठ्नुपर्‍यो ।

(**पहाडदेखि पहाडसम्म** , *पसिनाका थोपा,* पृ. ८८,)

म बाँध बिशाखा कमैया-कुमारी
सुसारे सबैकी न वारि न पारि
म पानी सुकेको नदी हुँ नखाऊ
मेरो शून्यतामा तिमी भो नआऊ

(**तर देश हारिरहेछ,** *कमैयाको गीत,* पृ. ११५)

हाँसो कता भाग्यो कुन्नि मुखै मलिनो छ

नुन बोक्ने भरियाको तिहुन अलिनो छ ।

(**युद्धका छाँयाहरू,** *भरिया* पृ. ४२)

बेरोजगार औंलाहरू आगो हुन्

आगोसित नखेल्नु है भनिरहेछु !

(**ऐजन,** *आगो बाढी पैरो इत्यादि,* पृ. ८४)

### ४.२.५ अधिकारीका गीतमा संस्कृति तथा चाडपर्व चित्रण

गीतकार क्षेत्रप्रताप अधिकारीका गीतमा साँस्कृतिक विषयलाई पनि व्यक्त गरिएको छ । विशेषतः गीतकारले नेपाली मौलिक संस्कृति, सँस्कार र परम्परालाई आदर्श विषयका रूपमा उठाएका छन् । उनका गीतमा प्राप्त स्वाभिमानबोधले नै साँस्कृतिक विषयलाई उच्च मानेको छ । नेपालको स्वाभिमानलाई पहिचान गर्ने विविध विषयमध्ये नेपाली जाति, परम्परा र भूगोलमा स्थापित संस्कृति महत्त्वपूर्ण छ भन्ने भाव उनका गीतहरूमा पाइन्छ । कुनै पनि देशको आफ्नोपन विशिष्ट प्रवृत्तिको हुन्छ जसलाई साँस्कृतिक आस्थाले चिनाउने गर्छ । नेपाली परम्परा, कला तथा संस्कृतिले भरिपूर्ण रहेको छ । यसलाई उनले गीतिकलामा उनेर सरसतापूर्ण भाषिकशिल्पमा व्यक्त गरेका छन् । गीतकार अधिकारीले आफ्ना गीतमा नेपाली स्वभाव र सहजतामा हुर्केका साँस्कृतिकभाव र परम्परालाई गीतको विषय बनाएका छन् । उनले आफ्ना गीत मार्फत नेपाली संस्कृति र परम्पराको पनि भावनात्मक चित्रण गरेका छन् । उनले संस्कृतिलाई राष्ट्रको पहिचानसँग गाँसेर प्रस्तुत गरेका छन् । उनका यस प्रवृत्तिका गीतको सङ्ख्या अन्य विषयको तुलनामा कम छन् । धर्म, संस्कृति, चाडपर्व, मान्यता, आदर्शजस्ता साँस्कृतिक विषयलाई गीतकार अधिकारीले यसरी प्रकट गरेका छन्  :–

रोदीघरको घिन्तिपकम मादलुको देश

मारुनीको मायाप्रीति गाजलुको देश

हरेक बिहानीले यहाँ पर्व ल्याउँछ

र हरेक साँझले मालसिरी गाउँछ

खैंजडीमा खोपिएको मेरो इतिहास

चुड्का भएर चारैतिर मोहनी लाउँछ ।

(**गाम-बेसीका गीत**, *मेरो देश: एक शब्दचित्र,* पृ. ८)

नयाँ गीतमा लैबरीको लय छ कि छैन ?
छैन भने माईबेनीको जय पनि छैन ।

..........................................

रोदी राम्रो मादलुले
गाजलुले आँखा राम्रो
तराई राम्रो पूर्वतिर
पोखराको पाखा राम्रो ।

(**फेरि एउटा परिवर्तन**, *माईबेनी,* पृ. १९)

तिहार आउन लाग्यो क्यारे मखमली फुल्यो
मन फुलेको छैन दिदी खुसी कतै भुल्यो ।

(**तर देश हारिरहेछ**, *तिहार,* पृ. ९३)

त्यता पनि दशैं तिहार आएछ कि कुन्नि
जमराको माला त्यतै लाएछ कि कुन्नि !

(**ऐजन**, *एउटा गीत-जोसँग सम्बन्धित छ,* पृ. १०२)

खल्लो भयो दशैं तिहार
नुन भएर आइदिनू है
अँधेरो छ रोदीघरमा
जूनको ज्योति छाइदिनू है !

(**ऐजन,** *शुभकामना गीत,* पृ. १२४)

गोदावरी फुल्न थाल्यो
दशैं आयो क्यारे
बसाइँ गाको मेरो माया
आइदिए त मीठो हुन्थ्यो !

(**अकविता**, *ॠतुराग,* पृ. ८२)

गीतकार अधिकारीका उपर्युक्त गीतमा नेपाली चालचलनमा गाइने गीत, मेलापर्म गर्ने ग्राम्य रीतिरिवाज, लवाई-खवाई, चाड-पर्वजस्ता पक्षलाई मार्मिकरूपमा समावेश गरिएका छन् । उनका गीतमा राष्ट्रियपन अनुभव हुने साँस्कृतिक गौरवको गान तथा स्वर रहेको छ । अधिकारी राष्ट्रिय संस्कृतिप्रेमी गीतकार हुन् भन्ने कुरालाई पनि उनका माथि उल्लिखित रचनाले प्रस्ट गरेको छ ।

## ४.२.६ अधिकारीका गीतमा व्यक्त स्रष्टाप्रति सम्मानभाव

गीतकार क्षेत्रप्रताप अधिकारीका गीतमा साहित्यकार, कलाकार तथा प्रतिभाशाली स्रष्टाप्रति सम्मान व्यक्त गरिएको छ । उनले कला-साहित्यप्रेमी व्यक्तित्त्वलाई गीतमा संस्मरण गरी उनको प्रवृत्तिगत, विषयगत र ऐतिहासिक योगदानको चित्रण प्रस्तुत गरेका छन् । आफू स्वयं पनि साअितीयक स्रष्टा भएकोले वर्गीय सद्भाव एवं सम्मान उनका गीतमा व्यक्त हुनु स्वचाविकै हो । उनका यस्ता कलाकार तथा साहित्यकारप्रति सम्मान-संस्मरण गरिएको गीत *स्वरसम्राटमा समर्पित एउटा अन्तिम गीत* हो । प्रस्तुत गीतमा गीतकार अधिकारीले स्वरसम्राट स्व. नारायण गोपालप्रति सङ्केत गर्दै उनको गीतमा अभिव्यक्त भएका मृत्युसन्दर्भका शाश्वत सत्यलाई चित्रण गरेका छन् । रामकृष्ण ढकालद्वारा गाइएको उक्त गीतमा भावनात्मक स्वरूपका साथै मृत्यु विषय सम्बद्धभावमा अधिकारी पनि गीतमार्फत यसरी संस्मरण गर्दछन् :-

जिन्दगीमा धेरै कुरा गर्न बाँकी छ
सबैभन्दा ठूलो कुरा मर्न बाँकी छ ।

(**नफुलेका फूलहरू**, *स्वरसम्राटमा समर्पित एउटा अन्तिम गीत*, पृ. १)

सङ्ख्यात्मकरूपमा अधिकारीले स्रष्टासम्वद्ध गीत एउटा मात्र रहेको छ । उनले नामकरणका रूपबाट भन्दा प्रवृत्तिगतरूपबाट स्रष्टाप्रतिको सम्मानभाव आफ्नो गीतिरचनामा व्यक्त गरेका छन् ।

उनले आफ्नो साहित्य यात्राको थालनी *जानु भयो देबकोटा कवि नेपालीलाई टुहुरो पारेर* पर्चागीत मार्फत स्रष्टा सम्मान गीतबाटै गरेका थिए तर आज उक्त गीत भेट्न सकिएन । गीतकार स्वयंलाई समेत उक्त गीतको शीर्षक बाहेक अरु कुनै अंश याद छैन ।[४]

---

[४] क्षेत्रप्रताप अधिकारीबाट प्राप्त लिखित जानकारी, पूर्ववत् ।

### ४.२.७ अधिकारीका गीतमा व्यक्त राजसंस्थाप्रति मोहभाव

२०५८ साल अघिसम्म गीतकार अधिकारीका गीतमा राजसंस्थाप्रति सद्भाव पनि रहेको थियो ।[छ] राजा नेपालको राजतन्त्रात्मक राजनैतिक इतिहास बानउने शक्ति हो भन्ने कुरालाई गीतकार अधिकारीले आफ्ना गीतमार्फत सकारात्मक दृष्टिले चित्रण गरेका थिए । २०५८ सालअघिका उनका राजावादी चिन्तन प्रकट भएका गीतहरूका केही पङ्क्तिहरू यस प्रकारका छन् :–

उकालीमा आरालीमा दुःख पाउने राजा
थाके पनि सुसेलीमा सुख पाउने मेरो राजा
यति धेरै गाम-बेसीका यति धेरै फूलहरू
धेरै थुँगा मिलीजुली एउटा माला गाँसिदिनू
तिमी सँधै राजासित गलाभरि हाँसिदिनू ।

( **गाम-बेसीका गीत,** *एउटा गीत : यो राष्ट्रको,* पृ. २३)

बरजस्तो मेरो राजा
पीपलजस्ती मेरी रानी
बरपीपलको छहारीमा
सवा कोटी हामी ।
चौरालीमा राजा भेटियो
चोरालीमा रानी भेटियो ।

(**ऐजन**, *चौतारीमा राजा भेटियो,* पृ. ४७)

लिंदैमा नाम राजाको प्रतिगामी हुँदैन क्या
सबै गामी मिले मात्र चौरालीमा पुगिन्छ क्या
प्रजातन्त्र फुलाउने फलाउने सुकर्ममा
राजाबाट पनि केही योगदान हुँदैन र ?

(**फेरि एउटा परिर्वतन**, *माटो साझा नभन्दिनु,* पृ.१४)

[५] ऐजन ।

२०५८ सालको दरवार हत्या काण्ड पश्चात् बिक्षिप्त बनेका गीतकार अधिकारीले आफ्नो दुखेसो-भावना यसरी प्रस्तुत गरेका छन् :–

कोही भए माया लाग्छ
कोही भए घृणा लाग्छ
आफ्नो त बरै कोही पनि छैन
कसलाई माया गर्ने, कसलाई घृणा गर्ने

(**अकविता**, *आफ्नो त बरै कोही पनि छैन,* पृ. ६६)

वारि अँधेरो बरै पारि अँधेरो
शून्य भयो गाम्बेसीको पानी पँधेरो !

(**ऐजन**, *अँधेरो,* पृ. ६७)

यी बेसी बिसौनी यी पानी पँधेरा
किन देखिएका अँधेरा अँधेरा

(**ऐजन**, *अँधेरो,* पृ. ८८)

चौतारीको बरै ढलेछ
चौतारीको पीपल ढलेछ
बाटोहिँड्ने बटुवाको शीतल ढलेछ

(**ऐजन**, *चौतारीको बरै ढलेछ,* पृ. ९०)

## ४.३ पर्याधार

कुनै पनि रचनामा विषयवस्तुको फैलावटलाई पर्याधार भनिन्छ । पर्याधारभित्रै रहेर गीतको कथ्य फिजिन्छ । यो वैयक्तिक र सामाजिक गरी दुई प्रकारको हुन्छ । गतिकार क्षेत्रप्रताप अधिकारीका गीतहरू यी दुबै पर्याधारमा फैलिएका छन् । उनका जम्मा १३२ वटा गीतमध्ये २५ वटा गीत सामाजिक पर्याधारमा रहेका छन् भने बाँकी १०७ वटा गीत वैयक्तिक पर्याधार रहेका छन् ।

### (क) सामाजिक

सामाजिक पर्याधारका गीतमा वहिर्मुखी अनुभूतिको अभिव्यक्ति हुन्छ । मूख्यतः राष्ट्रिय भावना मुखरित भएका गीतमा सामाजिक पर्याधार व्यक्त भएको देखिन्छ । सामाजिक

पर्याधार भएका उनका गीतमा राष्ट्र, मानवीय जीवन र समाजका रीतिरिवाज र साँस्कृतिक पक्षको मार्मिक तथा कलात्मक प्रस्तुति रहेको भेटिन्छ । यसमा पनि मूख्यतः राष्ट्र प्रेमको भाव अभिव्यक्त भएका गीतमा यस प्रकारको सामाजिक पर्याधार रहेको भेटिन्छ । अधिकारीका गीतिरचनाहरू मध्ये सामाजिक पर्याधार युक्त गीतहरूको सूची यस प्रकार रहेको छ :-

| कृति | क्र.सं | शीर्षक | पृ. |
|---|---|---|---|
| रहर लागेर | १ | एक गीत | ५४ |
| गामबेसीका गीत | २ | सीप र श्रम | ६ |
| नफुलेका फूलहरू | ३ | समर | ९ |
| | ४ | एउटै 'घाउ' एउटै 'व्यथा' | १९ |
| | ५ | शुभकामना-गीत | ६४ |
| | ६ | आजको गीत | ९३ |
| फेरि एउटा परिवर्तन | ७ | माईबेनी | १९ |
| | ८ | माटो अझै मलिलो छ | ५१ |
| तर देश हारिरहेछ | ९ | देशको माया एकै हो | ९१ |
| | १० | झण्डाको गीत | ९९ |
| | ११ | एउटा गीत-जोसँग सम्बन्धित छ | १०२ |
| | १२ | गोदावरीको गीत | १०९ |
| | १३ | शिशुहरूको स्वर | ११४ |
| | १४ | राम्रो केही छैन | ११६ |
| | १५ | नगरकोट | १२३ |
| | १६ | शुभकामना | १२४ |
| | १७ | सीमा खोज्न गाको साथी | १२५ |
| अकविता | १८ | घुसखोरी | ६५ |
| | १९ | अंधेरो | ८८ |
| | २० | चौतारीको बरै ढलेछ | ९० |

| | | | |
|---|---|---|---|
| युद्धका छायाँहरू | २१ | अगजल | २३ |
| | २२ | के न के | ५८ |
| | २३ | सानो देश ठूलो भाग्य | ८५ |
| | २४ | आउँदै गर है | १२४ |
| गोरखा पत्र, वर्ष ८६, अङ्क २७४, माघ १४ गते | २५ | राष्ट्रिय गीत | |

माथिका यी गीतहरूमा सामाजिक विषयवस्तुको फैलावट भएकोले सामाजिक पर्याधार रहेको छ । यी गीतहरूमा उनले कतै नेपालका मेचीकालीका प्रवाहमान बेगमा नेपाली राष्ट्रियता, स्वतन्त्रता, अखण्डता र स्वाभिमानी अस्तित्त्वको बखान गरेका छन् भने कतै सामाजिक, सँस्कृतिक, धार्मिक, राजनैतिक आदि भावनाहरूलाई व्यक्त गरेका छन् । यिनै विविध परिवेशमा आधारित रहेर नै गीतमा सामाजिकता व्यक्त हुन आएकोले उनका गीतमा सामाजिक पर्याधार रहेको देखिन्छ । सामाजिक पर्याधार व्यक्त भएका उनका केही गीतिनमूना  यस प्रकार छन् :-

देखेर हो कि मोतिका छाँगा अमूल्य-सम्पत्ति,
बहार गर्दै घुमेका हुन्छन् शंकर दम्पती

(**रहर लागेर**, *एक गीत*, पृ. ५४)

नेपालका सम्पदा वा स्रोतका रूपमा रहेका छाँगा छहराको प्राकृतिक रमणीयतामा भुलेर शंकर दम्पती बहार गर्दै हिंडछन् भन्ने भाव यहाँ सामाजिक पर्याधारमा बाँधिएर आएको छ । देशको छाँगा छहरा प्राकृतिक स्रोतका रूपमा रहेका कुराहरू जुन रूपमा आएका छन्; ती सबै नेपालीपनका बस्तु भएकाले यहाँ सामाजिक पर्याधार रहन गएको छ ।

सपनामा सगरमाथा अँगालेर सुत
सिर्जनामा गीतहरू सँगालेर उठ
सारङ्गीका स्वरहरू सङ्गीत फेर्ने गर
आफू हेर्ने आँखाहरू देश हेर्ने गर

(**गाम-बेसीका गीत**, *सीप र श्रम*, पृ. ५)

यहाँ सर्वोच्च शिखर सगरमाथा सपनामा अङ्गालेर सुत र बिहान सिर्जनाका उत्साहहरू बोकेर उठ भनेर उनले आम नागरिकलाई हौसाएका छन् । निजी स्वार्थलाई बिर्सेर देश विकासमा एक जुट भएर लाग, हर आँखाहरूले देश हेर्ने गर भन्ने जुन कुराहरू व्यक्त हुनआएका छन्; ती सबै नेपालीको स्वाभिमानी र परिश्रमी पनका कुरा भएकाले यहाँ सामाजिक पर्याधार रहेको छ ।

'माटो' दुख्ने व्यथा लाग्या छ
'ढुङ्गो' दुख्ने व्यथा लाग्या छ
एउटा मुटु होइन, दुइटा मुटु होइन
सबै मुटु 'एउटा' हुने-
'रहर' जाग्या छ ।

(**नफुलेका फूलहरू**, *एउटै 'घाउ' एउटै 'व्यथा'*, पृ. १९)

प्रस्तुत गीतिहरफमा देशमाथि आइपरेको सङ्कटले सबैलाई एउटै व्यथा लागेको, देशको ढुङ्गा माटोसमेत दुखेको बेला सबै एकजुट भएर त्यसको सामना गर्न लागी परेको जुन भाव व्यक्त भएको छ; त्यो नै सामाजिक पर्याधार हो ।

हाम्रो आफ्नै बाटोघाटो
माटो पनि छ
आँटो खान पुग्ने यौटा
पाटो पनि छ

(**युद्धका छायाँहरू**, *सानो देश ठूलो भाग्य*, पृ. ८५)

यहाँ नेपाली स्वाभिमानको कुरा व्यक्त भएको छ । देश भौगोलिकरूपमा सानो भए तापनि भाग्य ठूलो छ भन्ने कुरा देखाइएको छ । हाम्रो आफ्नो छुट्टै अस्तित्त्व र पहिचान छ भन्ने कुरा व्यक्त भएको छ । यसरी माथि उल्लिखित सबै कुराहरू नेपाल र नेपालीका साझा भावना हुन् र ती सबै बहिर्मुखी भावनामा व्यक्त हुन आएकाले यी सबैमा सामाजिक पर्याधार रहेको छ ।

## (ख) वैयक्तिक

वैयक्तिक पर्याधार भएका गीतमा सर्जकको आत्मकेन्द्रित अनुभूति रहेको हुन्छ । अन्तर्मुखी दृष्टिको प्रधानता रहने यो खाले गीत वैयक्तिक घेराभित्र सीमित रहन्छ ।[६] त्यस्तै गीतकार अधिकारीका प्राय: गीतहरूमा पनि वैयक्तिक अनुभूति नै प्रकट भएका छन् । १३२ वटा गीतमध्ये १०७ वटा गीतमा वैयक्तिक पर्याधार रहेको छ । वैयक्तिक पर्याधार भएका यी गीतहरूमा गीतकार अधिकारीकै आत्मकेन्द्रित अनुभूति र प्रणयका सम्योगान्त अवस्थाका भावहरू अभिव्यक्त भएका छन् भने कतै कतै विप्रलम्भात्मक अनुभूति पनि प्रकट भएका छन् । यस्तै जीवन दर्शन सम्बन्धी गीत हुन् वा प्राकृतिक छँटाको वर्णन गरिएका गीत हुन्; ती सबैमा वैयक्तिक पर्याधार बाँधिएर आएको छ । वैयक्तिक पर्याधार युक्त गीतहरूको सूची यस प्रकार रहेको छ :-

| कृति | क्र.सं. | शीर्षक | पृ. |
|---|---|---|---|
| रहर लागेर | १ | देशको माया | ५ |
| | २ | नेपाल मेरो मुटु | ८ |
| | ३ | गीत हो एउटै नेपाली | १६ |
| | ४ | फूलवारी | ५३ |
| गाम-बेसीका गीत | ५ | लालीगुराँस | १-२ |
| | ६ | सम्झना गीत | ४-५ |
| | ७ | मेरो देश: एक शब्द चित्र | ८ |
| | ८ | एउटा गीत यो राष्ट्रको | २३-२४ |
| | ९ | टाढा को पो हुँदैन र | ३२ |
| | १० | चौतारीमा राजा भेटियो | ४७ |
| | ११ | बैगुनीको गीत | ४८ |

[६] मोहनराज शर्मा, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, (काठमाण्डौं : ने.रा.प्र.प्र., २०५५) पृ. १८४ ।

| | | | |
|---|---|---|---|
| | १२ | माया भन्नु यस्तै हो कि !<br>(तिमीले त हैन तिम्रा ) | ४९ |
| | १३ | मुरली हो मेरो माया | ५१ |
| | १४ | अमर माया | ५३ |
| | १५ | देशको माया गर्न गाह्रो छ | ५५ |
| पहाडदेखि पहाडसम्म | १६ | कसले के के सुनाइदियो | ८३ |
| | १७ | तिमीसम्म आइपुग्दा | ८५ |
| | १८ | नेपालीको गीत | ८६ |
| | १९ | चिसो चिसो | ८७ |
| | २० | पसिनाको थोपा | ८८ |
| | २१ | हत्केलाको सीप | ८९ |
| | २२ | एउटा वाचा | ९०-९१ |
| नफुलेका फूलहरू | २३ | जीन्दगीमा धेरै कुरा गर्न | १ |
| | २४ | बिर्सुंभन्दा सम्झना पो बल्झे | १४ |
| | २५ | लामो आयू ज्यूँछु भन्थेँ | २४ |
| | २६ | कैले यता कैले उता पीपल पाते | २९ |
| | २७ | कैले कहाँ कसरी हो | ३७ |
| | २८ | लाको माया लाइन नभन | ४० |
| | २९ | यो जुनीमा तिम्रो मेरो | ५९ |
| | ३० | गिरी पवन रसिली | ६५ |
| | ३१ | पाखाहरू पर्खिरा'छन् आखाँहरू | ७१ |
| | ३२ | हिजो आज मान्छेहरू | ७४ |
| | ३३ | बेसारेको बातै रसिलो | ७६ |
| | ३४ | आफैंलाई विर्सिएर यो मन | ८५ |

| | | | |
|---|---|---|---|
| | ३५ | नफुलेको फूल | १०० |
| फेरि एउटा परिवर्तन | ३६ | कैले कतै तिम्रो गीत | ११ |
| | ३७ | माटो साझा नभन्दिनू | १४ |
| | ३८ | जवानी फुलेर उमेर | २३ |
| | ३९ | अब ढुङ्गो बोल्छु | ४९ |
| | ४० | के के भएन भन्नु | ६६ |
| | ४१ | वनेलीमा ला को माया | ७६ |
| | ४२ | लिएपछि माया लाग्छ | ७८ |
| तर देश हारिरहेछ | ४३ | गोठाला जाँदा लाएको माया | ९२ |
| | ४४ | तिहार आउन लाग्यो क्यार | ९३ |
| | ४५ | आउँछु भन्यौ तिमी आइनौ | ९४ |
| | ४६ | गाउँ फुल्यो गुनकेशरी | ९५ |
| | ४७ | मेरो हाँसोभित्र पनि | ९६ |
| | ४८ | भूल गरी सानीले | ९७ |
| | ४९ | यो प्रेमको सुनाखरी | १०० |
| | ५० | भो भैगो मायालु अब नटोलाऊ | १०१ |
| | ५१ | सोरठीमा खोज मलाई | १०३ |
| | ५२ | झापा झऱ्यो कि/ हराएको माया | १०४ |
| | ५३ | तिम्रो सम्झनाले | १०६ |
| | ५४ | त्यसै बगे पानीहरू | १०७ |
| | ५५ | डाडाँमाथि घामको छायाँ | १०८ |
| | ५६ | मनको चरी काँ उड्यो | ११० |
| | ५७ | पिरतीको ज्वरो आयो | १११ |
| | ५८ | प्यून पाए कस्तो होला | ११२ |

| | | | |
|---|---|---|---|
| | ५९ | बारी सुक्यो, टारी सुक्यो | ११३ |
| | ६० | म एउटा लता हुँ झरेर फुलेको | ११५ |
| | ६१ | पाखे माया चोखो छ | ११७ |
| | ६२ | कोही भन्छन् रक्सी लाग्यो | ११८ |
| | ६३ | काली पारि कालो बादल | ११९ |
| | ६४ | नबुझिने निर्मोहीको जातै | १२० |
| | ६५ | तिमी राम्री छैनौ तर | १२१ |
| | ६६ | लाउने भए लाउ अमर माया (उडन्ते जुरेली) | १२२ |
| अकविता | ६७ | कोही भए सम्झने हो | ६६ |
| | ६८ | वारि अँधेरो बरै पारि अँधेरो | ६७ |
| | ६९ | पर्खिरहेँ चौतारीमा देवी देउता | ६८ |
| | ७० | कति मीठो हुन्छ होला | ६९ |
| | ७१ | मिलीजुली कर्म गरौँ | ७० |
| | ७२ | आँगनीसम्म आएर पनि/ एकोहोरो माया | ७१ |
| | ७३ | भुल्यौ क्यारे खैँजडीमा | ७२ |
| | ७४ | फोटो हेर्दा राम्रो तर खोटो | ७३ |
| | ७५ | सम्झिरहेँ रातै भरि दुखिरह्यो | ७४ |
| | ७६ | धेरै आए धेरै गए मानिसका | ७५ |
| | ७७ | आँखा फरफरायो | ७६ |
| | ७८ | गुराँस टिप्न जाँदाखेरि | ७७ |
| | ७९ | एक्लो हुँदा च्वास्स कतै चिसो | ७८ |
| | ८० | मेरो बारेमा र तिम्रो बारेमा | ७९ |
| | ८१ | काफल खाँदाखेरि हो कि | ८० |
| | ८२ | पारि पाखा पखेरोमा /हिमको छायाँ | ८१ |

| | | | |
|---|---|---|---|
| | ८३ | शीतको थोपा झर्न थाल्यो | ८२ |
| | ८४ | रातो पनि हैन रेशम सेतो पनि | ८३ |
| | ८५ | यतै गाउँ उतै गाउँ जतासुकै | ८४ |
| | ८६ | ढिँडो भए हुन्छ मलाई | ८५ |
| | ८७ | तमसोमा ज्योर्तिगमय | ८६ |
| | ८८ | सहर घुम्ने रहर पुग्यो | ८७ |
| युद्धका छायाँहरू | ८९ | ऐया आमा | २० |
| | ९० | समयको खोला जिन्दगी | ३३ |
| | ९१ | भरिया | ४२ |
| | ९२ | मेरो गीतमा | ६९ |
| | ९३ | बन्द | ७५ |
| | ९४ | आगो बाढी पैरो इत्यादि | ८४ |
| | ९५ | देशलाई सन्चो भइरहोस् | ९९ |
| | ९६ | नेपाल वन्दना | १०० |
| फूटकर गीतहरू | ९७ | डायसपोराको गीत | गोरखापत्र, वर्ष १०८, अङ्क २२८ |
| | ९८ | शून्यबाट सुरु गरेको यात्रा | रेक. |
| | ९९ | उस्तै उस्तै पानी | रेक. |
| | १०० | ढुङ्गो भए हुन्छ मलाई | रेक. |
| | १०१ | तिम्रो हाम्रो मनको दूरी | रेक. |
| | १०२ | इ-गीत | रेक. |
| | १०३ | जाँ गए नि भाग्य सँगै | रेक. |
| | १०४ | जननी र जन्मभूमि | समय साप्ताहिक, पृ. ५३ वर्ष ५, अङ्क २११, |
| | १०५ | को ठूलो | रेक. |
| | १०६ | देश गाएर मर्छु | रेक. |

| | | | |
|---|---|---|---|
| | १०७ | शोक गीत | गोरखापत्र, वर्ष १०५, अङ्क १९९ |

माथिका यी गीतहरूमा अत्मभाव केन्द्रित तथा आत्मपरक विषयवस्तुको फैलावट भएकाले वैयक्तिक पर्याधार बनेको छ । यी गीतहरूमा उनले कतै रष्ट्रभक्तिको प्रवाहमान बेगमा नेपाली राष्ट्रियता, स्वतन्त्रता, अखण्डता र स्वाभिमानी अस्तित्त्व को बखान गरेका छन् भने कतै सामाजिक, साँस्कृतिक, धार्मिक, राजनैतिक आदि भावनाहरूलाई व्यक्त गरेका छन् । यिनै विविध परिवेशमा आधारित रहेर नै गीतमा आफ्नो वैयक्तिकभाव व्यक्त हुन आएकाले उनका यी गीतमा वैयक्तिक पर्याधार रहेको देखिन्छ । वैयक्तिक पर्याधारमा अन्तर्मुखी अनुभूतिको भावनात्मक प्रस्तुति भएको हुन्छ । वैयक्तिक पर्याधार रहेका उनका केही गीतिनमूना  यस प्रकार छन् :-

सात समुद्र तरें भन्छु कोशी तरिराछु
माथि-माथि चढें भन्छु बेसी झरिराछु ।

(**गोरखापत्र**, वर्ष १०८,अङ्क २२८, *डायसपोराको गीत*)

यहाँ आफू सात समुद्रपार पुग्दा पनि आफ्नै कोशीकै सेरोफेरोको झझल्कोमा रमाएको र जति टाढाटाढा र माथिमाथि पुगे पनि अफ्नै बेसीमै झरेको राष्ट्रवादीभाव व्यक्त भएको छ; जुन कुरा गीतकारको आत्मकेन्द्रितभाव भएकोले यहाँ वैयक्तिक पर्याधार रहेको छ ।

लेख्न तिम्रो प्रेम थियो त्यै लेखेर बाँचियो
टेक्न तिम्रो लट्ठी थियो तिमी गयौ भाँचियो ।

(**गोरखापत्र**, *शोक गीत,* वर्ष १०५, अङ्क १९९)

यहाँ आफ्नी प्रेयसी अर्थात श्रीमतीको दुःखद निधन भएपश्चात् मर्माहत बनेका गीतकारले उनको वियोगमा नितान्त एक्लो र बेसहारा भएको भाव जसरी व्यक्त गरेका छन्; त्यो उनको आफ्नै आत्मकेन्द्रितभाव भएकाले यहाँ वैयक्तिक पर्याधार रहेको छ ।

घमैलो पहाड रमैलो बेसी हिमाली छायाँ छ
सबभन्दा धेरै मलाई मेरै देशको माया छ ।

(**रहर लागेर,** *देशको माया,* पृ. ५)

यहाँ नेपालको प्राकृतिक भू-बनोट तथा रमणीयताको बखान गर्दै त्यसको मनमोहकतामा भुलेर गीतकारले आफ्नो आत्माभिव्यक्ति प्रस्तुत गरेकाले उक्त गीतमा वैयक्तिक पर्याधार रहेको छ ।

मेरो हाँसोभित्र पनि कति आँसु रुन्छ
तिमीलाई थाहा छैन पीडा कस्तो हुन्छ ।

(**तर देश हारिरहेछ**, *कर्खा*, पृ. ९६)

प्रस्तुत गीतिहरफमा सुगौली सन्धिपश्चात् छोट्टिएको नेपाल र नेपालीको मर्माहत मनस्थितिको चित्रण गरिए तापनि यहाँ गीतकार स्वयंको निजी भावना व्यक्त भएकोले वैयक्तिक पर्याधार रहन गएको छ ।

## ४.४ ढाँचा

ढाँचा भनेको गीतको स्वरूपगत बनोट हो । यसलाई गीतको स्वरूप वा आकार भन्न सकिन्छ । ढाँचा वृत्तात्मक र चक्रात्मक गरी दुई प्रकारको हुन्छ । वृत्तात्मक ढाँचा भएको गीतमा भाव वा विचारको विस्तार केन्द्रविन्दुको पुनरावृत्तिद्वारा गरिन्छ र उही भावमा समाप्त भएको हुन्छ । जुनभाव या विचारबाट गीत प्रारम्भ हुन्छ, त्यही विषय वा भावमा गएर गतिको समाप्ति हुने प्रक्रिया वृत्तात्मक खालका गतिमा रहेको हुन्छ । चक्रात्मक ढाँचा भएको गीतमा भाव वा विचारको विकास नागबेली ढङ्गमा उत्तरोत्तर हुन्छ ।[७] विषयवस्तुको पुनरावृत्ति नभई भाव वा विचार क्रमशः अघि बढिरहेको हुन्छ । संसारका अधिकांश गीतहरु वृत्तात्मक ढाँचामा देखापर्दछन् । नेपालीमा चक्रात्मक ढाँचाको गीत लेखिएको छैन ।[८]

कुनै पनि गीतको विषयवस्तुलाई घुमाउँदै जोड्दै सुरुमा आएको भावलाई नै अन्त्यमा लगेर टुङ्ग्याउने ढाँचा वृत्तात्मक ढाँचा हो भने विषयवस्तु वा भावको प्रस्तुति र विकास नागबेली जस्तो हुने ढाँचा चक्रात्मक ढाँचा हो । गीतकार क्षेत्रप्रताप अधिकारीका हालसम्म रचित सबै गीत वृत्तात्मक ढाँचाकै छन् ।

धेरै तरें खोलाहरू बगें धेरै चोटि

[७] मोहनराज शर्मा, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, पूर्ववत्, पृ. १८५ ।
[८] ऐजन ।

कस्तो जुनी दियौ आमा धन्य कोटिकोटि
अब एउटा मनको खोला तर्न बाँकी छ
सबैभन्दा ठूलो कुरा मर्न बाँकी छ ।

(**नफुलेका फूलहरू**, *स्वर सम्राटमा समर्पित एउटा अन्तिम गीत,* पृ. १)

प्रस्तुत गीतिहरफमा *खोला,* र *बाँकी छ* शब्दहरूको पुनरावृत्तिले उक्त गीतलाई वृत्तात्मक ढाँचामा ढालेको छ । यस गीतमा जिन्दगीमा गर्नु पर्ने धेरै कुराहरू मध्ये संघर्षरूपी खोला तर्न बाँकी रहेको र त्योभन्दा ठूलो सत्य मृत्युलाई स्वीकार्न बाँकी कुराको भाव व्यक्त गरेका छन् ।

आँखामा हिमाल खोपेर
मुटुमा नेपाल रोपेर
रगत्मा लालीगुराँस
फुलेको हुन्छ नेपाली
लेक र बेसी तराई
डुलेको हुन्छ नेपाली

(**तर देश हारिरहेछ**, *देशको माया एकै हो,* पृ. ९१)

यहाँ नेपालीलाई सम्बोधन गर्दै नेपाली बीरहरूको सहासको व्याख्या गरिएको छ । *नेपाली* शब्दको पुनरावृत्ति भएको छ । यो शब्दले गीतलाई वृत्तात्मक ढाँचा प्रदान गरेको छ । बीर नेपालीको स्वभावको विविधरूपमा वयान गरिएको छ ।

मान्छे कति नाङ्गो होला
जस्को आफ्नै भेष छैन
मान्छे कति एक्लो होला
जस्को यौटा देश छैन

(**युद्धका छायाँहरू**, *सानो देश ठूलो भाग्य,* पृ. ८५)

प्रस्तुत गीतमा राष्ट्रियताको पहिचान नभएको मान्छे भेषबिनाको नाङ्गो हुने र देशबिनाको एक्लो हुने भाव व्यक्त हुन आएको छ । यहाँ *मान्छे* शब्दको पुनरावृत्तिले गीतलाई वृत्तात्मक ढाँचातर्फ मोढेको छ ।

मर्स्याङ्दीलाई माया गर्ने
आफ्नै मुटु हुनुपर्छ

माया गर्ने बाचा गर्दा
आफ्नै माटो छुनु पर्छ

(**गामबेसीका गीत**, *देशको माया गर्न गाह्रो छ,* पृ. ५५)

यहाँ राष्ट्रप्रेमको भाव व्यक्त भएको छ । देशको माया गर्ने काम गाह्रो छ भन्दै गीतकार अधिकारीले देशको माया गर्न आफ्नै स्वदेशी मुटु हुनु पर्छ र मुटुभित्र माया गर्ने बाचा आफ्नै देशको माटो छोएर गर्नु पर्ने धारणा व्यक्त गरेका छन् । यस गीतमा *आफ्नै* र देशको माया अर्थात *माया* शब्दको पुनरावृत्ति भएको छ जसले वृत्तात्मक ढाँचा प्रदान गरेको छ ।

## ४.५ भाषा शैलीय विन्यास

भाषाशैलीय विन्यासअन्तर्गत भाषाशैलीय अभिव्यक्ति, प्रस्तुति, बिम्ब, प्रतीक, अलङ्कार, लय, सङ्गीत, अग्रभूमीकरण[९] आदि पर्दछन् । यी भाषाशैलीय विन्यासअन्तर्गत आउने सबै तत्त्वहरू क्षेत्रप्रताप अधिकारीको गीतमा के कस्ता रहेका छन्; ती सबैको अलग-अलग विश्लेषण तल प्रस्तुत गरिएको छ :–

### (क) अभिव्यक्ति

भाषाशैलीय विन्यासअन्तर्गत आउने अभिव्यक्ति भनेको सम्बोधनका माध्यमबाट गीतको वर्णन गर्नु वा अभिव्यक्ति गर्नु हो र यो एकालापीय र संवादात्मक गरी दुई प्रकारको हुन्छ । अधिकारीका गीतलाई हेर्दा उनले गीतिरचनामा दुबै प्रकारको अभिव्यक्ति प्रयोग गरेका छन् । तर संवादात्मक गीतको तुलनामा एकालापीय अभिव्यक्ति युक्त गीतको संख्या अत्याधिक बढिरहेको छ । अर्थात संवादात्मक गीत केवल एउटा मात्र रहेको छ भने बाँकी सबै गीतमा एकालापीय अभिव्यक्ति प्रयोग भएको छ ।

### (अ) संवादात्मक

दुई वा सोभन्दा बढी व्यक्तिबीच परस्परमा हुने वार्ता नै संबाद हो र त्यस प्रकारको वार्तात्मक शैली प्रयोग भएको गीत संबादात्मक अभिव्यक्तियुक्त गीत हो । संवादात्मक

[९] खगेन्द्रप्रसाद लुइटेल, *पुराना पिंढीका नयाँ कवि हरिभक्त बुढाथोकीको सिर्जनधर्मिता,* पूर्ववत्, पृ. ५ ।

गीतमा वक्ता एकभन्दा बढी हुन्छन् र एकअर्काका बीच संवाद हुंदै भावना, विचार वा अभिव्यक्तिको समर्थन, खण्डन, सोधाइ आदि हुन्छन् । संवादात्मक अभिव्यक्तिको टड्कारोरूप दोहोरी लोकगीतमा पाइन्छ । गीतकार क्षेत्रप्रताप अधिकारीका १३२ वटा गीति रचनामध्ये केवल एउटा गीतमा मात्र संवादात्मक अभिव्यक्तिको प्रयोग भएको छ र बाँकी सबै गीतमा एकालापीय अभिव्यक्तिको प्रयोग भएको छ । उक्त गीतमा केटा र केटीबीच भएको छेडखानीलाई दोहोरी गीतको शैलीमा व्यक्त गरिएको छ :-

केटो : लाउने भए लाऊ अमर माया
भैगो नलाऊ दुई दिने घामछायाँ
टाटे सिमीलाई
उडन्ते जुरेली भन्थे तिमीलाई ।

केटी : केटी घुम्ने हो कि फूल फेरि फेरि
भर छैन भमरो तन्नेरी
टाटे सिमीलाई
फिरन्ते भमरो भन्थे तिमीलाई ।

केटो : तिम्रो जोवन पछाडि छलियो
जाने भए मन गर बलियो
टाटे सिमीलाई
उडन्ते जुरेली भन्थे तिमीलाई ।

केटी : आनीबानी अमीलो चूकले
ठिक्क पार्छौ बेसारे मुखले
टाटे सिमीलाई
फिरन्ते भमरो भन्थे तिमीलाई ।

(**तर देश हारिरहेछ,** *उडन्ते जुरेली फिरन्ते भमरो,* पृ. १२२)

प्रस्तुत गीतमा एक युवकले युवतीलाई प्रेमको लागि आग्रह गरेका छन् । दुई दिने घामछायाँ जस्तो होइन, जुनी बित्ने अमर माया लगाउन आग्रह गर्दै पिरती गाँसेर आफूसँग घरजम गरी बस्न राजी भए साथै जान मन दरो पार्न उक्साएको भाव प्रकट भएको छ । त्यसै गरी युवतीले फूल फेरि फेरि हिंड्ने भमरो मुखले मात्र ठिक्क पार्ने हो की भन्ने सङ्काभाव व्यक्त गरेको देखिन्छ । आ-आफ्नो भावना व्यक्त गर्ने क्रममा एकले अर्कालाई

उडन्ते जुरेली र फिरन्ते भमरोको उपनामसमेत दिन पछि पर्दैनन् । यस प्रकार उक्त गीतमा प्रयोग भएको अभिव्यक्ति शैली संबादात्मक देखिन्छ जहाँ एक युवा र युवतीबीच पिरति गाँस्ने विषयमा संबाद भएको छ ।

## (आ) एकालापीय

एउटै पात्र वा वर्णन कर्ता वा सम्बोधकबाट अभिव्यक्त गरिने प्रथमपुरुष प्रधान गीत एकालापीय हुन्छ । गीतकार क्षेत्रप्रताप अधिकारीको १३२ वटा गीति रचनामध्ये १३१ वटा गीतमा एकालापीय अभिव्यक्ति शैलीको प्रयोग भएको छ । यस प्रकारका सबै गीतमा 'म' पात्र कै एकोहोरो अभिव्यक्ति प्रकट भएका छन् ।

कोही भन्छन् रक्सी लाग्यो
कोही भन्छन् बोक्सी लाग्यो
मलाई मात्र के भो कुन्नि
रातैभरि तिमी लाग्यो
दिनै भरि तिमी लाग्यो

(**तर देश हारिरहेछ**, *के के लाग्यो,* पृ. ११८)

माथिको यस उदाहरणमा प्रेमको मात लागेपछि रक्सीको नसाभन्दा बढी लाग्ने, दिन-रातै लाग्ने, बोक्सीको व्यथाभन्दा बढ्ता लाग्ने जुन अवस्थाको चर्चा गीतकार अधिकारीले गरेका छन्; ती सबैमा 'म' पात्रको एक्लो भनाइ आएकाले यो एकालापीय अभिव्यक्ति भएको गीत हो जस्तै :–

तिम्रो कलश सजाऊँ भन्छ
मेरो माया पीपलुको पातै भएर
तिम्रै मङ्गल गाऊँ भन्छ
मेरो माया बर-पीपल साथै रहेर

(**गामबेसीका गीत**, *मुरलीहो मेरो माया,* पृ. ५१)

म माटो बोलेँ, म पानी बोलेँ
विनम्र बोलेँ अब ढुङ्गो बोल्छु
बोलीमा धेरै संशोधनहरू भए
अब म एउटा टुङ्गो बोल्छु

(**फेरि एउटा परिवर्तन**, *अब ढुङ्गो बोल्छ,* पृ. ४९)

धेरै आए धेरै गए मानिसको चोला
तिमी पनि गयौ भने कस्तो हुन्छ होला ।

(**अकविता**, *तिमी,* पृ. ७५)

मलाई सन्चो छैन तर देशलाई सन्चो भइरहोस्
म त आउँछु-जान्छु तर यो देश सँधै रहिरहोस् ।

(**यूद्धका छायाँहरू**, *देशलाई सन्चो भइरहोस,* पृ. ९९)

## (ख) प्रस्तुति

गीतलाई पाठक वा स्रोताका सामु प्रस्तुत गर्ने तरिका नै प्रस्तुति हो । भाषाशैलीय विन्यासअन्तर्गत पर्न आउने विविध तत्त्वहरूमध्येको एक तत्त्व प्रस्तुति वक्तव्यपरक र सम्बोधनात्मक गरी दुई प्रकारको हुन्छ । वक्तव्यपरक गीतमा आफ्नो भावना कुनै सहभागी वा पात्रविशेषलाई सम्बोधन गरी व्यक्त गरिन्छ । अधिकारीका गीतमा रहेका गीति प्रस्तुतिलाई निम्नानुसार उदाहरणसहित प्रस्तुत गरेर यस प्रकार हेर्न सकिन्छ ।

अ) वक्तव्यपरक

आ) सम्बोधनात्मक

## (अ) वक्तव्यपरक

वक्तव्यपरक प्रस्तुति भएको गीत बाह्य वा आन्तरिक अनुभूतिको बयान वा वक्तव्यका रूपमा अभिव्यक्त भएको हुन्छ ।[१०] गीतकार क्षेत्रप्रताप अधिकारीको १३२ वटा गीतमध्ये ५६ वटा गीतको प्रस्तुति वक्तव्यपरक रहेको छ ।

लामो आयु ज्यूँछु भन्थेँ
जुनी बित्न आँट्यो क्यारे
त्यता माया स्यूँछु भन्थेँ
यता माया फाट्यो क्यारे

(**नफुलेका फूलहरू**, *यता माया फाट्यो क्यारे,* पृ. २४)

[१०] मोहनराज शर्मा, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, पूर्ववत्, पृ. १८७ ।

यहाँ आफूलाई जति पीडा परे पनि, जस्ता घुम्तिहरू आए पनि टारौँला, पार गरौँला भन्ने आसा थियो, लामो आयु ज्यूँने चाह थियो तर मनै फाटेपछि सबै तुहिएर गयो, खेर गयो भन्ने कुराको विलौना गीतकारको आफ्नो वक्तव्यका रूपमा आएको छ । तसर्थ यहाँ वक्तव्यपरक प्रस्तुति रहेको छ । यस्तै :-

हिजो आज मान्छेहरू
के के भन्छन्, के के भन्छन्
नदीहरू तिर्खाए रे
पहाड सुख्खा भए भन्छन्
वालाज्यूका धाराहरू
पानी खोज्न गए भन्छन्
पत्याऊँ कसरी ?

(**नफुलेका फूलहरू**, *पत्याऊँ कसरी,* पृ. ७४)

सामाजिक र प्राकृतिक विसङ्गतिको कारण विछिप्त भएको गीतकारको मनले आफ्ना धारणा कसैलाई सम्बोधन नगरी व्यक्त गरेको छ । तसर्थ यहाँ वक्तव्यपरक प्रस्तुति रहेको छ ।

के के भएन भन्नु केही हुँदै भएन
भएको भ्याएसम्म खाए, कुनै रहेन
लेखे खुसी र हाँसो घाउ त लेखिएन
नेताको नानीभित्र यो देश देखिएन

(**फेरि एउटा परिवर्तन**, *यो देश देखिएन,* पृ. ६६)

देशमा वड्दै गइरहेको राजनैतिक वेथिति र विसङ्गतिले जरा गाडेपछि समाजमा देखा परेका विषम परिस्थितिबाट मर्माहत भएका अधिकारीले आफ्नो रचनामार्फत त्यसप्रति आफ्नो आक्रोश व्यक्त गरेका छन् । गरीब र निमुखा जनताको शोषण गरेर खान पल्केका नेताले केही बाँकी नराखेका र जनताका घाउ, पीरमर्का र वेदना वेवास्ता गरी आफ्नो स्वार्थका अगाडि देश नै विर्सिएको भाव गीतकारको आफ्नो वक्तव्य हो र यहाँ कसैलाई सम्बोधन नगरी आफ्ना कुरा आफैंले व्यक्त गरेको हुनाले यहाँ वक्तव्यपरक प्रस्तुति रहेको छ ।

## आ) सम्बोधनात्मक

कुनै पात्र विशेष वा सहभागीलाई सम्बोधन गरी आफ्नो भाव व्यक्त गर्नु नै सम्बोधनात्मक प्रस्तुति हो । गीतकार अधिकारीका गीतमा पनि यस प्रकारको प्रस्तुति निकै पाइन्छ । उनले आफ्ना गीतमध्ये ७६ वटा गीतमा सम्बोधनात्मक प्रस्तुति दिएका छन् । उनले आफ्ना शृङ्गारिक गीतमा प्रेयसीलाई र राष्ट्रप्रेमका गीतमा आमनागरिकलाई 'तिमी' को सम्बोधन गरेका छन् भने कतै कतै प्रकृतिलाई मानवीकरण गरेर सम्बोधन गरेको पाइन्छ ।

हत्केलाको सीप तिमीलाई
हृदयको गीत तिमीलाई

(**पहाडदेखि पहाडसम्म**, *हत्केलाको सीप तिमीलाइ,* पृ. ८९)

माथि प्रस्तुत गीतिहरफमा देश विकासको निम्ति सम्पूर्ण देशवासीलाई एक जुट हुन गीतकारले आफ्ना गीतमा 'तिमी' को सम्बोधन गरेका छन् । तसर्थ यस गीतमा सम्बोधनात्मक प्रस्तुति रहेको छ ।

जननी र जन्मभूमि तिम्रो माइती घर
मेरा छोराछोरीहरू ! मेरो माया गर ।

(**समय साप्ताहिक**, *जननी,* वर्ष ५, अङ्क २११, पृ.५३)

प्रस्तुत गीतमा 'मेरा छोराछोरीहरू' भनेर समस्त नेपालीलाई सम्बोधन भएको छ तसर्थ यस गीतमा सम्बोधनात्मक प्रस्तुति रहेको छ । आफू जन्मेको राष्ट्र नै जन्म दिने आमा र माइतीघर हो भन्दै समस्त नेपालीलाई 'तिमी र छोराछोरीको' सम्बोधन गरिएको छ ।

आऊ हिमाली, पाखे, देशी, मदेसी आऊ
मुटुभरि मनग्गे माटोको गीत गाऊ

(**नफुलेका फूलहरू**, *आजको गीत,* पृ.९३)

प्रस्तुत गीतमा सारा नेपालीलाई एक जुट भई देश विकासको निम्ति अग्रसर हुन आह्वान गरिएको छ । 'हिमाली, पाखे, देशी, मदेसी' को जातीय सम्बोधन गरिएको छ ।

## (ग) भाषाशैली

पाठक वा स्रोतासमक्ष आफ्नो विचार, भावना एवं अनुभूतिको सम्प्रेषण गर्ने माध्यम भाषा हो र सम्प्रेषण गर्ने तरिका शैली हो । कुनै पनि रचना उत्कृष्ट हुनु र नहुनुमा भाषाशैलीको महत्त्वपूर्ण भूमिका रहने हुँदा भाषाशैली सरल सरस एवं श्रुतिमाधुर्य हुनुपर्दछ । आफ्ना कोमल तथा तीव्र अनुभूतिलाई साङ्गीतिकता प्रदान गरी श्रुतिमाधुर्यता ल्याउन गीतमा कोमलकान्त पदावलीको प्रयोग हुनुपर्दछ । उपयुक्त वर्ण छनोट र वनोटले लय प्रकट हुने हुँदा भाव र लयका अपेक्षा पूरा गर्ने गरी भाषाले लिने रूप नै भाषाशैली हो । यस आधारमा अधिकारीका गीतहरूको भाषाशैलीलाई ध्यान दिंदा उनका गीतमा सहज, सरल र स्वाभाविक भाषाको प्रयोग गरेको पाइन्छ । उनका गीतमा स्तरीय कथ्य नेपाली भाषाका तत्सम, तद्भव र अनुकरणात्मक शब्द तथा आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ । उनले आफ्ना गीतमा क्लिष्ट र दुरुह शब्दहरू नथुपारी अत्यन्त सरल र सहज ढङ्गबाट गहन विषयलाई प्रस्तुत गरेका छन् । उनका रचनामा कुनै पनि विषय वा चिन्तनलाई प्रस्तुत गर्दा भाषाशैलीको सरलरूपलाई अङ्गालेका छन् । आफ्ना रचनामा विद्वताको भार थुपारेर र दुरुह र क्लिष्ट अभिव्यक्ति दिएका छैनन् ।

धेरै मान्छे वरिपरि छन्
एक्लै बसिराछु तैपनि
मीठो मीठो खाछु दिनदिनै
गुन्द्रुक सम्झिराछु तैपनि
कस्तो तिर्सना
सकिएन कैले पनि गाउँ बिर्सन

(**गोरखापत्र**, *डायसपोराको गीत,* वर्ष १०८, अङ्क २२८)

उपर्युक्त उदाहरणमा देशप्रतिको प्रेमभावनालाई उनले सरलरूपमा प्रस्तुत गरेका छन् । उनले आफ्नो गीतमार्फत विदेशी रमझम र मेवा–मिष्ठान्नबीचमा पनि एक्लो भएको महसुस गर्दै ती मिष्ठान्नबीच पनि नेपाली संस्कृतिको धरोहर गुन्द्रुक सम्झेको भावको प्रस्तुति दिएका छन् । देशप्रतिको अफ्नो चासो एवं भक्तिभाव प्रकट गर्न प्रयोग भएको भाषाशैली पनि सरल रहेको छ ।

म त ठूलो हुँदै हैन तिमी पनि हैन

देश भन्दा ठूलो अरु केही पनि छैन
देश छ र गाउँहरू छन्
बास बस्ने ठाउँहरू छन्
कहाँ बस्ने घरै नभए
आफ्नो देशको भरै नभए

(**गायिकाः आनी छोइङ, सङ्गीतकारः न्हूँ वज्राचार्य**, *को ठूलो* )

उनले प्रस्तुत गीतमा आफ्नो देशभन्दा ठूलो अरु कोही नहुने, केही नहुने; देश भएरै गाउँबस्तीहरू छन् र बास बस्ने ठाउँहरू छन् भन्ने सारगर्भित भनाइ अत्यन्त सरल र सरस भाषाशैलीका माध्यमबाट प्रस्तुत गरेका छन् ।

यस प्रकार अधिकारीका हरेक रचना अत्यन्त सरल भाषाशैलीमा प्रवाहित भएको छ । उनका रचनामा प्रयोग भएको भाषा क्लिष्ट कठीन र दुरुह तथा असम्प्रेष्य किसिमको छैन । यस हिसाबले उनलाई सरल भाषाशैलीका पक्षपाती गीतकारका रूपमा लिन सकिन्छ । उनका गीतमा प्रयुक्त भाषा लाक्षणिक, व्यञ्जनात्मक अनि अभिद्यात्मक सबै प्रकारका छन् । सरल भईकन पनि भावगाम्भीर्यलाई बहन गर्न सक्नु अधिकारीको भाषाशैलीगत वैशिष्ट्य हो । जस्तोसुकै किसिमको विषयवस्तु वा वाच्यार्थको अभिव्यक्ति गर्दा पनि स्वच्छन्दरूपमा बग्न चाहने गीतकार अधिकारीको मुख्य शैलीगत वैशिष्टय स्वच्छन्दतावाद नै रहेको छ । विशेष गरी गीतकार अधिकारीका सुरुसुरुका गीतको भाषाशैली सिकारु अवस्थाको भएकोले अपरिष्कृत किसिमको रहेको देखिन्छ । वर्णविन्यसगत त्रुटि, पदयोग र पदवियोग सम्बन्धी कम्जोरीहरू, विराम चिन्हहरूको प्रयोगमा असचेतताजस्ता कुराहरू उनका केही गीतमा कतै कतै छिटपुटरूपमा देखिए तापनि त्यस्ता कुराहरू छपाई सम्बन्धी कारणले गर्दा पनि हुन सक्छ । मूलतः वर्णनमूलक शैलीको अनुसरण गर्ने अधिकारीका रचनाका वाक्यमा प्रायः क्रियापदको प्रयोगमा विचलन देखिए तापनि त्यो समग्र गीतात्मक अनुशासनको सीमाभन्दा बाहिर भने गएको छैन र त्यही विचलनले कथ्यमा प्रभावकारिता थपेको छ । अधिकारीका गीतमा तत्सम्, तद्भव र आगन्तुक तीनै प्रकारका शब्दहरूको प्रयोग भएको छ । उनका गीतमा प्रयुक्त शब्दहरू यस प्रकार रहेका छन् :-

| तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|
| पवित्र, तपस्या, विशाल, | घमैलो, रमैलो, बेसी, छायाँ, | दोभान, धुरी छिपेको, छहरा, |

| | | |
|---|---|---|
| सुन्दर, शान्त, अमृत, कान्ति, शिर, प्रकृति, विशाल, शुद्ध, स्वर्ग, किरण, बर्षा, प्रीत, यौवन, ज्योति, पाउ, स्वेत, मातृवन्दना, समाधि, स्वदेशी, नीराजन, विराजन, नमः प्रणाम, वन्दना, अर्चना, याचना, कोटी-कोटी परिग्रह, मठ, दातृका, मातृका, यात्रा, उपनिवेश, आदि । | हिमाल, बिहान, छर्केको, नागबेली, छिपेको, पिरती, आशिष, धुरी, आँसु, खोपौंला, ठाडो, व्यथा, चौराली, पाखुरा, पहरा, टारी, बारी टीको, अनन्त, सारङ्गी, फँाट, भीर, खुसी, स्यूँदो, आकास, खैंजडी, सातु, थुम्का, खर्क, नुन, बानी, चोखो, पीर, तिर्खा, फूल, जुन, आँखा, परेली, रात, दिन, बैंश, न्यानो गुराँस, बेलौती, ज्यामिरा भरिया, खील, पाइला, औंला, मोटो, धराप, बोट, रगत, साँढेहरू, मङ्गलसूत्र आदि । | दम्पती, छिपेको, चुली, जिन्दगी, जवानी, गजल, बहकिने, मोहनी, तर्काइदिए, बल्झे, जब, तरेली, दर्जा, राहदानी, सनासो, , खानी, जाँगर, बसेरा, पखेरा, सलह, साझा, सोलोडोलो, खडेरी, भाकें, स्वाभिमानी, उन्नती, शिखर, मन्दिर, गुम्बा, हजार, जुनी, अजम्बरी, बुटी, चुम्नु, दोधार, बैगुनी, तिहुन, किताब, चोर, विस्फोट, छुरा, बगली, खेलाडी, रिमोट, नोट, घुर, निमुखा, , बेरोजगार आदि । |

## (घ) बिम्ब/प्रतीक

बिम्बको शाब्दिक अर्थ प्रमिा, छाया, प्रतिबिम्ब, प्रतिकृति, प्रतिरूप, प्रतिच्छवि, प्रतिच्छाया, मूर्तिमत्ता, चित्रात्मकता, मानसिक चित्र, प्रत्यङ्कितरूप, दर्पण, सादृश्य, समानता आदि हुन्छ । यस शब्दका यी विभिन्न अर्थमा विस्तार भई यसको अर्थगत र प्रयोगगत क्षेत्रमा निकै व्यापकता आएको पाइन्छ । यसले सादृश्यविधान, कुनै व्यक्ति वा वस्तुको आकृति र त्यस सम्बन्धी अवधारणा, त्यसको पुनःनिर्माण; मानसपटल, कल्पना वा स्मृतिमा उपस्थित चित्र वा प्रतिकृति तथा मानसिक चित्र, विचार एवं मस्तिष्कमा आकृति पैदा गराउने अलङ्कारहरूलाई पनि जनाउँछ । बिम्बहरूको सामुहिकरूप वा समुहलाई बिम्बविधान भनिन्छ ।[११] बिम्बकै विशिष्टरूप प्रतीक हो । कुनै पनि रचनाको खास धारणा व्यक्त गर्ने बिम्बलाई नै प्रतीक भनिन्छ । गीतको शैलीमा सौन्दर्य थप्न र प्रस्तुतिलाई

[११] लुइटेल खगेन्द्र,कविताको संरचनात्मक विश्लेषण, (काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. २५७।

कलात्मक बनाउन केन्द्रीयभावसँग जोडिएर आउने अलङ्कार विशेष नै बिम्ब र प्रतीक हो ।

बिम्बले गीतको अर्थपूर्णरूपले स्पष्ट गर्दछ । गीतकार अधिकारीका गीतहरूलाई हेर्दा उनका गीतमा प्रयोग भएको बिम्ब र प्रतीकले गीतको शैली उपयुक्त र सौन्दर्यपूर्ण बनेको छ । उनले आफ्ना रचनाहरूमा पौराणिक, सामाजिक, भौगोलिक, राजनैतिक, आर्थिक, प्राकृतिक एवं साँस्कृतिक बिम्बको प्रयोग गरेका छन् । रचनामा आफ्ना मनका भावहरूलाई विभिन्न बिम्बहरूमार्फत अझबढी सार्थक र सशक्त बनाउने प्रयास गरेका छन् । अधिकारीले आफ्ना रचनामा कुनै खास नयाँ शब्द र बिम्बहरूको समायोजन गरेको भेटिदैन तापनि बिम्ब र प्रतीक प्रयोग नभएका उनका गीतिरचना एउटा पनि छैन ।

कैले यता कैले उता पीपलपाते छायाँ
भैगो नलाऊ चर्किएको चुराजस्तो माया

(**नफूलेका फूलहरू**, *चर्केको चुरा,* पृ. २९)

जूनजस्ती पनि छैनौ
छैनौ तिमी सुनजस्ती
यो जिब्रोमा पग्लिएकी
तिमी थोरै नुनजस्ती

(**ऐजन**, *कस्तो बानी बस्यो,* पृ. ८५)

गुराँस फुल्ने चौराली, चौरालीलाई सलाम !
नेपाल भए सब हुन्छ, नेपाललाई प्रणाम !

(**युद्धका छायाँहरू**, *नेपाल वन्दना,* पृ. १००)

छाँगाहरू असङ्ख्य पानीविना पँधेरो
ज्योतिर्मय हिमानी बत्तीमुनि अँधेरो
कसले बगायो काली ठेक्का त ठेकिएन ?
आफ्नै जलाशयमा यो देश देखिएन ।

(**फेरि एउटा परिवर्तन**, *यो देश देखिएन, पृ.* ६६)

उत्तर जम्मै पर्वतथली पार्वती खेल्ने ठाउँ
दक्षिणसम्मै मेची र काली सीताजी बस्ने गाउँ

(**रहर लागेर**, *एक गीत,* पृ. ५४)

## (ङ) अलङ्कार

रोचक तथा अर्थपूर्ण शब्दयोजनाद्वारा काव्यलाई आकर्षक पार्ने काम अलङ्कारले गर्दछ र यसले भाषामा लालित्य झल्काउने काम गर्दछ । कुनै पनि रचनाको सौन्दर्य, अर्थको रमणीयता र उक्तिको वैचित्रयको निम्ति सहायक र अनिवार्य तत्त्व हो अलङ्कार । अलङ्कार दुई प्रकारका हुन्छन् ।

(अ) शब्दालङ्कार

(आ) अर्थालङ्कार

गीतकार क्षेत्रप्रताप अधिकारीले आफ्नो गीतमा दुबै अलङ्कारको प्रयोग गरेका छन् । शब्दालङ्कारमा अनुप्रास, यमक, बक्रोक्तिजस्ता अलङ्कारको प्रयोग पाइन्छ भने अन्त्यानुप्रासको प्रयोग पनि प्रचुर मात्रामा गरेका छन् । अर्थालङ्कारमा उपमा, रूपक, उत्प्रेक्षा, विरोधाभाष, अतिशयोक्तिजस्ता अलङ्कारको प्रयोग पाइन्छ । अलङ्कार प्रयोगका केही नमूना  यस प्रकार रहेका छन् :-

## (अ) शब्दालङ्कार

सुन्दैमा रमाइलो लाग्ने खालका शब्दहरूको उचित प्रयोगद्वारा काव्यको शोभा बढाउने काम शब्दालङ्कारले गर्दछ ।

(क) **छेकानुप्रास** :-

यी मलिला छातीहरू त्यसै उठे त्यसै सुते
यी कलिला ओठहरू म्वाईं नखाएरै फुटे

(**नफुलेका फूलहरू**, *लाहुरी भाउजु*, पृ. ७१)

यहाँ मलिला र कलिला शब्दको प्रयोगमा *लिला* र *यी* शब्दको पुनरावृत्ति भएकोले यहाँ छेकानुप्रास रहेको छ ।

(ख) **वृत्यानुप्रास** :-

लिए पछि माया लाग्छ लिएर त हेर
आज फेरि अलिकति पिएर त हेर

(**फेरि एउटा परिवर्तन**, *लागू*, पृ. ७८)

यस पङ्क्तिमा *ल* र *त* वर्ण अनियमित रूपले धेरै चोटि दोहोरिएका छन् । तसर्थ वृत्यानुप्रास रहेको छ ।

(ग) **लटानुप्रास** :-

जन्म भूमि भन्दा ठूलो कुनै भूमि छ र ?
मेरा छोराछोरीहरू ! मेरो माया गर ।

(**समय साप्ताहिक**, *जननी*, वर्ष ५, अङ्क २११, पृ.५३)

यसमा *भूमि* तथा *मेरा* शब्दको पुनरावृत्ति भएकोले यहाँ लटानुप्रास रहेको छ ।

(घ) **श्रुत्यानुप्रास** :-

धेरै आए धेरै गए मानिसका चोला
तिमी पनि गयौ भने कस्तो हुन्छ होला

(**अकबिता**, *तिमी*, पृ. ७५)

माथिको पङ्क्तिमा विश्रामस्थलमा नियमित रूपले *चोला, होला* पद जोडीको आवृत्ति भएकोले यहाँ श्रुत्यानुप्रास रहेको छ ।

(ङ) **अन्त्यानुप्रास** :-

नबुझिने निर्मोहीको जातै त्यस्तो हो कि
जाँ छोए नि बिछोड हुन्छु, हातै यस्तो हो कि !

(**तर देश हारिरहेछ**, *हातै त्यस्तो हो कि !*, पृ. १२०)

माथिको *पङ्क्तिमा त्यस्तो हो कि* ले अन्त्यानुप्रास मिलेको छ ।

**(आ) अर्थालङ्कार**

रचनामा अर्थको चमत्कारका कारण रहने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । गीतकार क्षेत्रप्रताप अधिकारीका गीतमा प्रयोग भएका अर्थालङ्कारका केही नमूना तल प्रस्तुत छन् :-

(क) **उपमा** :-

कैले यता कैले उता पीपलपाते छाया
भैगो नलाउ चर्किएको चुराजस्तो माया ।

(**नफुलेका फूलहरू**, *चर्केको चुरा*, पृ. २९)

यहाँ मायालाई *चर्किएको चुरा जस्तो* भनेर तुलना गरिएको हुनाले उपमा अलङ्कार रहेको छ ।

(ख) **रूपक** :-

<u>पप</u> गाएर नाचिराछु <u>रोदीघरमा</u> हुन्छु
<u>पियानोको</u> धुनमा पनि <u>पञ्चेबाजा</u> सुन्छु

(**गोरखापत्र**, *डायस्पोराको गीत,* वर्ष १०८, अङ्क २२८)

यहाँ पश्चिमेली पप सङ्गीतलाई रोदीघरसँग र पियानोको धुनलाई पञ्चेबाजासँग आरोप गरिएकोले यहाँ रूपक अलकार रहेको छ ।

(ग) **अतिशयोक्ति** :-

खेतमा खडेरी, पेटमा खडेरी
दाँदेले आँसु साए पनि के, नसाए पनि के !
लाज पचाएका साँढेहरूलाई
जिन्दगीभर दाए पनि के, नदाए पनि के !

(**युद्धका छायाँहरू**, *के न के,* पृ. ५८)

यहाँ पेटमा खडेरी भन्नु, दाँदेले आँसु साउनु, साँढेले लाज पचाउनुजस्ता हुनै नसक्ने अतिवादी अभिव्यक्ति आएकोले अतिशयोक्ति अलङ्कार प्रयोग भएको छ ।

(घ) **दृष्टान्त** :-

पारि जाँदा मन वारि चौरालीमा राख
पाखुरामा पहराको बलबोकी राख

(**गाम-बेसीका गीत**, *सीप र श्रम,* पृ.६)

यसमा प्रयुक्त दुबै वाक्य एक अर्काको पारस्परिक बिम्ब-प्रतिबिम्बको भाव सम्बन्धमा गाँसिएर आएको छ । तसर्थ यहाँ दृष्टान्त अलङ्कार रहेको छ । यसरी गीतकार क्षेत्रप्रताप अधिकारीका गीतमा अर्थालङ्कारका विविधरूप आएका छन् ।

## (च) लय /सङ्गीतात्मकता /गेयता

सङ्गीत गीतका लागि चाहिने अनिवार्य तत्त्व हो । सङ्गीतविना गीतको कल्पना गर्न पनि सकिन्न । लय वा सङ्गीत भन्नाले गहन एकाग्रता, तल्लीनता, तन्मयता, विलयन, सङ्गीतमा स्वरको आरोह अवरोहको विशेषक्रम आदि अर्थ बुझाउँछ ।[१२] गीत र कविताको

[१२] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना,** पूर्ववत्, पृ. २१ ।

प्राणतत्त्वको रूपमा रहेको लयलाई मानिसको आन्तरिक भावावेगका रूपमा पनि लिइएको पाइन्छ । वर्ण, यात्रा, चरण, गण, यति, गति आदिका निश्चित नियम भएको छन्दलाई लयको मूर्तरूप मानिन्छ ।[१३] रचनाकारहरू आफ्ना रचनालाई आनन्ददायक तथा अर्थमा अझ प्रभावकारिता थप्न सङ्गीतको प्रयोग गर्दछन् । गीतलाई गेय बनाउने, लयको तीव्रतामा जोड दिने र कविताको तुलनामा गीतलाई बढी रोचक बनाउन र गीत एवं कविताबीच फरक छुट्याउने काम सङ्गीतले नै गर्दछ । सङ्गीतले शब्दको प्रभावलाई अझ उचाइ प्रदान गर्दछ र गीतमा भएको भावलाई अझ उजिल्याएर प्रस्तुत गर्न सहयोग पुऱ्याउँछ । त्यसैगरी लयको सम्बन्ध समय र गीतसँग रहेको हुन्छ । बराबरी वा उही समयमा पढ्न वा गाउन सकिने गरी पङ्क्ति-पङ्क्तिबीच भाषाका स्वर तथा व्यञ्जन वर्णहरूको सही व्यवस्थापन गरिंदा लय प्रकट हुन्छ ।

यस दृष्टिबाट गीतकार क्षेत्रप्रताप अधिकारीका गीतको सङ्गीतात्मक तथा गेयतातर्फ ध्यन दिंदा उनका प्रायः गीतहरू लय र सङ्गीतात्मक गुणले भरिएका छन् । उनका प्रायः जसो गीतहरू बरिष्ठ सङ्गीतकारका सङ्गीतमा आवद्ध भई प्रसिद्ध गायक तथा गायिकाका स्वरबाट प्रसारितसमेत भएकोले पनि उनका गीत लय तथा सङ्गीतात्मक गुणले युक्त छन् भन्ने कुरा स्वतः प्रष्ट हुन जान्छ । उनका गीत गेयात्मक बन्नमा तथा लयको तीव्रतामा सघाउ पुऱ्याउन सङ्गीतले महत्त्वपूर्ण भूमिका खेलेको छ । उनका गीतहरू विभिन्न लयव्यवस्थापनमा आधारित रहेका छन् जसको चर्चा निम्नानुसार तल गरिएको छ :-

### (अ) एउटै नियमित लयव्यवस्थामा आधारित गीत

लयको निर्माण हरेक पङ्क्ति नै पिच्छे उच्चारणका सन्दर्भमा पूरै समयगत समानता हुने प्रकारका वर्णहरूको समान वितरण व्यवस्थाबाट हुने गीतहरू नियमित लयव्यवस्थामा आधारित गीत हुन् । गीतकार अधिकारीका त्यस प्रकारका गीतहरूको केही उदाहरण यस प्रकार रहेको छ :-

पारि जाँदा मन वारि द्यौरालीमा राख
पाखुरामा पहराको बल बोकी राख
मर्स्याङ्दीको पहरामा कुलो खोप्नु पर्छ
टारीभरि, बारीभरि सीप रोप्नु पर्छ

[१३] ऐजन, पृ. २१ ।

(**गाम-बेसीका गीत**, *सीप र श्रम,* पृ. ६)

पाखुरामा रातो रगत आफ्नै हुनुपर्छ
लेकबेसी डाँडा देवल जोगाइराख्न सक्छौं
ढुकढुकीमा चल्ने मुटु आफ्नै हुनुपर्छ
छातीमाथि मेची काली बगाइराख्न सक्छौं

(**पहाडदेखि पहाडसम्म**, *नेपालीको गीत,* पृ. ८६)

बिर्सुंभन्दा सम्झना पो बल्भेजस्तो छ
यो मन कतै परेलीमा अल्भेजस्तो छ ।

(**नफुलेका फूलहरू**, *मन हराएको सूचना,* पृ. १४)

## (आ) मिश्रित नियमित लयव्यवस्थामा आधारित गीत

दुई वा सोभन्दा बढी प्रकारका लयहरूको मिश्रण प्रयोग गरी सामान्यतः गीतको स्थायी भागमा आउने पङ्क्तिहरूमा एक प्रकारको र अन्तरा वा स्थायीभाव भिन्न अनुच्छेदहरूमा अर्कै प्रकारको लय अङ्गालेर प्रस्तुत हुने गीत मिश्रित नियमित लयव्यवस्थामा आधारित गीत हुन् । अधिकारीका धेरैजसो गीत यस प्रकारको लय व्यवस्थामा आधारित रहेका छन् । केही उदाहरणहरू यस प्रकार छन् :

हाँसो कता भाग्यो कुन्नि मुखै मलिनो छ
नुन बोक्ने भरियाको तिहुन अलिनो छ
खील परेका पाइलाहरू सँधै हिडिरेछ
दुख्न सम्म दुख्यो जिन्दगी
जति हिंडे पनि खोइ ! कतै पुगिएन
भैगो अव पुग्यो जिन्दगी !

(**युद्धका छायाँहरू**, *भरिया,* पृ. ४२)

नयाँ गीतमा लैबरीको लय छ कि छैन?
छैन भने माईबेनीको जय पनि छैन ।
सुनगाभाको सुगन्धले
गीतै मीठो हुन्छ भन्छन्

यस्तै गीतको तरङ्गले
मान्छेलाई छुन्छ भन्छन्
लोकलयको लहराले
एउटै राष्ट्र बुन्छ भन्छन् ।

(**फेरि एउटा परिवर्तन**, *माईबेनी*, पृ. १९)

म त ठूलो हुँदैहैन तिमी पनि हैन
देशभन्दा ठूलो अरु केही पनि छैन
देश छ र गाउँहरू छन्
बास बस्ने ठाउँहरू छन्
कहाँ बस्ने घरै नभए
आफ्नै देशको भरै नभए

(**गायिकाः आनी छोइङ, सङ्गीतकारः न्यू वज्राचार्य**, *को ठूलो* )

## (इ) अनियमित वा मुक्त लयव्यवस्थामा आधारित गीत

पङ्क्ति- पङ्क्तिबीच वर्ण, मात्रा तथा अक्षरगत समानता नभएको र भावको प्रवाहअनुसार अक्षरहरू घटीबढी किसिमले बितरित भएको लयव्यवस्था नै मुक्त वा अनियमित लयव्यवस्था हो । गीतकार क्षेत्रप्रताप अधिकारीका केही गीतहरू यस प्रकारको लयव्यवस्थामा समेत आधारित छन्, जस्तैः

कोही भन्छन् रक्सी लाग्यो
कोही भन्छन् बोक्सी लाग्यो
मलाई मात्र के भो कुन्नि
रातै भरि तिमी लाग्यो
दिनै भरि तिमी लाग्यो

(**तर देश हारिरहेछ**, *के के लाग्यो*, पृ. ११८)

मेरो बारेमा र तिम्रो बारेमा
सहरतिर हल्ला छ
हाम्रो बारेमा ।

(**अकविता**, *हाम्रो बारेमा*, पृ. ७८)

म माटो बोलें, म पानी बोलें
विनम्र बोलें, अब ढुङ्गो बोल्छु
बोलीमा धेरै संशोधनहरू भए
अब म एउटा टुङ्गो बोल्छु

(**फेरि एउटा परिवर्तन**, *अब ढुङ्गो बोल्छु*, पृ. ४९)

यस प्रकार गीतकार क्षेत्रप्रताप अधिकारीका गीतमा विविध लयव्यवस्थाको प्रयोग भएको देखिन्छ । यिनै लयगत आयामबाट उनका गतिमा साङ्गीतिकताको सिर्जना भएको छ । यसरी विविध लयव्यवस्थाको प्रयोग गर्ने क्रममा कतै मुक्त स्वतन्त्रलयको प्रयोग गरेका छन् त कतै लोकलयको प्रयोग गरेका छन् । उनले कतिपय आफ्ना रचनामा परम्परित लयमा अङ्गालिने गुच्छरचना र गीतिलयको पालनाभन्दा स्वतस्फूर्तरूपमा अभिव्यक्त सङ्गीतको प्रवाह अनुसारको लय प्रयोगसमेत गरेका छन् । जुन प्रयोग उनको नौलो विशेषताका रूपमा रहेको छ ।

### (छ) अग्रभूमीकरण

अग्रभूमीकरण पनि भाषाशैलीय विन्यासअन्तर्गत आउँछ । कृतिका खास पक्षमा पाठकको ध्यनाकर्षण हुने गरी कुनै अंश विशेषलाई विशिष्ट तुल्याउनका लागि दिइने बललाई अग्रभूमीकरण भनिन्छ ।[१४] अग्रभूमीकरण विचलन र समानान्तरता गरी २ प्रकारको हुन्छ । मानकभाषाको अतिक्रमण विचलन हो भने भाषिक प्रयोगमा देखिने नियमित पुनरावृत्ति समानान्तरता हो । विचलन कोशीय, व्याकरणिक, वर्णात्मक, आर्थी, भाषिकागत, प्रयुक्तिगत, लेखिमिक आदि प्रकारका हुन्छन् भने समानान्तरता आन्तरिक आर्थी र बाह्य - ध्वनिगत, पदगत, शब्दगत, वाक्यात्मक प्रकारका हुन्छन् ।[१५]

## ४.६ सहभागी

कृति वा सङ्कथनमा संलग्न वा प्रयुक्त पात्र वा चरित्रलाई सहभागी भनिन्छ । सहभागीहरू प्रमुख सहायक आदि विभिन्न प्रकारका हुन्छन् ।[१६] गीतकार क्षेत्रप्रताप

---

[१४] खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, पूर्ववत्, पृ. ६७ ।

[१५] ऐजन, ।

[१६] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. २२७ ।

अधिकारीका गीतमा प्रथमपुरुषका रूपमा 'म' सहभागी रहेको छ । जहाँ उनले 'म' भनेर स्वयं आफू र सिङ्गो राष्ट्रलाई प्रस्तुत गरेका छन् । उनका प्रेम विरहका गीतमा आफ्नी प्रेयसीलाई 'तिमी', 'मायालु' र 'बेसारे' को सम्बोधन गरेको हुनाले स्त्री सहभागी पनि रहेको छ । यसैगरी राष्ट्र भक्तिका गीतमा देशका सम्पूर्ण नागरिकलाई 'तिमी', 'छोराछोरी' को सम्बोधन मार्फत सहभागी गराएका छन् । आफ्ना गीतमा उनले विभिन्न जात-जातिले भरिपूर्ण नेपालका जनतालाई जाति विशेष सम्बोधन हिमाली, पाखे, मदेसी आदिद्वारा सहभागी गराएका छन् । उनका प्राय सबै गीतमा प्रत्यक्ष सम्बोधनका सहभागीरूप आएका छन् ।

## ४.७ परिवेश

कृतिमा प्रयुक्त चरित्रहरूले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ ।[१७]

गीतकार क्षेत्रप्रताप अधिकारीका रचनामा परिवेश चित्रणको विविधता पाइन्छ । उनका गीतमा आएको परिवेश चित्रणलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ :–

### (क) आन्तरिक परिवेश

प्रेममा हुने मिलन, बिछोड, घात-प्रतिघात र विरहको चित्रण आन्तरिक परिवेशअन्तर्गत पर्दछन् । मानसिक परिवेशको चित्रण नै आन्तरिक परिवेश हो । राष्ट्रिय भावनाले ओतप्रोत भएका गीतमा राष्ट्र निर्माण र राष्ट्रिय अखण्डता र अस्तित्त्वको रक्षार्थ एक जुट भएर लाग्न र बलिदानी भावना जागृत गराउन आएको परिवेश पनि आन्तरिक परिवेश नै हो । जीवनको आरोह-अवरोहगत विविध मोडहरूका भुमरीमा अल्झिएर आत्तिएका तथा वैरागिएका मानसिक परिवेश उनका जीवन चिन्तन सम्बन्धी गीतमा भेटिन्छ । आन्तरिक परिवेश चित्रणका केही उदाहरण निम्नानुसार छन् :–

एक्लो हुँदा च्वास्स कतै चिसो हुन्छ छाती
भेट्न पाए कस्तो होला नभेटेको साथी

(**अकविता**, *भेट्न पाए कस्तो होला !*, पृ. ७८)

---

[१७] ऐजन, पृ. १७३ ।

न्यायको लागि लडेर, दयाको लागि रुँदैन
मितेरी माया एकै हो, ठूलो र सानो हुँदैन

(**तर देश हारिरहेछ**, *देशको माया एकै हो,* पृ. ९१)

धेरै तरेँ खोलाहरू बगेँ धेरैचोटि
कस्तो जुनी दियौ आमा धन्य कोटिकोटि
अब एउटा मनको खोला तर्न बाँकी छ
सबैभन्दा ठूलो कुरा मर्न बाँकी छ ।

(**नफुलेका फूलहरू**, *स्वर सम्राटमा समर्पित एउटा अन्तिम गीत,* पृ.१)

## (ख) बाह्य परिवेश

बाह्य परिवेशमा गीतकार अधिकारीले आफ्ना गीतमा नेपालका हिमाल, पहाड, तराई, नदी-नाला, पाखा-पर्वत, मेची-काली आदिको स्थानगत परिवेश चित्रण गरेका छन् । साँझ-विहान, अँधेरो-उज्यालो, हिउँद-वर्षा, हरियाली-उराठ आदि समयगत परिवेशका रूपमा आएका छन् । विश्वस्तरको परिवेशमा धरति, आकास, चन्द्र, सूर्य, समुद्र आदि आएका छन् भने ऐतिहासिक परिवेशमा सुगौली सन्धि, टनकपुर सन्धि, नेपाली बीरता, स्वतन्त्रता र अखण्डताको परिवेश आएको छ । साँस्कृतिक परिवेशअन्तर्गत नेपालका चाड-पर्व, मेला-पर्म, कर्ख-मारुनी, सारङ्गी-सेलो, पप-पियानो आदिको चित्रण गरेका छन् । जस्तै :–

जहाँ गए पनि ज्यादा पराई प्यार पाएँ
रोदी र मारुनीको माया कता हराएँ

(**फेरि एउटा परिवर्तन**, *यो देश देखिएन,* पृ. ६५)

मेचीको माया गोडेर
कालीको माया जोडेर
नसामा कोसी कर्णाली
सङ्लेको हुन्छ नेपाली
सगरमाथा चुमेर
अग्लेको हुन्छ नेपालीः

(**तर देश हारिरहेछ**, *देशको माया एकै हो,* पृ. ९१)

पप गाएर नाचिराछु रोदीघरमा हुन्छु

पियानोको धुनमा पनि पञ्चेबाजा सुन्छु

(**गोरखापत्र**, *डायसपोराको गीत,* वर्ष १०८, अङ्क २२८)

## ४.८ उद्देश्य

कुनै पनि रचनाकारले साहित्य रचना किन गरेको र त्यसको सार्थकता के हो भन्ने वुझाउने नै उद्देश्य हो । उद्देश्यरहित रचना निस्फल र निरर्थक हुने हुँदा कुनै उद्देश्य राखेर नै स्रष्टाले आफ्नो आत्मतृप्तिको लागि गर्दछन् भने कोहीले कीर्ति वा लोकोपकारका लागि गर्दछन् । साहित्यसिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ । मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण र यथार्थ साहित्यसिर्जनाका प्रमुख उद्देश्य हुन् ।[१८] यसरी नै गीतकार अधिकारीका गीतको उद्देश्य हेर्दा आफ्ना मनमा उब्जेका भावनालाई अभिव्यक्त गर्नु नै मुख्य उद्देश्य रहेको छ । राष्ट्रवादी गीतहरूमा राष्ट्रियता, अखण्डता र अस्तित्त्वका बारेमा सबैलाई सजग गराउने र सामाजिक, राजनैतिक, आर्थिक, नैतिक विकृतिमाथि औंला उठाएर त्यसप्रति सुधारको चाहना राख्दै व्यङ्ग्य प्रकट गर्नु पनि उनको उद्देश्य रहेको देखिन्छ । साथै आफ्ना प्रेम विरह सम्बन्धी विविध मान्यता, आस्था र अनुभव प्रकट गर्नु पनि उनको उद्देश्य रहेको छ । जीवन दर्शनका विविध गीतमार्फत जीवन भोगाइका तिता-मिठा अनुभूति प्रकट गर्दै अन्त्यसम्म संघर्षपूर्ण जीवन जिउनुपर्छ भन्ने आफ्नो मान्यता व्यक्त गर्नु उनको अर्को उद्देश्य रहेको प्रष्ट हुन्छ ।

## ४.९ दृष्टिविन्दु

कुनै पनि कृतिको प्रस्तुतिकरणसँग सम्बन्धित महत्त्वपूर्ण घटक दृष्टिविन्दु हो । दृष्टिविन्दुले सामान्यतया हेराइको कोण वा प्रस्तुतिलाई जनाउने गर्दछ । कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका वा उपस्थापन पद्धतिलाई दृष्टिविन्दु भनिन्छ । यो प्रथम र तृतीय पुरुष गरी मुख्यतया दुई प्रकारको हुन्छ ।[१९] गीतकार क्षेत्रप्रताप अधिकारीका गीतलाई दृष्टिविन्दुका आधारमा हेर्दा केही गीतमा प्रथमपुरुष कथयिताले द्वितीय पुरुषलाई सम्बोधन गरेको छ भने केही गीतहरूमा प्रथमपुरुष कथयिताले तृतीय पुरुषलाई सम्बोधन गरेको

---

[१८] ऐजन, पृ. २३५ ।

[१९] ऐजन, पृ. २३७ ।

पाइन्छ । उसैगरी केही गीतमा प्रथमपुरुष कथयिता भएर पनि सम्बोधित व्यक्ति छैन । उनका धेरै गीतहरूमा मात्र 'म'ले द्वितीय पुरुष 'तिमी'लाई सम्बोधन गरेको छ भने केही गीतहरूमा मात्र 'म'ले तृतीय पुरुषलाई सम्बोधन गरेको भेटिन्छ । प्रथम पुरुषमा 'म', 'मेरो', 'मेरा', 'हामी', 'हाम्रा', 'हाम्रो' आदि शब्दहरू प्रयोग भएको पाइन्छ भने द्वितीय पुरुषको प्रयोग गर्दा 'तिमी', 'तिम्रा', 'तिमीहरूको' आदि शब्दको प्रयोग गरिएको छ । त्यस्तै सम्बोधित पक्षको तृतीय पुरुषको प्रयोग गर्दा 'प्रिया', 'प्रेयसी', 'मायालु', 'माया', 'ऊ', 'उसले', 'शिव', 'पार्वती', 'सती', 'सीता', 'मोनालिसा' आदिको प्रयोग भएको पाइन्छ । धेरैभन्दा धेरै गीतमा कथयिता 'म' प्रथम पुरुषले सम्बोधित 'तिमी' द्वितीय पुरुषलाई सम्बोधन गरिएको छ । केही उदाहरणहरू यस प्रकार रहेका छन् :-

जननी र जन्मभूमि तिम्रो माइत घर
मेरो छोराछोरीहरू ! मेरो माया गर

(**समय साप्ताहिक**, वर्ष ५, अङ्क २११, *जननी*, पृ. ५३)

नेपाल हाम्रो अझै राम्रो हुन्छ हामी बढेपछि
हिमाल यो अझै अग्लो हुन्छ हामी चढेपछि

(**तर देश हारिरहेछ**, *शिशुहरूको स्वर*, पृ. ११४)

म यौटा लता हुँ झरेर फुलेको
म यौटा कथा हुँ पढेर भुलेको
कतै घाउ लाग्यो कतै ठेस लाग्यो
बरु बिर्सिएको व्यथा बेस लाग्यो

(**फेरि एउटा परिवर्तन**, *माया र स्वाईहरू*, पृ.७६)

जाँ गए नि भाग्यसँगै भन्थे आमा बा ले
सम्झिएर थोपा थोपा आँसु झर्न थाले

(**गायक/गायिका- उदय/मनिला सोताङ, सङ्गीतकार- साम्बदेव**)

# परिच्छेद पाँच

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

परिच्छेद एकमा *शोधपरिचय* रहेको छ । जहाँ शोधनायक गीतकार क्षेत्रप्रताप अधिकारीको विषयमा सामान्य जानकारी एवं शोधपत्रको रूपरेखा प्रस्तुत गर्नुको साथै गीतकार क्षेत्रप्रताप अधिकारीका बारेमा आजसम्म भए गरेका चर्चा-परिचर्चाहरूको विवरणात्मक समीक्षा कालक्रमिकरूपमा पूर्वकार्यको समिक्षा अर्न्तगत उल्लेख गरिएको छ ।

परिच्छेद दुई अर्न्तगत *गीतकार क्षेत्रप्रताप अधिकारीको जीवनी र व्यक्तित्त्व* को विस्तृत चर्चा परिचर्चा रहेको छ । यहाँ गीतकार क्षेत्रप्रताप अधिकारीको जीवनी पक्ष अर्न्तगत जन्म र जन्मस्थान, बाल्यकाल र स्वभाव, शिक्षादिक्षा, पारिवारिक स्थिति, दाम्पत्य जीवन र सन्तान, रुचि, भ्रमण, पदक तथा सम्मान, साहित्य लेखनको प्रेरणा-प्रभाव र लेखनको प्रारम्भ र प्रकाशनको थालनीजस्ता विषयहरूको बारेमा विस्तृत अध्यन गरिएको छ । त्यस्तै व्यक्तित्त्व अर्न्तगत पनि साहित्यकार व्यक्तित्त्व र साहित्येत्तर व्यक्तित्त्व गरी दुई भागमा विभाजन गरिएको छ । साहित्यकार व्यक्तित्त्व अर्न्तगत कवि तथा गीतकार व्यक्तित्त्व, निबन्धकार व्यक्तित्त्व, अनुवादक व्यक्तित्त्व, र साहित्येत्तर व्यक्तित्त्व अर्न्तगत वहुभाषी व्यक्तित्त्व र सामाजिक–राजनैतिक व्यक्तित्त्वका बारेमा विस्तृत चर्चा परिचर्चा गरिएको छ । त्यसैगरी जीवनी, व्यक्तित्त्व र साहित्यिक लेखनका बीच अन्तःसम्बन्धका बारेमा प्रकाश पारिएको छ ।

परिच्छेद तीन अर्न्तगत *गीतकार क्षेत्रप्रताप अधिकारीको गीतियात्रा*को चरण विभाजन गर्ने काम भएको छ । खासगरेर गीतलेखनको इतिहासमा देखा परेका बिभिन्न गीति प्रवृत्तिगत परिर्वतन, गीतात्मक परिणाम र गुणस्तर, गीतिधारात्मक प्रवृत्तिको अन्तरविकास र गीत तथा गीतिसङ्ग्रह प्रकाशनलाई आधार मानेर गीतकारको गीतियात्राको चरण विभाजन गर्ने गरिन्छ । गीतकार अधिकारीको पाँचदशक लामो गीतियात्राको इतिहासमा पनि त्यस्ता खास केही अभिलक्ष्यण देखिन्छन् जसले उनको गीतियात्राको विभिन्न घुम्तिको निर्देश गर्दछ । हालसम्मको उनको गीतियात्रा अवधिलाई तीन चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

परिच्छेद चारमा *गीतकार क्षेत्रप्रताप अधिकारीको गीतको विश्लेषण* गरिएको छ । यहाँ गीतकार क्षेत्रप्रताप अधिकारीका गीतलाई संरचनावादी गीतविश्लेषण प्रारूपका आधारमा विभिन्न शीर्षक-उपशीर्षक अन्तर्गत राखेर विश्लेषण गरिएको छ । अधिकारीले हालसम्म रचेका १३२ वटा गीतको विश्लेषण गीतमा प्रयुक्तभाव, विषयवस्तु वा विचार, पर्याधार,ढाँचा, भाषाशैलीय विन्यास, सहभागी, परिवेश, उद्देश्य र दृष्टिविन्दुका आधारमा विस्तृतरूपमा गरिएको छ ।

## ५.२ निष्कर्ष

वि.सं. १९९९ मा तनहुँ जिल्लाको मिर्लुङ गा.वि.स. बयापानी गाउँको निम्नमध्यमवर्गीय कृषक परिवारमा पिता श्री गजकेशर अधिकारी र माता श्रीमती जानुकादेवी अधिकारीका कोखबाट जन्मिएका प्रसिद्ध कवि तथा गीतकार क्षेत्रप्रताप अधिकारीको बाल्यकाल र युवावस्था विविध अरोह-अवरोह, संघर्ष र अभावको बीचमै बित्यो । वि.सं २०३३ वैशाखमा २४ वर्षको उमेरमा नुवाकोट निवासी भू.पू. न्यायाधीश श्री महेन्द्रवहादुर महतकी कान्छी छोरी शान्तासँग उनको विवाह भएको थियो । अन्तर्मुखी स्वभाव भएकी श्रीमती शान्ता अधिकारीको २०५१ सालदेखि  मानसिक सन्तुलनमा केही तलमाथि भएपछि कहीं कतै उपचार नलाग्दा त्यही मानसिक रोगको कारण २०६२ साल भाद्र १२ गते आत्महत्या गरिन् ।

गीतकार अधिकारीको ६५ बर्षे जीवनावधिलाई हेर्दा उनको जीवनचक्र विभिन्न परिस्थिति एवं परिवेशका माझबाट पार भएको देखिन्छ । पारिवारिक आर्थिक अवस्था नाजुक भएको कारण शिक्षा आर्जन एवं दैनिक गुजाराका क्रममा भोग्नु परेका वाधा अड्चन र कठिनाइका साथै भरपर्दो जीविकाको खोजीमा व्यहोर्नु परेका विविध व्यवधान र समस्याहरू उनका जीवनका भौतिक यथार्थता हो । अध्ययनको क्रममा कुनै निश्चित ठाउँ र कार्य व्यापारमा स्थिर रहन नसकेका अधिकारीका अन्य व्यक्तित्वको तुलनामा साहितीयक व्यक्तित्व अखण्डित र अविच्चलित नै रही उनका जीवनका अनेक पक्ष हाँसो अनि रोदनका मित्र बनेका छन्; साहित्य सिर्जना आत्मतृप्तिको साधन बनेको छ । उनका रचनामा आफ्ना जीवनका वास्तविक भोगाईका यथार्थ अनुभवहरू प्रतिध्वनित भएका छन् । पछिल्ला अव्यवस्थित र अशृङ्खलित अवस्थादेखि हालको सुव्यवस्थित र सुशृङ्खलित क्षणसम्मका जीवन वृतबाट उनको लेखन र चिन्तनमा प्रशस्त प्रभाव परेका छन् । अधिकारीको आफ्नै

वैयक्तिक जीवनका हरेक परिस्थिति एवं मोडहरूबाट नै उनका विविध व्यक्तित्त्वको निर्माण भएको हो । जीवनका भौतिक यथार्थता र वाह्य परिवेशबाट उनको सामाजिक साँस्कृतिक, राजनैतिक, वहुभाषिक, अनुवादक आदि व्यक्तित्त्वको निर्माण हुन गयो भने लोक संस्कृतिबाट परेका प्रभाव, नैसर्गिक प्रतिभा, गहन अध्ययन र क्रमिक लेखनका साथै भौगोलिक सामिप्य, क्षेत्रीय स्वाद र सुगन्धबाट कवि तथा गीतकार व्यक्तित्त्वको निर्माण हुन पुग्यो । आफ्नो काव्ययात्राको प्रेरणाको स्रोतका रूपमा गाउँघर, रोदी, उकाली, ओराली अनि सानैदेखिको लोकगीत प्रेमलाई मान्ने गीतकार अधिकारीले प्राथमिक शिक्षाको समाप्ति लगत्तै २०१५ सालमा काठमाण्डौं प्रवेश गरी जागिरे जीवन र विद्यार्थी जीवन सँग-सँगै अघि बढाई सुरुका दिनमा अत्यन्त कष्टपूर्ण जीवनयापन गर्नु परेको थियो । उनले आफ्नो मेहनत र परिश्रमले पारिवारको आर्थिक अवस्थामा निकै सुधार ल्याउन सफल भए । वि.सं. २०१६ मा झ्यउरे लोक छन्दमा रचित *जानु भो देवकोटा कविनेपालीलाई टुहुरो पारेर* गीतबाट काव्ययात्राको फाँटमा अवतरण गरेका कविको कलमले अझैसम्म सक्रियरूपमा रसिला र चोटिला गीतिकाव्यहरू जन्माइरहेको छ । आफ्नो गीतीयात्रालाई निरन्तरता दिने क्रममा उनको हालसम्म **रहर लागेर** (२०२४) **, गामबेसीका गीत** (२०३४) ,**पहाडदेखि पहाडसम्म** (२०४१) , **म त लालीगुराँस भएछु** (२०४२) ,**नफुलेका फूलहरू** (२०५३), **फेरि एउटा परिवर्तन** ( २०५५) , **तर देश हारिरहेछ** (२०५७), **अकविता** (२०५८) र **युद्धका छायाँ** (२०६४) जस्ता गीति-कविता सङग्रहहरू एवं विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा फुटकर रचनाहरू प्राकाशित भइसकेका छन् । यी सबै कृतिहरूमा केही कविता र केही गीतहरू भेटिन्छन् । अर्थात सबै कृतिहरूमा समसामयिक भावात्मक कविता र गेयात्मक गीतहरूको मिश्रित रसास्वादन गर्न पाइन्छ । अनुवाद र निबन्ध विधामा समेत कलम चलाए तापनि अधिकारीको मुल लेखन विधा भनेको कविता तथा गीत नै हुन्  जुन क्षेत्रमा हालसम्म पनि निरन्तर लागिरहेका छन्, र यसै क्षेत्रले उनलाई समाजमा परिचित एवं प्रतिष्ठितसमेत तुल्याएको छ ।

वि.सं.२०१६ मा आएर शुरु भएको उनको गीतीयात्रा कहिले पहिलोपल्ट ध्वानिबद्ध भयो भन्ने कुरा स्वयं उनलाई नै थाहा छैन । तीसको दशकमा आएर मात्र उनका गीतहरू अधिक मात्रामा ध्वानिबद्ध हुन थालेका उनका गीतहरू नेपालका ख्यातीप्राप्त गायक गायिकाहरूद्वारा लयवद्ध पनि गरिएका छन् । कयौं चर्चित गायक गायिकाका गीति क्यासेटहरूको शोभा बन्न पुगेका उनका गीतहरू मध्यम, उच्च मध्यम हुँदै उच्च

स्तरसमेतका रहेका छन् । *चौतारीमा राजा भेटियो, चौतारीमा रानी भेटियो, म त लालीगुराँस भएछु, जिन्दगीमा धेरै कुरा गर्न बाँकी छ, गोठालो जाँदा लाएको माया* लगायतका अनेक कर्णप्रिय गीतमार्फत चर्चाको शिखरमा पुगेका अधिकारीका गीतहरू जति पनि रेकर्ड भएका छन् सबै नै प्रसिद्ध र कर्णप्रिय छन् । गीत किन लेख्नु हुन्छ ? भन्ने प्रश्नको उत्तरमा उनी भन्छन् "कहिले ठेस लागेर लेख्छु कहिले बेस लागेर लेख्छु जीवन शेष रहेसम्म लेख्छु ।" गीत नभएको भए के हुन्थ्यो होला ? भन्ने अर्को प्रश्नको उत्तरमा उनी भन्छन् :- "संसार उराठ हुन्थ्यो, जिन्दगी थाकेको हुन्थ्यो । दिनभरि खेत रोपेर आएकी सानीकान्छी भरे रोदीमा गाएर सुस्ताउन पाउने थिइन । दिनभरि आली लगाएका हातहरू रातभरि मादल ठोक्न पाउने थिएनन् ।" सयौं गीत रचना गरिसकेर अझै पनि रचनायात्रामा निरन्तर अधिकारीले २०२४ सालमा आयोजित राष्ट्रव्यापी कविता प्रतीयोगितामा तृतीय स्थानका साथै श्री ५ महेन्द्रबाट नगद रु ५००।– तथा प्रमाणपत्र, २०५३ सालमा *साझा पुरस्कार* , २०५३ सालमै *छिन्नलता गीति पुरस्कार* र २०६५ सालमा **हिट्स एफ्. एम्. म्युजिक अवार्ड**मा *सर्वश्रेष्ठ गीतकार* को पुरस्कार प्राप्त गरेका थिए भने सबैभन्दा ठूलो सम्मानका रूपमा उनी आज हरनेपालीको गलागलामा बसेका छन् , दैलोदैलोमा बजेका छन् , गुञ्जिएका छन् ।

क्षेत्रप्रताप अधिकारी १५ वर्षको किशोरावस्थासम्म पूर्ण गाउँले जीवनमा हुर्किए । बनपाखा, खेतालो, गोठालो अनि उकालो ओरालो गर्दै उनका दिनहरू बिते । फलस्वरूप सुललित प्राकृतिक छटा र समृद्ध लोक संस्कृतिको एकोहोरो छाप उनको हृदयको अन्तरकुनामा टाँसिइरह्यो । उनले बनपाखा र गाउँले भाका अनि गोठालो-खेतालो र डोको-डालोलाई नजिकबाट चिनेका छन् । दाउराको खलियो र घाँसको भारीलाई राम्ररी जानेका छन् । दुःख र सुखसित कैयौंपल्ट मितेरी लगाएका छन् । त्यसैले उनका गीतहरू उनी जस्तै तरल र सरल छन् । उनी आफू पनि गीत जस्तै मीठा र रसिला छन् । विविध विषयमा कलम चलाए पनि विशेषरूपमा नारी प्रेम त्यसभन्दा पनि धेरै मात्रामा राष्ट्रप्रेममा नै कलम चलाएको राष्ट्रवादी कविका रूपमा कवि अधिकारीको स्थान सुरक्षित देखिन्छ ।

आफ्नो गीतीयात्रालाई क्रमशः परिमार्जित र सशक्त बनाउँदै अघि बढिरहेका अधिकारीका रचनाका मूख्यभाव वा विचार उनकै अनुभूतिको मूलमर्मलाई बोकी व्यक्त भएका छन् । प्रकृति चित्रण, राष्ट्रियता देशप्रेम समसामयिक घट्ना र युगिन यथार्थ प्रस्तुति, वैयक्तिक अनुभूति र आत्मकहानीको अभिव्यक्ति, विश्व शान्ति र विश्वबन्धुत्त्वको आह्वान,

सहरप्रतिको वितृष्णा र गाउँप्रतिको आकर्षण, सामाजिक आर्थिक असमानताको चित्रण मूख्य प्रवृत्ति रहेका अधिकारीका रचना समग्रमा भन्नु पर्दा विविध विषयवस्तुको अभिव्यक्ति पाइन्छ । यद्यपि गीतकार अधिकारीका गतिमा पाइने खास विषयवस्तु वा भाव प्रेम र दर्शन दुबै रहेको देखिन्छ । अधिकारीले हालसम्म रचेका १३२ वटा गीतमध्ये १०० वटा गीत प्रेमभावमा आधारित रहेका छन् भने ३२ वटा गीत दर्शनभावमा आधारित छन् । उनले जनजीवनका विसङ्गत प्रवृत्तिलाई व्यङ्ग्य  प्रहार गरेका छन् । सामाजिक र राजनैतिक विसङ्गतिलाई कलात्मक शिल्पमा उनेर राजनीतिक विकृतिलाई बढी व्यङ्ग्य  पोखेका छन्, परिवर्तनको नाममा भएको आडम्बरी व्यवहारलाई उनले आफ्ना गीतमार्फत वर्णन गरेका छन् । देशमा उत्पन्न व्यापक भ्रष्टाचार, घुसखोरी, ढिलासुस्ती तथा राजनैतिक दलका गतिविधिमा देखिएका अनियमिततालाई उनले आफ्ना रचनामा व्यङ्ग्य को विषय बनाएका छन; आफ्नो स्वर्थ सिद्धिका लागि राष्ट्रिय स्वाभिमान र अखण्डतालाई नै बाजी राख्ने घृणित परिपाटीप्रति चोटिलो व्यङ्ग्य  प्रहार गर्दै समाजिक, आर्थिक र साँस्कृतिक विसङ्गतिप्रति कलात्मक व्यङ्ग्य  पोखी उनी आफ्ना गीतमार्फत त्यस्ता कमजोरीलाई सुधारको निम्ति सन्देश प्रवाह गर्दछन् । आफूलाई नास्तिक मान्ने अधिकारीले धार्मिक कुरीति र कुसँस्कारको चर्को बिरोध गर्दै समाज सुधारको लागि मनुस्मृति जलाउनु पर्ने धारणा व्यक्त गरेका छन् । हिन्दु सँस्कार र परम्परा बिपरित आफ्नो मृत्यु पश्चात् उनले आफ्नो काजकिरिया एवं श्राद्ध नगर्नु भन्ने इचछापत्र जारी गरेका छन् । यसका साथै आफ्नो शब वी.पि. कोइराला स्वास्थ बिज्ञान प्रतिष्ठानलाई अध्ययनको लागि दान गरेका छन् । त्यसकुरामा भोलिका दिनमा परिवारको तर्फबाट कुनै बाधा-अड्चन नआओस् भनेर दान संकल्पपत्रमा परिवारका सदस्य सबैको हस्ताक्षरसमेत गराएका छन् । सहरीया कुटिलता र जटिलताबाट मुक्त भई ग्रामीण र प्राकृतिक सरलता र स्वच्छतालाई माया गर्ने स्वच्छन्दतावाद र मानवतावादलाई मूख्यतः आपना कविता गीतमा व्यक्त गर्ने अधिकारी गरीव र दीन-हीनप्रति सद्भावना व्यक्त गर्ने, उनीहरूको भलो चाहने र आर्थिक असमानतालाई समाप्त पार्नु पर्ने चाहनालाई व्यक्त गर्ने स्वच्छन्दतावादी प्रगतिवादी कविका रूपमा पनि देखिएका छन् । सरल, सुकोमल र लयालु नेपाली भाषाको प्रयोग गरी शृङ्खलित र प्रवाहपूर्णशैलीमा अन्तः प्रेमभाव अनि ठाउँ ठाउमाँ करूणा र उत्साहभावलाई समेत व्यक्त गर्ने कवि क्षेत्रप्रताप अधिकारी कवितात्मक सम्प्रेषणीयतालाई कायम राख्दै नेपाली कविताको स्वच्छन्दतावादी धाराभित्रै रही कविता र गीत रचना गर्ने एक सफल राष्टप्रेमी कवि तथा गीतकार हुन् ।

सरल, सहज, प्रसादमय र स्वभाविक कथ्य स्तरको भाषा प्रयोग गरी गीत रचना गर्ने अधिकारीका प्रायः गीत चौध तथा सोह्र अक्षरको लयविधान अङ्गालेर आठ हरफदेखि पैंतीस हरफसम्मका रहेका छन् । मिश्रित तथा अन्य प्रकारका लोकलयका विशेषताको झल्को दिने उनका रचनामा मूलतः पहाडी भू–भाग, पहाडी सँकृति, पहाडी बनस्पतिबाट टिपिएका अनुप्रासयुक्त भाषको प्रयोगले उच्च सङ्गीतात्मकताको शृङ्गार भएको पाइन्छ । बिम्ब प्रतीकहरू पनि सरल स्वाभाविक र सुबोद्य रहेका छन् । प्रेम, विरह र राष्ट्रियताका अनुभूतिलाई उपयुक्त शिल्प विधानद्वारा सुसज्जित  तूल्याई हृदयगम्यरूपमा अभिव्यञ्जनना गर्ने सामर्थ्ययुक्त उनका गीतमा कवितात्मक अनुभूति र कवितामा गीतिमयता पाइने हुँदा गीतकार तथा कवि व्यक्तित्त्व एक अर्काका पूरक देखिन्छ । विविध विषयको चयन गरी आफ्नो रचनामा प्रकृति चित्रण , राष्ट्रियता , देशप्रेम आदि विषयवस्तुलाई मूल साध्य बनाएर बिम्ब प्रतीकका रूपमा प्रकृतिलाई परम्परीत तथा नवीन ढङ्गले प्रस्तुत गर्नमा निपूर्ण देखिन्छन् ।  हिमाल, पहाड, कुना–कन्दरा, पाखा–पखेरा, खोला–नाला, फूल, प्रभात, सन्ध्या, दिन–रात आदिको आत्मपरक चित्रण आफ्ना रचनामा गर्ने अधिकारी मूलतः राष्ट्रिय, आञ्चलिक, ग्रामीण प्रकृतिको चित्रणमा समसामयिक घटना र परिस्थितिप्रति आक्रोस र व्यङ्ग्य  प्रस्तुत गर्न पछि पर्दैनन् । हाल सक्रिय राजनैतिक जीवनबाट टाढै रहेका अधिकारी केही साथीहरूसँग मिलेर काठमाण्डौं विश्वविद्यालयको सम्बन्धनमा नेपाल कलेज अफ म्यानेजमेन्ट सञ्चालन गरेर बसिरहेका छन् ।  नेपाली गीतिक्षेत्रका एक प्रसिद्ध गीतकार अधिकारी वि. सं. २०१६ देखि हालसम्म अनवरतरूपमा साहित्यिक क्षेत्रमा लागिपरेका छन् । यस क्रममा यसरी विविध विषय र रस रागका गीत रचना गरेर नेपाली गीतिसाहित्यमा महत्त्वपूर्ण योगदान दिने अधिकारीको साहित्यिक व्यक्तित्त्व र उनका गीतको अध्ययन एवं विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

# परिशिष्ट क

गीतकार क्षेत्रप्रताप अधिकारीका हालसम्म प्रकाशित एवं प्रशारित (ध्वनिबद्ध) गीतहरूको तालिका

| क. सं. | गीतको बोल | प्रकाशन संस्था/ कृति /मिति | रेकडिङ संस्था/मिति | गायक | गायिका | सङ्गीतकार | एल्वमहरू |
|---|---|---|---|---|---|---|---|
| १. | जानु भयो देवकोटा | पर्चा (अप्राप्य), २०१६ | - | - | - | - | |
| २. | देशको माया | रहर लागेर, पृ.५ ललितपुरः जगदम्बा प्रेस प्रा. लि., २०२४ | - | - | - | - | |
| ३. | नेपाल मेरो मुटु | ,, पृ.८ | - | - | - | - | |
| ४. | गीत हो एउटै नेपाली | ,, पृ.१६ | - | - | - | - | |
| ५. | फुलवारी | ,, पृ.५३ | - | - | - | - | |
| ६. | एक गीत | ,, पृ.५४ | - | - | - | - | |
| ७ | लालीगुराँस | गामबेसीका गीत, पृ.१-२ काठमाडौँ : साझा प्रकाशन, २०३४ | रेडियो नेपाल, म्युजिक नेपाल | नारायण गोपाल | - | दिव्य खालीङ | लाली-गुराँस, गीति श्रद्धा- ञ्जली भाग-३ |
| ८ | सम्झना गीत | ,, पृ.४-५ | रेडियो नेपाल | प्रेमराजा महत | - | - | |
| ९. | सीप र श्रम | ,, पृ.६ | रेडियो नेपाल | मदन दिपविम र अशोक देवान | - | मदन दिपविम | |
| १०. | मेरो देशः एक शब्द चित्र | पृ.८ | | | उर्मिला श्रेष्ठ र साथीहरू | गणेश रसिक | |
| ११ | एउटा गीत यो राष्ट्रको | ,, पृ.२३-२४ | - | - | - | - | |
| १२ | टाढा को पो हुँदैन र | ,, पृ.३२ | - | - | - | - | |
| १३ | चौतारीमा | ,, पृ.४७ | रेडियो नेपाल | फत्तेमान | - | फत्तेमान | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | राजा भेटिया | | | र भक्तराज आचार्य | | | |
| १४ | बैगुनीको गीत | ,, पृ.४८ | - | - | - | - | |
| १५. | माया भन्नु यस्तै हो की ! (तिमीले त हैन तिम्रा ) | ,, पृ.४९ | रेडियो नेपाल | वच्चु कैलाश | जयन्ती राजभण्डारी | नातिकाजी | |
| १६. | मुरली हो मेरो माया | ,, पृ.५१ | रेडियो नेपाल | - | मीरा राणा | ,, | |
| १७. | अमर माया | ,, पृ.५३ | - | दान प्रसाद गिरी | | राम थापा | |
| १८. | देशको माया गर्न गाह्रो छ | ,, पृ.५५ | रेडियो नेपाल | - | शान्ति थापा र सङ्गीता थापा | भैरव बहादुर | |
| १९. | कसले के के सुनाइदियो | पहाडदेखि पहाडसम्म, पृ.८३ काठमाडौँ : ने.रा.प्र.प्र., २०४१ | - | - | - | - | |
| २०. | तिमी सम्म आइपुग्दा | ,, पृ.८५ | रेडियो नेपाल, म्यूजिक नेपाल | नाराणय गोपाल | - | नारायण गोपाल | लालीगुराँस, गीतीयात्रा भाग-१ |
| २१. | नेपालीको गीत | ,, पृ.८६ | रेडियो नेपाल | - | ज्ञानु राणा, तीर्थकुमारी र साथीहरू | गणेश रत्न | |
| २२. | चिसो चिसो | ,,पृ.८७ | रेडियो नेपाल | - | उर्मिला श्रेष्ठ र साथीहरू | हिरण्य भोजपुरे | |
| २३. | पसिनाको थोपा | ,, पृ.८८ | रेडियो नेपाल | फत्तेमान र साथीहरू | - | नातिकाजी | |
| २४. | हत्केलाको सीप | ,, पृ.८९ | रेडियो नेपाल | - | रचना जि.सि. र साथीहरू | गणेश रत्न | |
| २५. | एउटा वाचा | ,, पृ.९०-९१ | रेडियो नेपाल | - | गंगा राणा र साथीहरू | कृष्णमान | |
| २६. | जीन्दगीमा धेरै | नफुलेका फूलहरू, | म्यूजिक | समकृष्ण | - | चन्दन श्रेष्ठ | आरोह, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कुरा गर्न | पृ.१ काठमाडौं :साझा प्रकाशन, २०५३ | नेपाल | ढकाल | | | आँखा फरफरायो |
| २७. | समर खेल्न शत्रु छैन | ,, पृ.९ | - | - | - | - | |
| २८. | बिसुँभन्दा सम्झना पो बल्झे | ,, पृ.१४ | म्यूजिक नेपाल | किरण प्रधान | - | दिव्य खालिङ्ग | लालीगुराँस |
| २९. | आफ्ना आफ्ना घाउ हुन्थे | ,, पृ.१९ | रेडियो नेपाल | गोपाल योञ्जन र किरण प्रधान | - | गोपाल योञ्जन | |
| ३०. | लामो आयू ज्यूँछु भन्थें | ,, पृ.२४ | रेडियो नेपाल | श्याम गुरुङ्ग | - | भरत लामा | |
| ३१. | कैले यता कैले पिपल पाते | ,, पृ.२९ | म्यूजिक नेपाल | - | जयन्ती राजभण्डारी | शिव शंकर | लालीगुराँस |
| ३२. | कैले कहाँ कसरी हो | ,, पृ.३७ | रेडियो नेपाल | - | यसोदा पराजुली | गणेश पराजुली | |
| ३३. | लाको माया लाइन नभन | ,, पृ.४० | म्यूजिक नेपाल | राजु लामा | सुनिता सुब्बा | मदन दिपविम | आँखा फरफरायो |
| ३४. | यो जुनीमा तिम्रो मेरो | ,, पृ.५९ | - | - | - | - | |
| ३५. | मुटुको विन्दु ठूलो छ | ,, पृ.६४ | - | - | - | - | |
| ३६. | गिरी पवन रसिली | ,, पृ.६५ | - | - | - | - | |
| ३७. | पाखाहरू पर्खिरा'छन् आखाँहरू | ,, पृ.७१ | - | - | - | - | |
| ३८. | हिजो आज मान्छेहरू | ,, पृ.७४ | - | - | - | - | |
| ३९. | बेसारेको बातै रसिलो | ,, पृ.७६ | म्यूजिक नेपाल | शम्भु राई | कुन्ती मोक्तान | मदन दिपविम | आँखा फरफरायो |
| ४०. | आफैंलाई विर्सिएर यो | ,, पृ.८५ | - | रामकृष्ण ढकाल | - | पारस मुकारुङ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मन | | | | | | |
| ४१. | आऊ हिमाली, पाखे, देशी,.. | ,, पृ.९३ | रेडियो नेपाल | गणेश पराजुली | यशोदा पराजुली र साथीहरू | गणेश पराजुली | |
| ४२. | नफुलेको फूल | ,, पृ.१०० | - | - | - | - | |
| ४३. | कैले क्तै तिम्रो गीत | फेरि एउटा परिवर्तन, पृ.११ काठमाडौँ : ने.रा.प्र.प्र, २०५५ | - | - | - | - | |
| ४४. | माटो साभा नभन्दिनू | ,, पृ.१४ | - | - | - | - | |
| ४५. | नयाँ गीतमा लैवरीको | ,, पृ.१९ | - | - | - | - | |
| ४६. | जवानी फुलेर उमेर | ,, पृ.२३ | - | - | - | - | |
| ४७. | अब ढुङ्गो बोल्छु | ,, पृ.४९ | | | | | |
| ४८. | माटो अभै मलिलो छ | ,, पृ.५१ | | | | | |
| ४९ | के के भएन भन्नु | ,, पृ.६६ | - | - | - | - | |
| ५०. | वनेलीमा ला को माया | ,, पृ.७६ | - | - | - | - | |
| ५१. | लिए पछि माया लाग्छ | ,, पृ.७८ | - | - | - | - | |
| ५२. | देशको माया एकै हो | तर देश हारिरहेछ, पृ.९१ काठमाडौँ : अक्षर प्रकाशन, २०५७ | - | - | - | - | |
| ५३. | गोठाला जाँदा लाएको माया | ,, पृ.९२ | म्यूजिक नेपाल | - | कुन्ती मोक्तान | शिलाबहादुर मोक्तान | आँखा फरफरायो |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५४. | तिहार आउन लाग्यो क्यार | ,, पृ.९३ | - | - | - | - | |
| ५५ | आउँछु भन्यौ तिमी आइनौ | ,, पृ.९४ | - | योगेश्वर अमात्य | - | न्यू वज्राचार्य | |
| ५६. | गाउँ फुल्यो गुनकेशरी | ,, पृ.९५ | - | - | - | - | |
| ५७. | मेरो हाँसो भित्र पनि | ,, पृ.९६ | - | - | - | - | |
| ५८. | भूल गरी सानीले | ,, पृ.९७ | ओपल इन्टरनेस्नल | भीम चापागाईं | - | साम्बदेब | शीतको थोपा |
| ५९. | नेपाली रगत नसुके सम्म (झण्डाको गीत) | ,, पृ.९९ | - | रामकृष्ण ढकाल | - | चन्द्रकुमार श्रेष्ठ | नेपाल वन्दना |
| ६०. | यो प्रेमको सुनाखरी | ,, पृ.१०० | - | - | - | - | |
| ६१. | भो भैगो मायालु अब नटोलाऊ | ,, पृ.१०१ | - | - | - | - | |
| ६२. | हिमाल भन्दा अर्का | ,, पृ.१०२ | रेडियो नेपाल | प्रकाश श्रेष्ठ | - | शिव शंकर | |
| ६३. | सोरठीमा खोज मलाई | ,, पृ.१०३ | - | - | - | - | |
| ६४. | झापा झऱ्यो कि/ हराएको माया | ,, पृ.१०४ | ओपल इन्टरनेस्नल - | - | कुन्ती मोक्तान/ सपना श्री | साम्बदेब/ निरमान गुरुङ | शीतको थोपा |
| ६५. | तिम्रो सम्झनाले | ,, पृ.१०६ | म्यूजिक नेपाल | यम बराल | - | शिलाबहादुर मोक्तान | |
| ६६. | त्यसै वगे पानीहरू | ,, पृ.१०७ | - | - | - | - | |
| ६७. | डाडाँ माथि घामको छाँया | ,, पृ.१०८ | - | - | - | - | |
| ६८. | गोदावरी फूल्न छोड्यो | ,, पृ.१०९ | - | - | - | - | |
| ६९. | मनको चरी काँ | ,, पृ.११० | - | - | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उड्यो | | | | | | |
| ७०. | पिरतीको ज्वरो आयो | ,, पृ.१११ | - | - | - | - | |
| ७१. | प्यून पाए कस्तो होला | ,, पृ.११२ | - | - | - | - | |
| ७२. | वारी सुक्यो टारी सुक्यो | ,, पृ.११३ | - | - | - | - | |
| ७३. | नेपाल हाम्रो अझै राम्रो | ,, पृ.११४ | - | - | - | - | |
| ७४. | म एउटा लता हुँ झरेरफूलेको | ,, पृ.११५ | - | - | - | - | |
| ७५. | हिमाल भन्दा हाम्रो | ,, पृ.११६ | - | - | - | - | |
| ७६. | पाखे माया चोखो छ | ,, पृ.११७ | - | - | - | - | |
| ७७. | कोही भन्छन् रक्सी लाग्यो | ,, पृ.११८ | - | - | - | - | |
| ७८. | काली पारि कालो बादल | ,, पृ.११९ | - | - | - | - | |
| ७९. | नबुझिने निर्मोहीको जातै | ,, पृ.१२० | - | - | - | - | |
| ८०. | तिमी राम्री छैनौ तर | ,, पृ.१२१ | - | - | - | - | |
| ८१. | लाउने भए लाउ अमर माया (उडन्ते जुरेली) | ,, पृ.१२२ | - | - | - | - | |
| ८२. | यो पाखोमा पैलो चोटि/ नगरकोट | ,, पृ.१२३ | ओपल इन्टरनेस्नल | धिरज राई | - | साम्बदेब | शीतको थोपा |
| ८३. | तिम्रो दैलो वरिपरी | ,, पृ.१२४ | - | - | - | - | |
| ८४. | शान्ति भनौँ शान्ति हैन | ,, पृ.१२५ | - | - | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८५. | खरवारीको खरै खाएछ | अकविता, पृ.६५ काठमाडौं : अक्षर प्रकाशन, २०५८ | - | - | - | - | |
| ८६. | कोही भए सम्झने हो | ,, पृ.६६ | - | - | - | - | |
| ८७. | वारी अधेरो वरै पारी अधेरो | ,, पृ.६७ | - | - | - | - | |
| ८८. | पर्खिरहें चौतारीमा देवी देउता | ,, पृ.६८ | - | - | - | - | |
| ८९. | कति मीठो हुन्छ होला | ,, पृ.६९ | - | - | - | - | |
| ९०. | मिलीजुली कर्म गरौं | ,, पृ.७० | - | - | - | - | |
| ९१. | आंगनीसम्म आएर पनि/ एकोहोरो माया | ,, पृ.७१ | ओपल इन्टरनेस्नल | - | सपना श्री | साम्बदेब | शीतको थोपा |
| ९२. | भुल्यौ क्यारे खैंजडीमा | ,, पृ.७२ | - | - | - | - | |
| ९३. | फोटो हेर्दा राम्रो तर खोटो | ,, पृ.७३ | - | पुन पन्त | - | नाति काजी | |
| ९४. | सम्झिरहें रातै भरि दुखिरह्यो | ,, पृ.७४ | - | - | - | - | |
| ९५. | धेरै आए धेरै गए मानिसका | ,, पृ.७५ | - | पुजन अधिकारी | - | पुजन अधिकारी | |
| ९६. | आँखा फरफरायो | ,, पृ.७६ | म्यूजिक नेपाल | - | कुन्ती मोक्तान | शिलाबहादुर मोक्तान | आँखा फरफरायो |
| ९७. | गुराँस टिप्न जाँदाखेरि | ,, पृ.७७ | म्यूजिक नेपाल | मनोज सेवा | - | आलोक श्री | |
| ९८. | एक्लो हुँदा च्वास्स कतै चिसो | ,, पृ.७८ | - | - | - | - | |
| ९९. | मेरो बारेमा र तिम्रो बारेमा | ,, पृ.७९ | - | - | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १००. | काफल खाँदा खेरि हो कि | ,, पृ.८० | - | - | - | - | |
| १०१ | पारि पाखा पखेरोमा /हिमको छायाँ | ,, पृ.८१ | - | - | देबिका प्रधान | मनोहरि सिंह | |
| १०२ | शीतको थोपा झर्न थाल्यो | ,, पृ.८२ | ओपल इन्टरनेस्नल | सत्यराज, स्वरूपराज, नवराज | सपना श्री इन्दिरा गुरुङ | साम्बदेब | शीतको थोपा |
| १०३ | रातो पनि हैन रेशम सेतो पनि | ,, पृ.८३ | - | सन्जिब सिंह | - | शक्ति बल्लभ | |
| १०४ | यतै गाउँ उतै गाउँ जतासुकै | ,, पृ.८४ | - | - | - | - | |
| १०५. | ढिँडो भए हुन्छ मलाई | ,, पृ.८५ | - | - | - | - | |
| १०६ | तमसोमा ज्योर्तिगमय | ,, पृ.८६ | - | राजु लामा | - | शक्ति बल्लभ | मायाको रङ्ग |
| १०७. | सहर घुम्ने रहर पुग्यो | ,, पृ.८७ | - | - | - | - | |
| १०८. | यी वेसी विसौनी | ,, पृ.८८ | - | - | - | - | |
| १०९. | चौतारीको वरै ढले छ | ,, पृ.९० | - | शिशिर योगी | - | सुरेश अधिकारी | |
| ११०. | ऐया आमा | युद्धका छायाँहरू, पृ.२० काठमाडौं : अक्षर प्रकाशन, २०६३ | - | - | - | - | |
| १११. | अगजल | ,, पृ.२३ | - | - | - | - | |
| ११२. | समयको खोला जिन्दगी | ,, पृ.३३ | - | इश्वर पोखेल | | शक्ति बल्लभ | |
| ११३. | भरिया | ,, पृ.४२ | | | | | |
| ११४. | के न के | ,, पृ.५८ | - | - | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११५. | मेरो गीतमा | पृ.६९ | | | | | |
| ११६. | बन्द | ,, पृ.७५ | - | - | - | - | |
| ११७. | आगो बाढी पैरो इत्यादि | पृ.८४ | | थुप्तेन भुटिया | | शक्ति बल्लभ | |
| ११८. | सानो देश ठूलो भाग्य | पृ.८५ | | | | | |
| ११९ | देशलाई सन्चो भइरहोस् | ,, पृ.९९ | - | जगदिश समाल | - | चन्द्रकुमार श्रेष्ठ | नेपाल बन्दना |
| १२०. | नेपाल वन्दना | ,, पृ.१०० | - | रामकृष्ण ढकाल | - | चन्द्रकुमार श्रेष्ठ | नेपाल वन्दना |
| १२१. | आउँदै गर है | ,, पृ.१२४ | - | - | - | - | |
| १२२. | डायसपोराको गीत | गोरखापत्र, वर्ष १०८, अङ्क २२८ रेक. | | | | | |
| १२३ | इ-गीत | रेक. | | उदय सोताङ | मनिला सोताङ | साम्बदेब | |
| १२४ | जाँ गए नि भाग्य सँगै | रेक. | | उदय सोताङ | | साम्बदेब | |
| १२५. | जननी र जन्मभूमि | समय साप्ताहिक, वर्ष. ५, अङ्क.५३ रेक. | | | आनी छोइङ | न्हुँ बज्राचार्य | |
| १२६. | को ठूलो | रेक. | | | आनी छोइङ | न्युँ बज्राचार्य | |
| १२७. | देश गाएर मर्छु | रेक. | | थुप्तेन भुटिया | | चन्द्रकुमार श्रेष्ठ | नेपाल वन्दना |
| १२८. | शून्यबाट सुरु गरेको यात्रा | रेक. | रोनाष्ट काठमाडौँ | - | कोइली देवी र साथीहरू | कोइली देवी | |
| १२९. | राष्ट्रिय गीत | गोरखा पत्र, वर्ष ८६, अङ्क २७४, माघ १४ गते रेक. | रेडियो नेपाल | योगेश वैद्य | - | शिव शंकर | |
| १३०. | उस्तै उस्तै पानी | रेक. | रेडियो नेपाल, म्यूजिक नेपाल | भक्तराज आचार्य | - | भक्तराज आचार्य | लालीगुराँस |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३१. | ढुङ्गो भए हुन्छ मलाई | रेक. | रेडियो नेपाल | प्रकाश श्रेष्ठ र फत्तेमान | - | नातिकाजी | |
| १३२.. | तिम्रो हाम्रो मनको दूरी | रेक. | रेडियो नेपाल | दिनेश सुब्बा | उषा किरण अधिकारी | मान सिंह थुलुङ | |
| १३२. | शोक गीत | गोरखापत्र, वर्ष १०५,अङ्क १९९ | - | - | - | - | - |

# परिशिष्ट ख

मितिः– २०६५/७/७

## गीतकार क्षेत्रप्रताप अधिकारीसँग लिइएको लिखित अन्तर्वाता

**स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनार्थ शोधनायक गीतकार क्षेत्रप्रताप अधिकारीसँग शोधार्थी शोभा सवेदीद्वारा लिइएको लिखित अन्तर्वार्ता ।**

**१ गीतकार क्षेत्रप्रताप अधिकारीज्यू यहाँको जन्म स्थान तथा जन्म मिति बताइदिनु हुन्छ कि ?**

– मेरो जन्म गण्डकी अञ्चल, तनहुँ जिल्ला, मिर्लुङ्ग गा.वि.स. (तात्कालिन गा.प.) वडा नं. ४, ज्यामरुक बयापानीमा १९९९ साल चैत्र महिनामा भएको हो ।

**२ तपाईंको बुबा आमाको बारेमा केही कुराको साथै परिवारमा को को हुनुहुन्थ्यो, बताइदिनु हुन्छ कि ?**

– बुबा स्व. गजकेशर अधिकारी नेपाल आर्मीमा सुबेदार हुनुहुन्थ्यो । आमा स्व. जानकीदेबी एक कुशल गृहिणी हुनुहुन्थ्यो घर-व्यवहार, खेति-पाति, बस्तु-भाउ उहाँको दीन-चर्या थियो । एक जना दिदी र एक जना दाजु पछि जन्मेको म घरको कान्छो छोरो हुँ । घरमा प्रायः आमा, फुपू र म मात्र हुने गर्दथ्यौं । बुबा प्रायः ब्यारेकमै बस्ने र छुट्टीको समयमा कहिलेकाहीँ मात्र घर आउने गर्नुहुन्थ्यो, २००९ सालपछि मात्र घर बस्न थाल्नु भो । दाजु पनि नेपाल आर्मीमै भर्ती भएपछि प्रायः ब्यारेकमै बस्न थाल्नु भो । दिदीको सानैमा विवाह भैहाल्यो । फुपू दिदी (बुबाको दिदी ) विवाह पश्चात् माइतै बस्नु भएको थियो र पछि माइतीमै निधन भयो । दजुको परिवार आज पनि गाउँमै छ , जाय-जेथा सगोलमै छन् । दाजु बित्नु भएको १० वर्षजति भयो, भाउजू गाउँमै हुनुहुन्छ बेलाबेलामा फुर्सद मिलाएर म गाउँ गइरहन्छु ।

**३ यहाँको बाल्यकालको कसरी बित्यो, र स्वभाव कस्तो थियो ?**

– म जन्मेहुर्केको समय र वातावरणमा पठनपाठनको माहोल थिएन । भाषा पाठशालामा ठूलो वर्णमाला पढियो । जीवनको एक दर्जन वर्ष गोठालो, खेतालो, घाँसी र घरधन्दामा आमाको सहयोगी भएर बिते । त्यसपछि २०१२ सालतिर गाउँमा प्राथमिक विद्यालय खुल्यो र आधुनिक शिक्षादीक्षा आरम्भ गरियो । प्राथमिक शिक्षा पूरा भएपछि म लाहुरे हुने शोचमा थिएँ । घरको आर्थिक अवस्थाले पनि यस्तै अपेक्षा गरेको थियो । तर सोही विद्यालयका हेडमास्टरले लाहुर जानबाट रोक्नु भयो । आर्थिक अवस्था कमजोर भए पनि दिनमा सानोतिनो काम गरेर रात्रिपाठशालामा पढ्ने सल्लाह दिनु भयो र, म नेपाल अर्थात काठमाण्डौंतिर लागें । मलाई पढ्न प्रेरणा दिने तिनै हेडमास्टर नूरचन्द्र अधिकारी हुन् । मलाई सम्झना छ - म सानैदेखि डोको, नाम्लो, काइँयो, डोरी बुन्थें र आमा, भाउजू र दिदीहरूलाई मेलामा बेच्न पठाउथेँ । एउटा काइँयो तीन आनामा बिक्रि हुन्थ्यो । पर्खाल लगाउथें, ढिकी, हलो, जुवा र जाँतो पनि बनउँथें । उखु तथा तोरी पेल्ने कोल बनाउन सघाउथेँ । लोकगीत गाउँथें, रोदीमा नाच्थें । विवाह उत्सवमा रामायणका श्लोक भन्थें । पाठशालाले प्रदर्शन गर्ने नाटकहरूमा विभिन्न पात्रको रूपमा प्रस्तुत हुन्थें, जे देख्यो त्यो गरीहाल्नु पर्थ्यो । आज यस्तो लाग्छ - म सानैदेखि केही रचनात्मक स्वभावको व्यक्ति रहेछु, जिज्ञासु स्वभावको रहेछु ।

**४ बाल्य अवस्थामा यहाँको पारिवारिक आर्थिक अवस्था कस्तो थियो ?**

— निम्नमध्यमवर्गीय कृषक परिवार, घरको आर्थिक अवस्था कमजोर नै थियो । ४० रोपनी जग्गा भए पनि पाखो-पखेरो धेरै । २० मुरी धान र २० मुरीजति कोदो-मकै फल्ने हुँदा खान त पुग्थ्यो तर लत्ता-कपडा र अन्य खर्चको लागि नपुग्ने हुँदा दुःखै थियो । २००९ सालमा बुबाको पेन्सन वार्षिक ३६० रुपैंया आउँदा केही राहत मिल्थ्यो ।

**५ तपाईंको विवाह कोसँग कहिले भयो र दाम्पत्य जीवन कस्तो थियो ?**

– शान्ता र मेरो प्रेमविवाह २०२३ सालमा भएको थियो । हाम्रो दाम्पत्य जीवन सफल थियो । हामी दुबैको पसिनाले काठमाडौंमा घर बनाइयो । छोराहरू पढाइयो । सानो र सुखी परिवार थियो हाम्रो ।

**६ यहाँको श्रीमतीको स्वभाव कस्तो थियो र उहाँको निधन कहिले, कसरी भयो ?**

– शान्ताको स्वभाव अर्न्तमुखी थियो । २०५१ सालदेखि मानसिक सन्तुलनमा केही तलमाथि भएजस्तो लाग्यो । देश विदेशमा उपचार गरियो । उनको आफ्नै कर्मथलो सैनिक अस्पतालले पनि सकेसम्म गऱ्यो । तर यो रोगले लखेट्न थालेपछि मारेरै छाड्दो रहेछ । अन्ततगात्त्वा २०६२ भाद्र १२ गते मलाई एक्लो छोडेर आत्महत्या गरिन् ।

**७ हाल तपाईका छोरा-बुहारीहरू कहाँ, के गर्दै हुनुहुन्छ ?**

– मेरो जेठो छोरा अजर अधिकारीले भौगोलिक सूचना प्रणाली अध्ययन गरेपछि केही वर्ष प्यासिफिक सर्वे कंपनीमा कम्प्यूटर म्यापिङ इन्जीनियरको रूपमा काम गरे र हाल यसै सम्बन्धी जापानमा आफ्नै सानो व्यवसाय थालेका छन् । जापानी पत्रकारसँग विवाह गरेर बसेको अजरको सन्तान भने भएका छैनन् । कान्छो छोरा अमन अधिकारीले T.U. बाट सोसोलोजीमा M.A. सकेर हाल स्कटल्यान्डमा ब्रोडकाष्टिङ्ग सम्बन्धी अध्ययन पनि पूरा गरी त्यतै काम गर्न थालेका छन् । उनको भने श्रीमती र छोराछोरी यहीं नेपालमै स्वयंभू क्षेत्रमा बसोबास गर्दै आएका छन् ।

**८ दुबै छोराहरू विदेशमा आपू एक्लै यहाँ कस्तो लाग्छ ?**

– अबको संसार त एउटा सानो गाउँजस्तो लाग्न थालेको छ । के फरक पर्छ र ! छोराहरू जापान र बेलायतमा छन् । म नेपालमा छु । दिनदिनै कुराकानी हुन्छन् । आउने जाने गर्छन् । प्रगति गरेका छन् । रमाएका छन् । यो रमाइलोमा म पनि खुसी छु । परेवाहरू चारो खोज्न टाढाटाढा जान्छन् । तर बेलुका आफ्नै गुँडमा फर्किन्छन् । मेरा छोराले पनि यसै गरे हुन्थ्यो भैं लाग्छ ।

**९ दोस्रो विवाहको बारेमा तपाईं के भन्नुहुन्छ ? यहाँको पनि दोस्रो विवाहको चर्चा सुनिन्छ के यो साँचो हो ?**

– स्वस्नी मरेपछि विधुरविवाहको चर्चा हुन्छ । लोग्ने मरेपछि विधवाविवाहको हल्ला कमै हुन्छ । यो हाम्रो रुढिवादी सोच हो । यस्तो सोच राख्ने विधुरहरू “बुढेसकालको सहारा” भनेर बिहे गर्छन् । तर आफू घुत्रुक्क भएपछि त्यो सहाराको सहारा को नि ? यस्तो सोच बोकेको मलाई मेरा साथीभाई, इष्टमित्र कसैले पनि विवाहको ‘ब’ पनि उच्चारण गरेका छैनन् ।

**१० हाल यहाँ कोसँग बस्दै आउनु भएको छ ?**

— दाइकी छोरी सुमित्रा मसँगै बस्दै आएकी छिन् । शान्ता बिरामी भएदेखि नै उनी प्रायः यहीं थिइन् र शान्ताको निधन पश्चात् मेरो रेख-देख गर्ने उनै छिन् ।

**११ आफ्नो रूचि क्षेत्रको बारेमा प्रकास पारिदिनु हुन्छ कि ?**

— देश र देशवासीको भलो हुने सबै कुरामा मेरो रूचि छ । मेरा अधिकाशं गीत र कविता यसै भन्छन् हैन र ?

**१२ भ्रमण गर्न कत्तिको मन पर्छ ? भ्रमणको सिलसिलामा तपाईंले कुन कुन देशको भ्रमण गर्नु भएको छ ?**

– भ्रमण गर्न र नयाँ नयाँ मेलाहरू भर्न सबैलाई जस्तै मलाई पनि मनपर्थ्यो । तर आफ्नो खर्चमा यो सम्भव थिएन । काम-काजको सिलसिलामा स्वदेशी थुप्रै जिल्ला र विदेशी निकै देश घुमेको छु । एसियाका जापान, भारत, साउदी अरब र दुबही लगायत प्रायः सबै देश र युरेपेली मुलुकहरूमध्ये इटली र फ्रान्सको भ्रमण गरेको छु ।

**१३. विदेश बसाइको क्रममा सबैभन्दा बढि कुन देशमा बस्नु भयो ?**

— विदेश बसाइको क्रममा सबैभन्दा बढि जापान र भारत बसेको छु ।

**१४ यहाँको लेखन कार्यको सुरुवात कहाँबाट र कसरी भयो ?**

— म गाउँघरमा लोकगीत गाउँथें । रोदी र सोरठी नाच्थें । बयापानी भञ्ज्याङबाट हिमाल हेरेर हाँस्थें । मेरो लेखन कार्यको क्यानभास यही हो ।

**१५ आफ्नो लेखनको प्रेरणाको स्रोत कसलाई मान्नुहुन्छ ?**

– मेरो लेखनको प्रेरणाको मूख्य स्रोत लोकसँस्कृति नै हो भन्ने मलाई लाग्छ । पढ्दै र लेख्दै जाँदा भूपि र माधव घिमिरेले मलाई छोएका छन् । यो हाम्रो भौगोलिक समिप्य, क्षेत्रीय स्वाद र सुगन्ध पनि हुन सक्छ ।

**१६ हालसम्म यहाँले प्राप्त गर्नु भएका पदक, सम्मान एवं मानार्थ पद्वीबारेमा केही बताइदिनुहुन्छ कि ?**

– म कहिल्यै पनि पदकहरूको पछाडि लागिन र गोदवा सोदवा पनि पाइन । मानको खातिर मानजस्ता सम्मानको मजेत्रो पनि ओढिन । २०२४ सालमा देशव्यापी कविता प्रतियोगितामा मेरो कविता ‘कर्तव्य र अधिकार’ ले तृतीय स्थान हासिल गर्दा स्व. महेन्द्रबाट नगद पुरस्कार रु.५००/- र प्रमाणपत्र पाएको थिएँ । यो नै जीवनको पहिलो पुरस्कार थियो । त्यस पछि पाएकोमा मनपरेका पुरस्कार हुन् - **साझा र छिन्नलता** । २०५३ सालमा ‘नफुलेका फूलहरू’ को लागि **साझा** र २०५३ सालमै **छिन्नलता गीतिपुरस्कार** पाएको थिएं भने २०५६ सालमा Hits F.M. music award मा **सर्वश्रेष्ठ गीतकार**को पुरस्कार पनि पाएको थिएँ ।

**१७ यहाँको गीत लेखन र प्रकाशनको थालनी कहिले र कसरी हुन पुग्यो ?**

— लोकगीत संकलन र गायनपछि मौलिक गीत कविता लेख्न थालेको २०१६ सालदेखि हो । यो सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको निधन भएको थियो । “जानु भयो देवकोटा कवि, नेपालीलाई टुहुरो पारेर” यो बोलको गीत लेखेर कविशिरोमणि लेखनाथ पौडेललाई देखाएँ । उहाँले केही सच्याई दिनु भयो । यो गीत झ्याउरे लयमा गाएर बेचेको थिएँ । हाल त्यसको शीर्षक बाहेक अरु कुनै पनि अंश

याद छैन । २०२४ सालमा "रहर लागेर" मेरो गीत कविताको सानो संग्रह प्रकाशित भयो ।

**१८ यहाँले अनुवाद विधामासमेत कलम चलाउनु भएको रहेछ, हालसम्म के कति रचनाको अनुवाद गर्नु भएको छ, त्यस बारे केही बताइदिनुहुन्छ कि ?**

— मैले विशेष गरी जापानी भाषाका उपन्यास, कथा, पविता, तान्का र हाइकुहरूको नेपाली अनुवाद गरेको छु । यही क्रममा २०२७-२०२८ सालमा जापानी भोलेन्टियरलाई पढाउने जागीर पाई जापान गएकाबखत जापानी टोयोटा फाउण्डेसन र हिमाली पुस्तकालयको सहयोगमा जापानी उपन्यासकार यासुनारी कावाजाताद्वारा लेखिएको र २०२६ सालमा नोबेल पुरस्कार प्राप्त गर्न सफल उपन्यास "हिमदेश" को नेपाली अनुवाद गरें । यसका साथै २०४६ सालको राजनैतिक परिवर्तन पश्चात २०४७ मा अनुवाद प्रोजेक्ट अन्तर्गत २ बर्ष जापान बसेका बेला जापानी उपन्यास "सानो बाबु", कथाकार मियाजावा केन्जीको कथा सङ्ग्रह "आकाश गंगा यात्रा", कथाकार तामियोका तेइकाको कथा सङ्ग्रह "भीरमुखा", एक सय जापानी कविका दुईसय कविताको सङ्ग्रह "हिमजून फूल", "केन्जीका कविता", जापानी समकालीन आधुनिक कविता सङ्ग्रह "जापानी नवरत्न" र "अलौकिक बालकथा" कथा सङ्ग्रहको नेपाली अनुवाद गरें । अनुवादकै क्रममा प्रसिद्ध पाकिस्तानी उपन्यासकार शाहिदुल्ला कैसरको वङ्गाली उपन्यास "माझीकी स्वास्नी" को अङ्ग्रेजी सँस्करणको नेपाली अनुवाद पनि गरें ।

**१९ हालसम्म तपाईंको पुस्तकाकार कृति र फुटकर रचनाहरू के कति प्रकाशित भएका छन् ? विशेषतः गीतिक्षेत्रका लेख रचनाहरू ।**

— पहिलो "रहर लागेर" देखि "युद्धका छायाँ" सम्म आइपुग्दा नौ वटा गीत कविता सङ्ग्रह प्रकाशित भएका छन् । थुप्रै गीतहरू रेकर्ड भए । अझै पनि भैरहेका छन् । फुटकर गीत र गजल कति लेखियो र कति गाइए त्यसको हिसाब किताब मसँग छैन । अझै पनि लेख्दैछु ।

**२० यहाँका साहित्यक्षेत्र बाहेकका कुनै लेख रचनाहरू पनि प्रकाशित भएका छन् कि ?**

— ऐतिहासिक–राजनैतिक विषयलाई लिएर नेपालको एकिकरणदेखि २०४६ सालसम्मको राजनैतिक–ऐतिहासिक गतिविधिलाई समेटेरे नोभेम्बर, १९८७ मा लेखेको पुस्तक हो "**From Gorkha To SAARC**" । त्यसैगरी २०५२ सालमा जापानी प्रोफेसरको सहयोगमा जापानको सरकारी फाउण्डेसनको प्रायोजनमा **जापानी साहित्यको इतिहास** पनि नेपाली भाषामा लेखेको छु । यसका अतिरिक्त २०४६ सालतिर देखा परेका नेपाल–भारत विवाद जस्ता समसामयिक घटनालाई लिएर जापानी भाषामा पनि मेरा प्रशस्त लेखहरू प्रकाशित भएका थिए ।

**२१ यहाँलाई मन परेको आफ्नो रचना कुन हो ?**

— आफ्ना प्यारा लालाबाला सबै राम्रो लाग्छ ।

**२२ तपाईंको जीवनको अविस्मरणीय दुःखका क्षण र सुखका अनुभूतिहरू बारे बताइदिनुहोस न ।**

— शान्ता महत (अधिकारी) सित २०२३ सालमा विवाह भएपछि जीवनको नयाँ अध्याय प्रारम्भ भयो । यो अध्यायमा मेरा प्रगति र सुखका अनुभूतिहरू छन् । यो नै मेरो जीवनको उत्कृष्ट कालखण्ड हो । २०६२ सालमा शान्ताले मलाई छोडेर गइन् । यो नै मेरो लागि निकृष्ट दुःखद क्षण हो ।

**२३ श्रीमतीको निधनले यति ठूलो चोट पुग्न गएको छ यहाँलाई, यसले यहाँको लेखनकार्यमा कस्तो प्रभाव पारेको छ, के परिवर्तन ल्याएको छ, केही बताइदिनुहुन्छ कि ?**

— "म त लालीगुराँस भएछु" हो म लालीगुराँस हुँ । फरक यत्ति छ कि अहिले म भीरमा फुलेको छु । तर पनि रातै फुलेको छु । यो पीडादेखि विच्चलित भएर फुल्न छाडेको छैन । यो पिडा, यो बेदना पोख्ने क्रममा गजलको शैलीले छोयो मलाई । हुन त म गजल विशेषज्ञ त हैन, गजलको नियम, सिद्धान्त र परिधि पनि जान्दिन ।

त्यसैले आफ्ना रचनालाई अगजल भन्ने गरेको छु । गजलको नियम र सिद्धान्त मिले पनि ठिकै छ नमिले पनि ठिकै ।

**२४ गीत र कविताको बारेमा यहाँको धारणा राखिदिनु हुन्छ कि ?**

– सरल, सुललित र लयात्मक पद्यरचना हो गीत । संवेदनशील अनुभूतिलाई कलात्मक शैलीले सजाएर विभिन्न छन्द वा गद्यमार्फत सम्प्रेषित अभिव्यक्ति हो कविता ।

**२५ तपाईंको विचारमा जीवन के हो ?**

— जीवन जन्म हो । जीवन प्रणय हो । जीवन मृत्यु हो ।

**२६ लेख रचनामा तपाई कुन वर्गको प्रतिनिधित्व गर्नुहुन्छ ?**

– मेरो रचनामा सुनभन्दा नुन ज्यादा पाइन्छ भन्छन् पाठकहरू । नुनलाई महत्व दिने लेखकले कुन वर्गको प्रतिनिधित्व गर्ला ?

**२७ प्रकृति र प्रेम सम्बन्धी तपाईंको धारणा के छ ?**

– प्रकृति सारै रहस्यपूर्ण लाग्छ । यो रहस्यलाई म ईस्वर भन्छु । जीवनको तीन सौन्दर्यचेतना (जन्म, प्रेम र मृत्यु) मध्ये प्रेम सर्वोत्कृष्ट अवयव लाग्छ मलाई ।

**२८ विशेष गरी तपाई कुन समयमा लेख्न मन पराउनु हुन्छ र कस्तो वातावरण चाहनु हुन्छ ?**

— म प्रायः बेलुकापख लेख्छु । लेख्ने बेला चुरोट बढि पिउँछु । टेन्सनमुक्तक्षणमा मात्र सुन्दर सिर्जना हुने मेरो अनुभव छ ।

**२९ यहाँका गीतका आधार विषयवस्तु र अनुभूति बारे केही बताइदिनुहुन्छ कि ?**

— मेरो गीतको आधार माटो हो । गामबेसी र बस्तीको सेरोफेरो मेरो गीतको विषय हो । मेरो गीतको पृष्ठभूमि लोकसँस्कृति हो ।

**३० तपाईंलाई मन पर्ने गीतकारहरू को को हुन् ?**

— सबै गीतकारका गीतमा कुनै न कुनै पक्ष राम्रो भैहाल्छ । पाठक वा श्रोताले त्यो पक्ष पहिल्याउन सक्यो भने सबै गीतकार मनपर्ने हुन्छन् ।

**३१ हाल प्रचलित गीत-सङ्गीतको बारेमा यहाँ के भन्नु हुन्छ ?**

— अचेल विश्वबजारमा प्रचलित शैलीहरूबाट हाम्रो गीत सङ्गीत पनि प्रभावित भएको छ । नयाँ प्रविधिले सङ्गीतलाई सुन्दर बनाएको छ । तर यो सुन्दर सागरमा हाम्रो मौलिकता बग्ने खतरा पनि छ । अतः गीत सङ्गीतमा देखापरेका नैलो प्रविधिलाई हाम्रो मौलिक भावना, सोच र शैलीमा उचाई थप्ने साधनको रूपमा प्रयोग गर्नुपर्छ । रिमिक्सले सिर्जनशीलतामा ह्रास आएको छ । नयाँ पुराना सबै गीतकार, सङ्गीतकार तथा गायक र श्रोताले ध्यान दिनु पर्ने कुरा हुन् यी । वर्तमान परिप्रेक्षमा नेपाली गीतको धारणा, नेपाली आधुनिक गीतको स्तर खस्केको छ । गीतिक्षेत्रको विकास हुँदा हुँदै पनि शब्द चयन खस्कँदो छ । जनताको लगानी र चासो बढ्दो छ तर कालजयी गीत कम छन् । रिमिक्स ज्यादा र बाहिरी प्रभाव बढ्दो छ । हाम्रो मौलिक छालाको बाजा मेटालिक भएको छ । रिमिक्सले originality टाढा हुँदैछ ।

**३२ चलचित्र क्षेत्रमा तपाईंको गीत भेटिएन त्यसो हुनाको कारण के होला ?**

चलचित्र क्षेत्रको लागि गीत लेख्दा एउटा सीमामा बाँधिएर कथा वस्तुले मागे अनुरूप लेख्नुपर्छ; जुन कुरा गर्न म सक्दिन । त्यहाँ शब्दले न्याय पाउँदैन, गीतको मौलिकता हुँदैन, त्यसैले मेरा गीतहरू चलचित्र क्षेत्रमा प्रयोग भएनन् ।

**३३ तपाईंको विचारमा नेपालमा गीतकारको अवस्था कस्तो छ ? आजको स्थितिमा गीत रचेर नै जीविका चलाउन सकिन्छ ?**

– नेपालमा गीत लेखन व्यवसाय हुन सकेको छैन । मेरो त एउटा हबी मात्र हो । चलचित्रमा गीत लेख्ने स्रष्टाले केही कमाए कि कुन्नि ! मलाई थाहा छैन ।

**३४ रचनाको प्रतिलिपी अधिकारको बारेमा आफ्नो धारणा राखिदिनुहुन्छ कि ?**

— हाम्रो देशमा नियम कानूनको अभावभन्दा पनि दण्डहिनताको कारणले अपराधहरू बढेका छन् । copyright सम्बन्धी व्यवस्था भए पनि गीत सङ्गीतको piracy बढ्दो छ ।

**३५ यहाँलाई गीतकारको भन्दा गायक तथा सङ्गीतकारको नाम धेरै चल्दा कस्तो लाग्छ ?**

— हो, मिडीयामा गायकको नाम धेरै सुनिन्छ । सङ्गीतकार र गीतकारको नाम ज्यादै कम वा उच्चारण नै गरिन्न । यस्तो हुनु अन्याय हो ।

**३६ हाल तपाईं कुन काममा र कहाँ व्यस्त हुनुहुन्छ ? कुनै कृति प्रकाशनको तयारीमा हुनुहुन्छ कि ?**

— केही वर्षदेखि साथीहरूसँग मिलेर काठमाडौं विश्वविद्यालयको सम्बन्धनमा नेपाल कलेज अफ म्यानेजमेन्ट संचालन गरिरहेको छु । यस कलेजको Founder chairperson म आफै छु । यो एउटा ट्रष्ट हो । गुरुकुल शिक्षा प्रतिष्ठानद्वारा सञ्चालित यो कसैको निजी सम्पत्ति होइन, देशको हो, समाजको हो । यही कलेजमा बि.बि.ए. अध्यापनको व्यवस्था मिलाउने कर्ममा केही समय दिन्छु । बचेखुचेको समय लेखपढमा बित्छ । २०६३ सालमा युद्धका छायाँहरू प्रकाशित भयो । हालसालै हाइकु र हाइजिन छापिएको छ । अब २०६४-६५ सालमा लेखिएका विविध रचनाहरूको सङ्कलन निकाल्ने सोचमा छु ।

**३७ पछिल्ला दिनमा यहाँका रचनाहरू विशेष गरी कुन धारमा केन्द्रित रहेका छन् ?**

— म देश लेखिरहेछु ।

**३८ तपाईंको स्वस्थ्य समस्या केही छ कि ?**

— दमको रोग छ । यसैले दुःख दिइरहेको छ । अरु त खासै त्यस्तो कुनै समस्या छैन तर दम भएपछि बिस्तरै बिस्तारै ...... ।

**३९ यहाँले लेख्ने बेला चुरोट ज्यदा पिउँछु भन्नु भयो, कहिलेदेखि चुरोट पिउन थाल्नु भयो ?**

— चुरोट खानथालेको आमाको गर्भैदेखि । आमा heavy smoker, चुरोट र तमाखुअति नै खाने । त्यस्तो आमाको छोरा म, गर्भैदेखि त खाएँ होला नि ! हैन र ? सानो छँदा आमाले सल्का-सल्का भन्नुहुन्थ्यो । सल्काएको भारा नलागोस भन्ने उहाँको मानसिकता रहेछ त्यसैले दुई-चार सर्को तान्न लगाउनुहुन्थ्यो । त्यही सल्का-सल्का र दुई-चार सर्को तान्न लगाउँदा कहिलेदेखि लत बस्यो थाहै भएन । आज चुरोट छोड्नु मर्नु बराबर भैसक्यो । गर्भैदेखि खाएको चुरोट कसरी त्यागुँ ? थाह छ, दमको लागि चुरोट विष बराबर, तर पनि सक्दिन छोड्न, मृत्युदेखि को डराएको छ र ?

४० **तपाईं धर्मको बारेमा के भन्नु हुन्छ ?**

— म आस्तिक हैन नास्तिक मान्छे, मनुस्मृति जलाउनुकपर्छ भन्ने मान्छे । तर म एक्लैले कोठामा जलाएर मात्र के हुन्छ र यहाँ ? सामुहिक रूपमा गौंडा-गौंडामा जलाउनु पर्छ । मैले त म मरेपछि मेरा छोराछोरीलाई मेरो काज-क्रिया र श्राद्धसमेत नगर्नु भनिसकेको छु । मृत्यु पश्चात् वी.पी. स्वास्थ विज्ञान प्रतिष्ठानलाई मेरो आफ्नो शरीरदान गरिसकेको छु । मेरो यस निर्णयप्रति परिवारका सबै सदस्यले सहमतिसमेत जनाइसकेका छन् । २०६५ साल जेठ १३ गते मेरो शवदानको अनुरोध स्वीकार गर्दै प्रतिष्ठानले पठाएको धन्यवादपत्र र सम्झौतापत्र सधैं मेरो साथैमा रहेको हुन्छ , के थाह कुन पलमा के हुन्छ । मरेपछि जलाएर खरानी पारिने शरीर प्रयोगात्मक अध्ययनका लागि दिन पाउँदा म अत्यन्तै खुसी छु । मृत शरीरलाई खरानी पारेर त्यसै नष्ट पार्नुभन्दा विद्यार्थीहरूले एउटा किताबको रूपमा प्रयोग गर्न सकुन् भन्ने मेरो चाहना आज पुरा भएको छ । त्यसैले पनि म वी.पी. स्वास्थ विज्ञान प्रतिष्ठानप्रति आभारी छु ।

..................................

क्षेत्रप्रताप अधिकारी

बत्तीसपुतली, काठमाण्डौं

## सन्दर्भग्रन्थ

### नेपाली पुस्तकहरू


अधिकारी, क्षेत्रप्रताप. **रहर लागेर**. ललितपुर : जगदम्बा प्रेस प्रा.लि., २०२४ ।

__________________ . **गामबेसीका गीत**. काठमाण्डौं : साझा प्रकाशन, २०३४ ।

__________________ . **पहाडदेखि पहाडसम्म**. काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४१ ।

__________________ . **फ्रम गोर्खा टु सार्क**. काठमाडौँ: साझा प्रकाशन, २०४४ ।

__________________ . **नफुलेका फूलहरु**. काठमाण्डौं : साझा प्रकाशन, २०५३ ।

__________________ . **फेरि एउटा परिवर्तन**. काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

__________________ . **तर देश हारिरहेछ**. काठमाण्डौं : अक्षर प्रकाशन, २०५७ ।

__________________ . **अकविता**. काठमाडौ : अक्षर प्रकाशन, २०५८ ।

__________________ . **युद्धका छायाँहरु**. काठमाडौ : अक्षर प्रकाशन, २०६३ ।

__________________ . **हाइकु र हाइजिन**. काठमाडौँ: अक्षर प्रकाशन, २०६४ ।

कावाजाता, यासुनारी. **हिमदेश**. (क्षेत्रप्रताप अधिकारी, अनु.) काठमाडौँ : साझा प्रकाशन, २०४५ ।

जोशी, कुमार बहादुर. **कविता चर्चा**. काठमाडौँ : साझा प्रकाशन, २०४० ।

केन्जी, मियाजावा . **केन्जीका कविता**. (क्षेत्रप्रताप अधिकारी, अनु.) काठमाण्डौं : एपोलो अफसेट प्रेस प्रा. लि. १९९६ ।

______________ . **आकाश गङ्गा यात्रा**. (क्षेत्रप्रताप अधिकारी, अनु.), काठमाडौं, अक्षर प्रकाशन, २०४९ ।

कैशर, शाहिदुल्ला . **माझीकी स्वास्नी**. (क्षेत्रप्रताप अधिकारी, अनु.) काठमाडौं, साझा प्रकाशन, २०२६ ।

तेइको, तोमिओका . **भीरमुखा.** (क्षेत्रप्रताप अधिकारी, अनु.) जापान : हिमाली पुस्तकालय २०५१ ।

______________ . **हिम जुन फूल.** (क्षेत्रप्रताप अधिकारी, अनु.) जापानी हिमाली पुस्तकालय, २०५१ ।

बराल, कृष्णहरि . **गीत सिद्धान्त र इतिहास.** काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

मिकिरो, सासाकी . **जापानी नवरत्न.** (क्षेत्रप्रताप अधिकारी, अनु.) काठमाण्डौं : अक्षर प्रकाशन, २०४९ ।

'यात्री' बासु रिमाल *छिन्नलता गीत पुरस्कार २०५३ बाट सम्मानित प्रतिभाहरूको सामान्य परिचय.* **छिन्नलता स्मृति ग्रन्थ** काठमाण्डौं: छिन्नलता गीत पुरस्कार गुठी, २०६१ ।

लुइटेल, खगेन्द्र . **आधुनिक नेपाली समालोचना**. काठमाण्डौं : ने.रा.प्र.प्र., २०५७ ।

______________ . **कविता सिद्धान्त र नेपाली कविताको इतिहास.** काठमाण्डौं ने.रा. प्र. प्र.,२०६० ।

______________ . **कविताको संरचनात्मक विश्लेषण**, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

______________ . *पुराना पिंढीका नयाँ कवि हरिभक्त बुढाथोकीको सिर्जनधर्मिता, हरिभक्त बुढाथोकी,* **हाम्रो देश हाम्रै भविष्य**, काठमाण्डौं : विराज बुढाथोकी, २०६२ ।.

शर्मा मोहनराज . **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**. काठमाण्डौं ने.रा.प्र.प्र., २०५५ ।

## पत्रपत्रिकाहरू


अधिकारी, क्षेत्रप्रताप. *दुःखका दिनः सम्वत दुई हजार चौध साल,* **मधुपर्क**, वर्ष ७, अङ्क १, (२०३१ जेष्ठ) पृ. १११-११२ ।

_______________ . *बिर्सिएको बाटो,* **गोरखापत्र**., वर्ष ७४, अङ्क १५२ (२०३१ असोज १९ गते) पृ.५ ।

_______________ . *बिर्सनै नसकिने* **मधुपर्क**, वर्ष ७, अङ्क ६, २०३१, ( कार्तिक), पृ. ५२ ।

_______________ . *मेरो दुःखका दिन* **मधुपर्क**, वर्ष ७, अङ्क १०, (२०३१ फागुन), पृ.४३ ।

_______________ .*काठमाडौं-पोखरा-काठमाडौं,* **गोरखापत्र**.,वर्ष ४, अङ्क ३०२, (२०३१ फागुन २४), पृ.५ ।

_______________ . *शोक गीत,* **गोरखापत्र**.,वर्ष १०५, अङ्क १९९

_______________ . *डायसपोराको गीत,* **गोरखापत्र**.,वर्ष १०८, अङ्क २२८,

_______________ . *जननी,* **समय** साप्ताहिक, (२०६५, असार ५), पृ. ५३ ।

कार्की, छत्र . . *पूरा भयो धोको,* **समय** साप्ताहिक, (२०६५, असोज ९), पृ. १० ।

चापागाई, नरेन्द्र . *गामवेसीका गीत एक दृष्टि,* **मधुपर्क,** वर्ष १६, अङ्क १२ (२०४१) ।

_______________ .*पहाडदेखि पहाडसम्मका कविताहरूको प्रतिकृति,* **गरिमा**, वर्ष ३, अङ्क ४, (२०४१) ।


## शोधपत्रहरू


लुइटेल, खगेन्द्रप्रसाद . *क्षेत्रप्रताप अधिकारीका काव्यप्रवृत्ति.* अप्रकाशित **शोधपत्र** स्नातकोत्तर, त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०४६ ।

अधिकारी, गोविन्दप्रसाद. *नेपाली साहित्यमा तनहुँ जिल्लाको योगदान,* अप्रकाशित

**शोधपत्र**, त्रि.वि. नेपाली स्नातकोत्तर, २०३५-२०३८ ।

धिताल, सुधा . *गोपाल योञ्जनको जीवनी, व्यक्तित्व र कृतित्व,* अप्रकाशित **शोधपत्र**, त्रि. वि. नेपाली स्नातकोत्तर , २०५९ ।

तिमिल्सिना, हरिहर . *केही छाल केही तरङ्गहरू: गीत-सङ्ग्रह,* अप्रकाशित **सिर्जनात्मक लेखन**, त्रि. वि. नेपाली स्नातकोत्तर , २०५८ ।